# आवधिक विकास योजना

## आ. व. २०८२/८३- २०८७/८८

**अन्तिम प्रतिवेदन**

# छत्रदेव गाउँपालिका

गाउँपालिकाको कार्यालय

# आवधिक विकास योजना

## आ. व. २०८२/८३- २०८७/८८

# छत्रदेव गाउँपालिका

गाउँपालिकाको कार्यालय

**छत्रदेव गाउँपालिका: आवधिक योजना (आ. व. २०८२/८३-८७/८८)**

प्रकाशक		छत्रदेव गाउँपालिका
		गाउँ कार्यपालिकाको कार्यालय

**प्राविधिक सहयोग**
**सर्वाधिकार**		प्रकाशकमा
**प्रकाशन वर्ष**		२०८३

प्राक्कथन

छत्रदेव गाउँपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना तर्जुमा सफलतापूर्वक सम्पन्न गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित भएको छु । आवधिक योजनाले आगामी ५ वर्षका लागि मार्गनिर्देश गरेको छ । त्यसैका आधारमा योजनाहरू प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुँदै जाने प्रतिवद्धता यस गाउँपालिकाको रहेको छ । आर्थिक वर्ष २०८३-८४ देखि २०८७-८८ सम्मका लागि तर्जुमा भएको यस आवधिक योजनाले दीर्घकालीन सोच "**छत्रदेवको शानः सुन्दर, शान्त र समृद्ध गाउँपालिका हाम्रो अभियान।"** निर्धारण गरेको छ र आगामी ५ वर्षका लागि मूल लक्ष्य "**नीजि क्षेत्रसँगको सहकार्यमा व्यावसायिक कृषि तथा पशुपालनको आधारशिला तयार भई उद्यमशीलता उन्मुख ग्रामिण अर्थतन्त्रको जग बसेको हुने** ।" तर्जुमा गरिएको छ । गाउँपालिकाको दीर्घकालीन सोच एवं समष्टिगत लक्ष्य हासिलका लागि सम्बन्धित सबै पक्षहरूको हातेमालो अपरिहार्य हुनेछ । यस महान कार्यमा राजनीतिक दल, विकास साझेदार, गैसस, निजीक्षेत्र, सरोकारवाला सङ्घ संस्था एवं सरकारी निकायहरूको भूमिका उल्लेखनीय हुनेछ भने छत्रदेववासीहरूको सहयोग, सदभाव अनिवार्य सर्तको रूपमा रहने छ । गाउँपालिकाले अङ्गिकार गरेको यस महान्‌ कार्यमा सबै पक्षहरूको रचनात्मक सहयोग हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीय तहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका कार्यक्षेत्रहरू, सोह्रौं राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य एवं राष्ट्रिय लक्ष्यहरू लगायतलाई आधार मानी यो आवधिक योजना तर्जुमा गरिएको छ । मूलतः राष्ट्रिय योजना आयोगबाट स्थानीय तहका लागि जारी भएको योजना तर्जुमा दिग्दर्शन, २०७८ लाई आधार मानिएको छ र त्यसमा निर्दिष्ट योजना तर्जुमा प्रक्रियालाई अवलम्बन गरी यो योजना तर्जुमा गरिएको छ । समावेशी एवं सहभागितामूलक विधिबाट तर्जुमा गरिएको यस आवधिक योजनामा सम्बन्धित सबै पक्षहरूको अपनत्व सिर्जना भएको छ ।

आवधिक योजना तर्जुमाका विभिन्न चरणहरूमा सक्रियता साथ निरन्तर खटिनु हुने गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, गाउँसभा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरू एवं कर्मचारीहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी आवधिक योजना तर्जुमालाई व्यवहारिक, यथार्थपरक, वस्तुनिष्ठ वनाउन आफ्नो व्यस्त समयका बावजुद पनि अमूल्य योगदान गर्नु हुने राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवी, शिक्षक, गैरसरकारी सङ्घ संस्था, निजीक्षेत्र, सहकारी क्षेत्र, नागरिक समाजका प्रतिनिधि, पत्रकार लगायत सामाजिक कार्यकर्ता एवं सरोकारवाला सङ्घ संस्थाको सहयोग, रायसुझाव, योगदान आदिको उच्च कदर गर्दै सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

अन्त्यमा, यस गाउँपालिकाको आवधिक योजना तर्जुमा तयारी कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता संस्थार सो संस्थाबाट सहजीकरण गर्नुहुने विज्ञहरूको विज्ञता, एवं योगदानको कदर गर्दछु ।

चन्द्रमान श्रेष्ठ
अध्यक्ष

मन्तव्य

छत्रदेव गाउँपालिकालाई योजनावद्ध रूपमा विकास गर्ने सन्दर्भमा आर्थिक वर्ष २०८३-८४ देखि २०८७-८८ सम्मका लागि गाउँपालिकाको आवधिक योजना तर्जुमा भएको छ यस पञ्चवर्षीय योजनाले गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्ने अपेक्षा राखिएको छ । छत्रदेव गाउँपालिकाका सबै जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्थाहरू, स्थानीय बुद्धिजीवी एवं पत्रकारहरूको सहभागिता, समूहगत छलफल, अन्तरक्रिया तथा सामूहिक प्रयासबाट तर्जुमा भएको यस आवधिक विकास योजना हामी सबैको साझा एजेण्डा हो र यसमाथि हामी सबैको अपनत्व सिर्जना भएको पनि छ, जसलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने जिम्मेवारी हामी सबैको काँधमा छ । आवधिक योजनाको सफल कार्यान्वयनबाट मात्रै गाउँपालिकाले समृद्धि हासिल गर्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ र आगामी ५ वर्षका लागि छत्रदेवको विकासको खाँका अर्थात् रोडम्याप निर्दिष्ट गरेको छ ।
गाउँपालिकाको आर्थिक एवं सामाजिक क्षेत्रमा देखिने गरी परिवर्तन ल्याउन गाउँपालिकाबाट गाउँ गौरवका योजना समेत तर्जुमा भएको छ । त्यसैगरी आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत जस्ता विषयक्षेत्रगत रूपमा गाउँपालिकास्तरीय एवं वडागत आयोजनाहरू समेत तर्जुमा भएको छ । तर्जुमा भएका आयोजनाहरूसबैको सफलतापूर्वक कार्यान्वयनका लागि ठूला धनराशी जुटाउनु पर्ने जिम्मेवारी गाउँपालिकाको काँधमा आएको छ । सीमित साधन स्रोतलाई अधिकतम सदुपयोग हुने गरी प्राथमिकताका आधारमा आयोजनाहरूलाई क्रमिक रूपमा कार्यान्वयन गर्दै जानुपर्ने परिपाटिको विकास अबको दिशानिर्देश हुन सक्छ । यसै आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा र सोका आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण अनि कार्यान्वयन एक मात्र उपयुक्त विकल्प हुन सक्छ ।

यस आवधिक योजना निर्माणको क्रममा शुरु देखि नै अभिभावकत्व ग्रहण गर्दै रचनात्मक सहयोग, सल्लाह सुझाव एवं मार्गप्रदान गर्दै आउनु भएका अध्यक्षज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी वडा अध्यक्षहरू, विषयक्षेत्रगत संयोजकहरू, कार्यपालिका सदस्य, गाउँसभा सदस्यहरू एवं प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू लगायत सम्पूर्ण कर्मचारीहरूप्रति अभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी आवधिक योजना तर्जुमा अमूल्य सहयोग गर्नुहुने राजनीतिक दलका प्रतिनिधि, निजीक्षेत्र, सहकारी क्षेत्र, गैससका प्रतिनिधि, सहयोग संस्था, नागरिक समाज, स्थानीय बुद्धिजीवी एवं पत्रकारहरूलाई धेरै धेरै धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा यसैप्रकारका सहयोगको अपेक्षा पनि राख्दछु ।

यस आवधिक योजना तर्जुमा कार्यका लागि प्राविधिक सहयोग प्रदान गर्नुहुने संस्था मल्टिफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च केन्द्र र विज्ञ एवं सहजीकरण गर्नुहुने सबै व्यक्तित्वप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मनी पन्थी
उपाध्यक्ष
छत्रदेव गाउँपालिका

**मन्तव्य**

नेपालको संविधान २०७२ ले सङ्घीयताको अवधारणाका रूपमा रहेको सन्निकटताको सिद्धान्त अनुरूप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्यद्वारा प्रदान गरिने सेवा प्रवाहमा विविधीकरण गरिएको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरूले स्थानीय, प्रदेश, र सङ्घ सरकारहरूको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरूको बारेमा स्पष्टता गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरूको व्यवस्था गरेको छ । साथै स्थानीय शासन सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आवधिक योजना तयार गर्न निर्देशन गरेको छ ।

यो योजना मुल रूपमा पर्यटनको विकास, कृषिमा आधुनिकीकरण तथा पशुपालनको व्यवसायीकरण, सुन्दर पर्यटकीय स्थानहरूमा सहज पहुँच तथा व्यवस्थित बनाइ सुनमा सुगन्ध बनाउने, ग्रामीण उद्योग विकास, स्वस्थ एवं सचेत नागरिकसहितको न्यायपूर्ण समाज विकास निर्माणमा एउटा महत्त्वपूर्ण मार्गनिर्देशक दस्तावेज बन्नेछ भने छत्रदेववासीको जीवनस्तर सुधार गर्दै दिगो विकास र समृद्धि हाँसिल गर्ने दिशामा यस आवधिक योजनाले योगदान पुऱ्याउँछ भन्ने विश्वास लिएको छु ।

यस गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले पनि यसमा लक्षित गरिएका विषयगत लक्ष्यहरू, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू दूरगामी प्रभाव पार्ने खालका हुने हुँदा कार्यपालिकामा पर्याप्त छलफल तथा अन्तर्क्रियाबाट निष्कर्ष निकालिएको छ । योजना छनौट गर्दा धेरै महत्वाकांक्षी नभई, सकेसम्म यथार्थपरक, व्यवहारिक, लागु हुन सक्ने र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने गरी योजना तर्जुमा गरिएको छ । आर्थिक वर्ष (२०८३-८४ देखि २०८७-८८) का लागि तय गरिएको यस आवधिक योजनाले यस अवधिभित्र बन्ने वार्षिक कार्यक्रम पनि यही बमोजिम बन्दै जानेछन् र यसले लक्ष्य गरेको उपलब्धि हाँसिल हुनेछ भन्ने विश्वास लिएको छु ।

यो आवधिक योजना तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नु हुने आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यवद्धता प्रर्दशन गर्नु हुने सबै कार्यपालिका सदस्य ज्यूहरू, विषयगत समितिका सदस्य लगायत सम्पूर्ण कर्मचारी साथीहरूप्रति धन्यवाद दिन चाहन्छु । साथै यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू र योजना तयार पार्ने परामर्शदातालाई विशेष आभार प्रकट गर्न चाहन्छु । धन्यवाद ।

बासुदेव खनाल
प्रमुख प्रशासकिय अधिकृत

तालिका सूची

**मन्तव्य**......................**Error! Bookmark not defined.**

**परिच्छेद एक** ...................... 18

**१.१ पृष्ठभूमि**...................... 18

**१.२ आवधिक योजना तर्जुमाका उद्देश्यहरू** ...................... 18

१.३ आवधिक योजना निर्माणका विधि तथा चरण ...................... 19

**परिच्छेद दुई : छत्रदेव गाउँपालिकाको वस्तुगत अवस्था तथा उपलब्धि समीक्षा** ...................... 20

**२.१ गाउँपालिकाको परिचय** ...................... 20

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ...................... 21

२.१.३ जनसाङ्ख्यिक अवस्था...................... 22

**२.२ आर्थिक विकास अवस्था** ...................... 22

२.२.१ कृषि तथा खाद्य सुरक्षा...................... 22

२.२.२ पर्यटन तथा संस्कृति...................... 23

२.२.३ उद्योग, व्यापार व्यवसाय र आपूर्ति...................... 23

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ...................... 24

**२.३ सामाजिक क्षेत्र** ...................... 24

२.३.१ स्वास्थ्य तथा पोषण...................... 24

२.३.२ शैक्षिक विकास...................... 25

२.३.३ खानेपानी सरसफाइ...................... 26

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण...................... 27

२.३.५ युवा, खेलकुद तथा कला...................... 28

**२.४ पूर्वाधार विकास**...................... 28

२.४.१ सडक पुल यातायात ...................... 28

२.४.२ आवास, सार्वजनिक निर्माण ...................... 29

२.४.३ जलविद्युत् वैकल्पिक ऊर्जा...................... 29

२.४.४ सिंचाइ ...................... 29

२.४.५ सूचना तथा सञ्चार प्रविधि ........ 30
**२.५ वन वातावरण तथा विपद व्यवस्थापन** ........ 30
२.५.१. वन तथा जैविक विविधता ........ 30
२.५.२. भूसंरक्षण तथा जलाधार ........ 30
२.५.३. वातावरणीय व्यवस्थापन ........ 31
२.५.४. विपद व्यवस्थापन ........ 31
**२.६ सुशासन तथा संस्थागत विकास** ........ 32
२.६.१. स्थानीय नीति ऐन, नियम सुशासन ........ 32
२.६.२ संगठनात्मक विकास ........ 32
२.६.३ वित्तीय स्रोत ........ 33
२.६.४ योजना व्यवस्थापन ........ 35
**परिच्छेद तीनः सोच तथा विकासको अवधारणा** ........ 36
**३.१ पृष्ठभूमि** ........ 36
**३.२ प्रमुख समस्या तथा चुनौती** ........ 36
**३.३ सम्भावना तथा अवसर** ........ 37
**३.४ निर्देशक सिद्धान्त** ........ 37
**३.५ सोच लक्ष्य उद्देश्य** ........ 38
**३.६ परिमाणात्मक लक्ष्य** ........ 40
**३.७ रणनीति र प्राथमिकता** ........ 42
३.७.१ गाउँ गौरवका आयोजना ........ 43
**३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट** ........ 46
**परिच्छेद चारः आर्थिक विकास** ........ 51
**४.१ कृषि तथा पशुपंक्षीपालन** ........ 51
४.१.१ पृष्ठभूमि ........ 51
४.१.२ समस्या तथा चुनौती ........ 51

४.१.३ सम्भावना तथा अवसर ..... 52
४.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 53
रणनीतिहरू तथा कार्यनीतिहरू ..... 53
**४.२ पर्यटन तथा संस्कृति** ..... 66
४.२.१ पृष्ठभूमि ..... 66
४.२.२ समस्या तथा चुनौती ..... 66
४.२.३ सम्भावना तथा अवसर ..... 67
४.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 68
**४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका** ..... 71
**४.३ उद्योग, व्यापार तथा व्यवसाय** ..... 72
४.३.१ पृष्ठभूमि ..... 72
४.३.२ समस्या तथा चुनौती ..... 72
४.३.३ सम्भावना तथा अवसर ..... 73
४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 73
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 77
**४.४ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा** ..... 78
४.४.१ पृष्ठभूमि ..... 78
४.४.२ समस्या चुनौती ..... 78
४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 79
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 81
**परिच्छेद पाँचः सामाजिक विकास** ..... 82
**५.१ आधारभूत स्वास्थ्य** ..... 82
५.१.१ पृष्ठभूमि ..... 82
५.१.२ समस्या तथा चुनौती ..... 82
५.१.३ सम्भावना तथा अवसर ..... 82

५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 83
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 89
**५.२ शिक्षा** ..... 92
५.२.१ पृष्ठभूमि ..... 92
५.२.२ समस्या तथा चुनौती ..... 92
५.२.३ सम्भावना तथा अवसर ..... 94
५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 94
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 102
**५.३ खानेपानी तथा सरसफाइ** ..... 104
५.३.१ पृष्ठभूमि ..... 104
५.३.२ समस्या तथा चुनौती ..... 104
५.३.३ सम्भावना तथा अवसर ..... 104
५.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 105
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 108
**५.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग** ..... 110
५.४.१ पृष्ठभूमि ..... 110
५.४.२ समस्या तथा चुनौती ..... 110
५.४.३ सम्भावना तथा अवसर ..... 111
५.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 111
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 116
**५.५ युवा तथा खेलकुद** ..... 118
५.५.१ पृष्ठभूमि ..... 118
५.५.२ समस्या तथा चुनौती ..... 118
५.५.३ सम्भावना तथा अवसरहरू ..... 118
५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 119

५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 122

**परिच्छेद छः पूर्वाधार विकास** ..... 124

**६.१ आवास तथा बस्ती विकासएवम् सार्वजनिक निर्माण** ..... 124

६.१.१ पृष्ठभूमि ..... 124

६.१.२ समस्या तथा चुनौती ..... 124

६.१.३ सम्भावना, अवसर ..... 125

६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 125

६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 128

**६.२ सडक, यातायात तथा पुलपुलेसा** ..... 130

६.२.१ पृष्ठभूमि ..... 130

६.२.२ समस्या तथा चुनौती ..... 130

६.२.३ सम्भावना तथा अवसर ..... 130

६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 131

६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 134

**६.३ जलस्रोत, सिचाइ, विद्युत् तथा वैकल्पिक ऊर्जा** ..... 136

६.३.१पृष्ठभूमि ..... 136

६.३.२ समस्या तथा चुनौती ..... 136

६.३.३ सम्भावना तथा अवसर ..... 137

६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ..... 137

**६.४ सूचना तथा सञ्चार प्रविधि** ..... 142

६.४.१ पृष्ठभूमि ..... 142

६.४.२ समस्या तथा चुनौती ..... 142

६.४.३ सम्भावना तथा अवसरहरू ..... 143

६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... 143

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 146

**७.१ वन तथा जैविक विविधता** ..... 147

७.१.१ पृष्ठभूमि ........ 147
७.१.२ समस्या तथा चुनौती ........ 148
७.१.३ सम्भावना तथा अवसर ........ 148
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ 148
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 150
**७.२ वातावरण तथा फोहोर व्यवस्थापन** ........ 152
७.२.१ पृष्ठभूमि ........ 152
७.२.२ समस्या तथा चुनौती ........ 152
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 155
**७.३ भू तथा जलाधार व्यवस्थापन** ........ 157
७.३.१ पृष्ठभूमि ........ 157
७.३.२ समस्या तथा चुनौती ........ 157
७.३.३ सम्भावना तथा अवसर ........ 157
७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ 158
*७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका* ........ 160
**७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन** ........ 161
७.४.१ पृष्ठभूमि ........ 161
७.४.२ समस्या तथा चुनौती ........ 161
७.४.३ सम्भावना तथा अवसर ........ 161
७.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ 162
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 165
**परिच्छेद - आठ** ........ 166
**सुशासन तथा संस्थागत विकास** ........ 166
**८.१ संस्थागत विकास तथा सुशासन** ........ 166
८.१.१ पृष्ठभूमि ........ 166

८.१.२ समस्या तथा चुनौती ... 166
८.१.३ सम्भावना तथा अवसर ... 167
८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ... 168
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ... 174
*आगामी ५ वर्षका लागि सुशासन वित्तीय स्रोत तथा योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।* ... 174
**परिच्छेद -९ कार्यान्वयन व्यवस्था** ... 175
**९.१ पृष्टभूमि** ... 175
**९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना** ... 175
९.२.१ समस्या तथा चुनौती ... 175
९.२.२ सम्भावना तथा अवसर ... 176
९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ... 176
**९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट** ... 180
**९.३.१ बजेट प्रक्षेपण** ... 181
९.३.२ अपुग स्रोत ... 184
**९.४ स्रोत परिचालन रणनीति** ... 184
**९.५ आवधिक योजना कार्यान्वयन** ... 184
९.६.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ... 186
९.६.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ... 186
९.६.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ... 187
अनुसूची ... 188
अनुसूची १ : योजना बैंक ... 188
**वडागत सम्भावित आयोजना तथा कार्यक्रमहरू** ... 188
**छत्रदेव गाउँपालिका वडा नं. १, चिदिका अर्घाखाँची** ... 188
**छत्रदेव गाउँपालिका वडा नं. २, बल्कोट अर्घाखाँची** ... 190
**वडा नं. ३ का सम्भावित आयोजना तथा कार्यक्रम** ... 193

**वल्कोट दुन्द्रुक** ........ 193
वडा नं. ४ का प्रस्तावित योजना तथा कार्यक्रम ........ 196
छत्रदेव गाउँपालिका वडा नं. ५ का प्रस्तावित आयोजना तथा कार्यक्रम ........ 198
छत्रदेव गाउँपालिका वडा नं. ६ का प्रस्तावित आयोजना तथा कार्यक्रम ........ 200
वडा नं. ७ का प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरू ........ 203
वडा नं. ८ का प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरू ........ 206
अनुसूची ३: वडागत उपस्थिति विवरण ........ 209
अनुसूची ४: जि आइ एस नक्शा ........ 210
अनुसुची ५ उपस्थिती विवरण ........ 220
अनुसुची ६ फोटाहरू ........ 220

## तालिका सुचि


| तालिका न शिर्षक | पेज न |
|---|---|
| *तालिका १: आवधिक योजना तर्जुमाका विधि तथा चरण* | १९ |
| तालिका २  वडागत क्षेत्रफल | २१ |
| तालिका ३  जनसाङ्ख्यिक अवस्था | २२ |
| तालिका ४ खेतीपाती भइरहेको तथा कृषियोग्य क्षेत्रहरू | २३ |
| तालिका ५ : छत्रदेव गाउँपालिकाको स्वास्थ्य सेवा संरचना तथा उपलब्ध जनशक्ति | २४ |
| तालिका ६ : २०-२४ वर्ष उमेर समूहको लिङ्गगत वितरण | २८ |
| तालिका ७ वस्ती तथा आवसको विवरण | २९ |
| तालिका ८ वित्तिय अवस्थाको प्रवृत्ति | ३३ |
| *तालिका ९ क्षेत्रगत योजना व्यवस्थापन* | ३५ |
| *तालिका १०:समष्टिगत परिमाणात्मक लक्ष्य* | ४० |
| *तालिका ११ लगानी, स्रोत अनुमान र बाँडफाँट* | ४६ |
| *तालिका ११:आर्थिक विकास सम्बन्धी कार्यक्रम तथा आयोजना* | ५४ |
| *तालिका १२: कृषि विकासः नतिजा खाका* | ६० |
| *तालिका १३: पर्यटन सम्बन्धी कार्यक्रम तथा आयोजना* | ६८ |
| *तालिका १५ : पर्यटन प्रवर्धन नतिजा खाकापर्यटन प्रवर्धनः नतिजा खाका* | ७० |
| *तालिका १६: उद्योग व्यापार व्यवसायसम्बन्धीकार्यक्रम तथा आयोजना* | ७४ |
| *तालिका १७  : उद्योग,व्यापार व्यवसायः नतिजा खाका* | ७६ |
| *तालिका १८: श्रम रोजगारी सम्बन्धीकार्यक्रम तथा आयोजना* | ७९ |
| *तालिका १९:श्रम तथा रोजगारः नतिजा खाका* | ८० |
| *तालिका २० :स्वास्थ्य तथा पोषण सम्बन्धीकार्यक्रम तथा आयोजना* | ८५ |
| *तालिका २१: आधारभूत स्वास्थ्यः नतिजा खाका* | ८९ |
| *तालिका २२: शिक्षा सम्बन्धीकार्यक्रम तथा आयोजना* | ९८ |
| *तालिका २३: शिक्षा विकासः नतिजा खाका* | १०३ |
| *तालिका २४: खानेपानी तथा सरसफाइ : कार्यक्रम तथा आयोजना* | १०८ |
| *तालिका २५ :खानेपानी तथा सरसफाइ नतिजा खाका* | १०९ |
| *तालिका २६ : महिला बालबालिका सम्बन्धीकार्यक्रम तथा आयोजना* | ११५ |
| *तालिका २७ :लक्षित वर्ग तथा सामाजिक समावेशीः नतिजा खाका* | ११८ |
| *तालिका २८ : युवा खेलकुद सम्बन्धीकार्यक्रम तथा आयोजना* | १२३ |
| *तालिका २९ :युवा तथा खेलकुद विकास नतिजा खाका* | १२४ |
| *तालिका ३० : आवास बस्तीसम्बन्धीकार्यक्रम तथा आयोजना* | १२९ |
| *तालिका ३१ :आवास तथा बस्ती विकास, सार्वजनिक पूर्वाधार : नतिजा खाका* | १३० |
| *तालिका ३२ : सडक पुलसम्बन्धीकार्यक्रम तथा आयोजना* | १३५ |

| | |
|---|---|
| तालिका ३३ :सडक, यातायात पुलपुलेसाः नतिजा खाका | १३६ |
| तालिका ३४: जलस्रोत विद्युत् तथा वैकल्पिक ऊर्जासम्बन्धीकार्यक्रम तथा आयोजना | १४१ |
| तालिका ३५ : विद्युत् तथा वैकल्पिक ऊर्जा :नतिजाखाका | १४२ |
| तालिका ३६ :सूचना तथा सञ्चारसम्बन्धीकार्यक्रम तथा आयोजना | १४७ |
| तालिका ३७: सूचना तथा सञ्चार प्रविधिःनतिजाखाका | १४८ |
| तालिका ३८ : वन तथा जैविक विविधताकार्यक्रम तथा आयोजना | १५२ |
| तालिका ३९ : वन तथा जैविक विविधताःनतिजाखाका | १५४ |
| तालिका ४०: वातारण तथा फोहोर मैला व्यवस्थापनकार्यक्रम तथा आयोजना | १५७ |
| तालिका ४१ :वातावरण तथा फोहोर व्यवस्थापनः नतिजाखाका | १५८ |
| तालिका ४२ : भू तथा जलाधार सम्बन्धीकार्यक्रम तथा आयोजना | १६२ |
| तालिका ४३ : भू तथा जलाधार व्यवस्थापनः नतिजा खाका | १६३ |
| तालिका ४४ : विपद्व्यवस्थापनसम्बन्धीकार्यक्रम तथा आयोजना | १६७ |
| तालिका ४५: विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनः नतिजाखाका | १६७ |
| तालिका ४६: कार्यक्रम तथा आयोजनाः सुशासन तथा जवाफदेहिता | १७३ |
| तालिका ४७ :कार्यक्रम तथा आयोजनाः वित्तीय स्रोत व्यवस्थापन | १७५ |
| तालिका ४८: कार्यक्रम तथा आयोजना : योजना व्यवस्थापन | १७६ |
| तालिका ४९ :सुशासन तथा संस्थागत विकास ,नतिजाखाका | १७७ |
| तालिका ५० : जनशक्ति व्यवस्थापनकार्यक्रम तथा आयोजना | १८१ |
| तालिका ५१ :विषयक्षेत्रगत अनुमानित बजेट | १८३ |
| तालिका ५२ :स्रोत अनुमान र प्रक्षेपण | १८५ |
| तालिका ५३ :अपुग स्रोत सम्बन्धी विवरण | १८७ |
| तालिका ५४:आवधिक गाउँ विकास योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया | १९० |

**शव्द सङ्क्षेपीकरण**

| | | |
|---|---|---|
| हे | : | हेक्टर |
| गापा | : | गाउँपालिका |
| गैसस | : | गैर सरकारी संस्था |
| उस | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| लि | : | लिटर |
| प्रा वि | : | प्राथमिक विद्यालय |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| नपा | : | नगरपालिका |
| मावि | : | माध्यमिक विद्यालय |
| मे.टन | : | मेट्रिक टन |
| आलेप | : | आन्तरिक लेखा परीक्षण |
| आवि | : | आधारभूत विद्यालय |
| आव | : | आर्थिक वर्ष |
| अमु | : | अनुगमन तथा मूल्याङ्कन |
| रु | : | रुपैंयाँ |
| सासं | : | सामुदायिक संस्था |
| ससं | : | सहकारी संस्था |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |

## परिच्छेद एक

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम, कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागुगर्नुपर्ने व्यवस्था गरिएको छ ।योजना तर्जुमाका विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहका लागि दिग्दर्शनहरू जारी भएका छन् । तिनै दिग्दर्शनका प्रावधानहरू, ऐनतथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि र पद्धतिहरूको पूर्ण पालना गर्दै छत्रदेव गाउँपालिकालेआवधिक योजना (२०८३/८४-२०८७/८८) तर्जुमा गरिएको छ । राज्य शक्तिको बाडफाँड तथा पुनःसंरचनाको क्रममा स्थानीय तहको रूपमा स्थापित छत्रदेव गाउँपालिकाले योजनाबद्ध रूपमा गाउँपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना निर्माण गरी कार्यान्वयन गरिएको र पहिलो आवधिक योजनाकै आधारभूत जगमा यो दोस्रो आवधिक योजना तर्जुमा गरिएको छ । यो तर्जुमाका चरणहरू तालिका १ मा र आधारहरू बक्स १ मा प्रस्तुत गरिएको छ ।

**वक्स १ः आवधिक योजना तर्जुमाका आधारहरू**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति
- स्थानीय तह संस्थागत क्षमतास्वमूल्याङ्कन कार्यविधि, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७

### १.२ आवधिक योजना तर्जुमाका उद्देश्यहरू

- गाउँपालिकाको वस्तुस्थिति तथा साधन स्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यतातथा स्थानीय आवश्यकताका आधारमा विकासको खाका कोर्नु,
- गाउँपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्नु,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्नु,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्ग निर्देशित गर्नु,
- गाउँपालिकाले अङ्गिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मूर्तरूप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्नु ।

१.३ आवधिक योजना निर्माणका विधि तथा चरण

*तालिका ४: आवधिक योजना तर्जुमाका विधि तथा चरण*

| क्रियाकलाप | सम्पन्न मिति | उपस्थिति | क्रियाकलाप |
|---|---|---|---|
| अभिमुखीकरण कार्यशाला | २०८३ वैशाख २३ गते | गाउँकार्यपालिका, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि | आवधिक योजनाको महत्त्वका बारेमा जानकारी |
| | | | छत्रदेव गाउँपालिकाको आवधिक योजना तर्जुमाका विधि प्रक्रियाका बारेमा जानकारी |
| | | | गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा आवधिक योजना तर्जुमा समितिको गठन |
| | | | क्षेत्रगत समिति संयोजकको अध्यक्षतामा क्षेत्रगत समितिको गठन |
| वडागत छलफल तथा योजना सङ्कलन | २०८३वैशाख २४ देखि २७ गते सम्म | वडा अध्यक्ष, वडास्तरीय जानकार व्यक्ति, राजनीतिक दलका प्रतिनिधि, | क्षेत्रगत रूपमा वडाका समस्या, चुनौती तथा अवसर सङ्कलन |
| | | | वडागत योजना सङ्कलन तथा प्राथमिकीकरण |
| तथ्याङ्क प्रशोधन, लेखन | २०८३जेठ १ देखि १५ गते सम्म | परामर्श दाता कम्पनी तथा विषयविज्ञ | वडागत छलफल गाउँपालिकाको पार्श्व चित्र तथा शाखागत सूचकका आधारमा प्रारम्भिक प्रतिवेदनको तयारी |
| योजना तर्जुमा कार्यशाला | २०८३जेठ१८ गते | गाउँकार्यपालिका शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि, स्थानीय विज्ञ, विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि | गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा क्षेत्रगत कार्यक्रम तय |
| | | | गाउँपालिकाको गौरवका आयोजनाहरू तय |
| | | | वडागत तथा शाखागत रूपमा प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदनको प्रमाणीकरण |
| मस्यौदा प्रतिवेदन तयारी तथा पेस | २०८३ जेष्ठ२५ गतेसम्म | परामर्श दाता कम्पनी तथा विषयविज्ञ | गाउँकार्यपालिकामा आवधिक योजनाको अन्तिम प्रतिवेदन पेस |

## परिच्छेद दुई : छत्रदेव गाउँपालिकाको वस्तुगत अवस्था तथा उपलब्धि समीक्षा

### २.१ गाउँपालिकाको परिचय

छत्रदेव गाउँपालिका मध्यपहाडी क्षेत्रमा अवस्थित ८३°१०'११.२६"देखि ८३°१८'०८.४०" पूर्वी देशान्तर तथा २७°५७'१५.३७" देखि २८°०५'१४.१५" उत्तरी अक्षांशसम्म फैलिएको गाउँपालिका हो। यो गाउँपालिका समुद्री सतहबाट ७०१ मिटरदेखि १८०० मिटर उचाइसम्म अवस्थित रहेको छ, जसले गर्दा यहाँ विविध प्रकारका भौगोलिक, जैविक तथा जलवायुगत विशेषताहरू पाइन्छन्।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

यस गाउँपालिकाको कुल क्षेत्रफल ८७.६२ वर्ग किलोमिटर रहेको छ। राजनीतिक तथा प्रशासनिक हिसाबले छत्रदेव गाउँपालिका साविकका बल्कोट, केरुङ्गा, छत्रगञ्ज, ठूलापोखरा तथा भगवती गाविसका सम्पूर्ण भू-भाग, चिदिका गाविसका वडा नं. १ देखि ८ सम्म, अर्घातोष गाविसका वडा नं. २ देखि ५ सम्म तथा मरेङ्ग गाविसका वडा नं. ७ देखि ९ सम्मका भू-भागलाई समेटेर गठन गरिएको हो।

गाउँपालिकालाई प्रशासनिक रूपमा ८ वटा वडामा विभाजन गरिएको छ। वडा नं. १ चिदिका, वडा नं. २ बल्कोट, वडा नं. ३ बल्कोट-दुन्द्रुक, वडा नं. ४ केरुङ्गा, वडा नं. ५ छत्रगञ्ज, वडा नं. ६ ठूलापोखरा, वडा नं. ७ भगवती तथा वडा नं. ८ अर्घातोषका नामले परिचित छन्।

यस गाउँपालिकाको पूर्वमागुल्मी जिल्ला, पश्चिममासन्धिखर्क नगरपालिका, उत्तरमामालारानी गाउँपालिकातथा दक्षिणमापाणिनी गाउँपालिकाअवस्थित छन्।

| तालिका २ वडागत क्षेत्रफल | |
|---|---|
| **वडा नं.** | **क्षेत्रफल (वर्ग कि.मि.)** |
| **वडा नं. १** | १२.४४ |
| **वडा नं. २** | ७.९२ |
| **वडा नं. ३** | १२.६८ |
| **वडा नं. ४** | १२.८० |
| **वडा नं. ५** | १०.४० |
| **वडा नं. ६** | १४.५३ |
| **वडा नं. ७** | १५.२३ |
| **वडा नं. ८** | १४.०४ |
| **स्रोतः गाउँपालिका पाश्वचित्र २०८२** | |

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

छत्रदेव गाउँपालिका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा कृषि सम्पदाले समृद्ध गाउँपालिका हो। गाउँपालिकाको करिब ४५.०१ प्रतिशत भू-भाग वनजङ्गलले ढाकिएको छ, जसका कारण वनस्पति तथा जडीबुटीको पर्याप्त सम्भावना रहेको छ। भू-भागको भिरालोपनका आधारमा यहाँका भू-संरचनामा विविधता पाइन्छ। करिब १२.०७ वर्ग कि.मि. भू-भाग ०-१२ डिग्री, २०.५८ वर्ग कि.मि. भू-भाग १२-२० डिग्री, ३५.७२ वर्ग कि.मि. भू-भाग २०-३० डिग्री, १६.५० वर्ग कि.मि. भू-भाग ३०-४० डिग्री, २.५५ वर्ग कि.मि. भू-भाग ४०-५० डिग्री तथा ०.१९ वर्ग कि.मि. भू-भाग ५०-७३ डिग्री भिरालोपनमा रहेको छ। साथै ७.३२ प्रतिशत भू-भाग झाडी तथा बुट्यान र ०.९० प्रतिशत भू-भाग बलौटे प्रकृतिको रहेको छ।

गाउँपालिकाको प्रमुख नदी सौर्य खोला हो, जसलाई रिडी नदीका नामले पनि चिनिन्छ। यसका अतिरिक्त कदुवा खोला, बठाहा खोला, मसाने खोला, बगाहा खोला, चिसापानी खोला, मथुरा खोला तथा सेरी खोला जस्ता सहायक नदी तथा खोलाहरू रहेका छन्। प्राकृतिक सौन्दर्यका दृष्टिले वडा नं. ७ मा रहेको मडेलचौर ढोबाट झरना र मझुवा झरना तथा वडा नं. ८ मा रहेको खुम्ले झरना, ढोडेनी खोला छहरा र बेतारी छहरा उल्लेखनीय प्राकृतिक सम्पदाका रूपमा रहेका छन्।

सांस्कृतिक रूपमा गाउँपालिकामा कुमाल, मुस्लिम, नेवार, क्षेत्री, ब्राह्मण, दलित लगायत विभिन्न जातजातिको बसोबास रहेको छ। उनीहरूको मौलिक संस्कृति, भाषा, रहनसहन, खानपान तथा भेषभूषाले यस क्षेत्रको सामाजिक विविधता र सभ्यताको परिचय दिन्छ।

ऐतिहासिक तथा धार्मिक दृष्टिले पनि छत्रदेव गाउँपालिका अत्यन्त महत्त्वपूर्ण मानिन्छ। गाउँपालिकाको नामाकरण यहाँ अवस्थित छत्रदेव महाराज मन्दिरका आधारमा गरिएको हो । जनश्रुतिअनुसार महाभारत युद्धका पात्र छत्र(बरूवरेक)महाराजसँग सम्बन्धित धार्मिक इतिहास यस क्षेत्रसँग जोडिएको पाइन्छ। उक्त मन्दिरमा प्रत्येक वर्ष दशैंका अवसरमा ठूलो मेला लाग्ने गर्दछ।

### २.१.३ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार छत्रदेव गाउँपालिकाको कुल जनसङ्ख्या २१,६११ रहेको छ। जसमध्ये पुरुष ९,४९५ (४३.९४ प्रतिशत) र महिला १२,११६ (५६.०६ प्रतिशत) रहेका छन्। यसले गाउँपालिकामा महिलाको जनसङ्ख्या पुरुषको तुलनामा बढी रहेको देखाउँछ।

| तालिका ३ जनसाङ्ख्यिक अवस्था | | |
|---|---|---|
| उमेर समूह | जनसङ्ख्या | प्रतिशत |
| **०-१४ वर्ष** | ५,५२१ | २५.५४% |
| **१५-५९ वर्ष** | १२,१३४ | ५६.१४% |
| **६० वर्ष माथि** | ३,९५६ | १८.३१% |
| **कुल** | २१,६११ | १००.००% |
| **स्रोत राष्ट्रिय जनगणना २०७८** | | |

उमेर समूहगत अनुसार गाउँपालिकामा युवा तथा श्रमयोग्य उमेर समूहको जनसङ्ख्या बढी रहेको पाइन्छ। विशेषगरी १५-१९ वर्ष, २०-२४ वर्ष, २५-२९ वर्ष र ३०-३४ वर्ष उमेर समूहमा जनसङ्ख्या उच्च रहेको छ। २०-२४ वर्ष उमेर समूहमा १,५५७ जना र २५-२९ वर्ष उमेर समूहमा १,४६६ जना जनसङ्ख्या रहेको छ, जसले गाउँपालिकामा सक्रिय श्रमशक्ति र युवा जनसङ्ख्याको बाहुल्यता रहेको सङ्केत गर्दछ।

बाल उमेर समूह (०-१४ वर्ष) को जनसङ्ख्या पनि उल्लेखनीय रहेको छ। ०-४, ५-९ तथा १०-१४ वर्ष समूहलाई समेट्दा कुल ५,५२१ जना बालबालिका रहेका छन्, जुन कुल जनसङ्ख्याको करिब २५ प्रतिशत हुन आउँछ। यसले शिक्षा, पोषण तथा बाल विकास कार्यक्रमको आवश्यकता उच्च रहेको देखाउँछ।

ज्येष्ठ नागरिक (६० वर्ष माथि) को जनसङ्ख्या करिब ३,९५६ रहेको छ। विशेषगरी ८० वर्षभन्दा माथिको उमेर समूहमा महिलाको सङ्ख्या पुरुषभन्दा बढी रहेको देखिन्छ, जसले महिलाको औसत आयु अपेक्षाकृत बढी रहेको सङ्केत गर्दछ।

लैङ्गिक दृष्टिले अधिकांश उमेर समूहमा महिलाको सङ्ख्या पुरुषभन्दा बढी रहेको छ। विशेषगरी २०-२४ वर्ष, २५-२९ वर्ष, ३०-३४ वर्ष तथा ४०-५४ वर्ष उमेर समूहमा महिला जनसङ्ख्या उल्लेखनीय रूपमा बढी रहेको पाइन्छ। यसले वैदेशिक रोजगार तथा बसाइँसराइका कारण सक्रिय उमेरका पुरुष बाहिरिने प्रवृत्तिलाई सङ्केत गर्दछ।समग्रमा, छत्रदेव गाउँपालिकामा युवा तथा श्रमयोग्य जनसङ्ख्या, महिला जनसङ्ख्या र कृषि आधारित श्रमशक्तिको बाहुल्यता रहेको देखिन्छ।

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

छत्रदेव गाउँपालिकाको अर्थतन्त्रको मुख्य आधार कृषि तथा पशुपालन हो, जहाँ करिब ७८.३ प्रतिशत जनसङ्ख्या यस क्षेत्रमा आश्रित रहेको छ। कुल भू-भागमध्ये ३१.१२ प्रतिशत क्षेत्र खेतीयोग्य रहेको छ भने नयाँबगर, गनुवा, फेदी, दाम्जिन, सेरा लगायतका फाँट क्षेत्रहरू प्रमुख कृषि उत्पादन क्षेत्रका रूपमा रहेका छन्। समुद्री सतहबाट ७०० मिटरदेखि १८०० मिटरको उचाइमा रहेको यस गाउँपालिकाको कृषि तथा पशुपालनसम्बन्धी गतिविधिलाई मुख्यतः दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । १२०० मिटरभन्दा

माथिल्लो भूभागमा सुन्तला, कागती लगायतका फलफूल तथा पशुपालन हुने गरेको छ भने ७०० देखि १००० मीटरसम्म धान मकै लगायतका अन्न बालीको प्रधानता छ । पशुपालनतर्फ भैसीपालन यहाँको प्रमुख पेशा हो ।

तालिका ४ खेतीपाती भइरहेको तथा कृषियोग्य क्षेत्रहरू

| वडा नं. | खेतीपाती भइरहेको तथा कृषियोग्य क्षेत्रहरू |
|---|---|
| १ | चिदिका, खनियाबास, म्यालटुप्पा लगायतका भू-भाग |
| २ | रिप, झिरुबास, धारिचौर |
| ३ | मथुरा, चापटारी, पिराफाँट, बुढादी, गजेङ |
| ४ | मथुरा, हाँडे, मसाने, ढाप, गर्भे, बठाहा |
| ५ | फेदी, डिही, सिउडेनी, तिलहार पाटा, दर्ज्याङ, रानीचापा, बहखोर,खैरेनी |
| ६ | चौबाहा |
| ७ | ढिकुरा, तारुभतेरा |
| ८ | चेक्मी, खस्कोट, चिदीपानी, आँपकाटे |

स्रोतः भू उपयोग योजना २०७९

यस गाउँपालिकाले विगतमा भैसी पालनका लागि विशेष अनुदान, उन्नत बीउ वितरण, कृषि औजार तथा मिनी टिलरमा अनुदान, लिफ्टिङ सिँचाइ, मल वितरण, कृषि यान्त्रीकरण, पशु औषधि तथा व्यावसायिक खेती प्रवर्धनका कार्यक्रम सञ्चालन, तथा पैचो पसलसँग सहकार्य गरी स्थानीय कृषि उत्पादन लाई प्रवर्धन गरेको छ। केही वडामा सामुदायिक वनसँग सहकार्य गरी दालचिनीका बिरुवा वितरण गरिएको छ भने वडा नं. ४ को गुठी जग्गामा गाउँपालिकाले करीव २२ रोपनी जग्गामा आलु उत्पादन गरेको छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

छत्रदेव गाउँपालिका ऐतिहासिक, पौराणिक तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्र हो । यहाँ महाभारत युद्धकालसँग सम्बन्धित इतिहास बोकेको छत्रदेव महाराज मन्दिर लगायत विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन् । साथै तेह्र तले मन्दिर, जङ्गबहादुर राणाको न्वारन भएको बलकोट पौवा, कालिका मन्दिर, मस्जिद जस्ता धार्मिक एवं सांस्कृतिक स्थलहरूको संरक्षण र विकासमार्फत् पर्यटन प्रवर्धन गर्न सकिने सम्भावना रहेको छ । छत्रमहाराज मन्दिरसम्म पुग्न निर्माण गरिएको १२४८ सिँढी पनि आकर्षणको केन्द्रका रूपमा रहेको छ ।

### २.२.३ उद्योग, व्यापार व्यवसाय र आपूर्ति

गाउँपालिकामा दर्ता भएका उद्योगको सङ्ख्या २७५ रहेको छ भने व्यापार व्यवसाय ७२६ रहेका छन् । गाउँपालिकाले उद्योग, व्यापार व्यवसायबाट वार्षिक रू ३ लाख ८३ हजार राजश्वप्राप्त गर्ने गरेको छ । गाउँपालिकामा सिलाइकटाइ, जुत्ता चप्पल बनाउने तालिम, अचार बनाउने, आतिथ्य, सीप विकास तथा उद्यमशीलता तालिम करदाता शिक्षा, बजार अनुगमन, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

सञ्चालन भएका छन्। कृषिजन्य उत्पादन कच्चा रूपमा बाहिरिने तर स्थानीयस्तरमा प्रशोधन उद्योग विकास हुन नसक्दा स्थानीय अर्थतन्त्रको बहिर्गमन बढिरहेको देखिन्छ। युवाहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भइरहेका छन् भने गाउँमै उद्यम स्थापना गर्ने वातावरण अझै पर्याप्त रूपमा विकास हुन सकेको छैन।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

छत्रदेव गाउँपालिकामा आयआर्जन तथा रोजगारीको प्रमुख आधार कृषि तथा पशुपालन क्षेत्र नै रहेको देखिन्छ । विशेषगरी भैंसीपालन, दूध उत्पादन तथा बिक्री, बाख्रापालन, कुखुरापालन र मौसमी कृषि उत्पादनहरू ग्रामीण परिवारहरूको मुख्य आम्दानीको स्रोतका रूपमा रहेका छन् । वडा नं. ७ र ८ लगायतका क्षेत्रमा व्यावसायिक भैंसीपालनमार्फत् दूध उत्पादन गरी बिक्री वितरण गर्ने अभ्यास विस्तार हुँदै गएको देखिन्छ । उत्पादित दूध स्थानीय सङ्कलन केन्द्र तथा बाह्य बजारसम्म पुग्ने गरेको छ । त्यसैगरी गाउँपालिकामा उत्पादित कृषि उपजहरू “पैंचो” जस्ता निजी क्षेत्रसँगको सहकार्यमा सङ्कलन तथा बजारीकरण हुने क्रम पनि बढ्दै गएको छ । यसले कृषि उत्पादनलाई बजारसँग जोड्ने प्रयास भएको देखिए पनि कृषकहरूले उत्पादनको उचित मूल्य, स्थिर बजार तथा समयमै भुक्तानी पाउने विषयमा अझै चुनौती अनुभव गरेका छन् ।

वित्तीय पहुँचको हिसाबले गाउँपालिकामा सहकारी संस्था, लघुवित्त संस्था तथा बैंकिङ सेवाको पहुँच विस्तार भएको अवस्था छ । विभिन्न सहकारी, लघुवित्त तथा बैंकमार्फत कृषक तथा उद्यमीहरूलाई ऋण प्रवाह भइरहेको भए पनि ऋणको उत्पादनमुखी तथा उद्यमशील प्रयोग अपेक्षाकृत कमजोर देखिन्छ ।

## २.३ सामाजिक क्षेत्र

### २.३.१ स्वास्थ्य तथा पोषण

छत्रदेव गाउँपालिकाको स्वास्थ्य सेवा संरचना हेर्दा गाउँपालिकाभित्र एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, एउटा आधारभूत स्वास्थ्य केन्द्र, २ वटा सामुदायिक स्वास्थ्य इकाई, ७ वटा गाउँघर क्लिनिक, २३ वटा खोप केन्द्र तथा २ वटा बर्थिङ सेन्टर सञ्चालनमा रहेका छन् । यसले गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार भएको देखाउँछ । विशेषगरी खोप केन्द्र तथा गाउँघर क्लिनिकहरूको विस्तारले समुदायस्तरसम्म सेवा पुऱ्याउन सहयोग पुगेको देखिन्छ । गाउँपालिकामा एउटा स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा उपलब्ध रहेको छ भने स्वास्थ्य क्षेत्रमा एक जना मेडिकल अधिकृत, २२ जना पारामेडिक, १५ जना नर्सिङ जनशक्ति तथा ११ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् । उपलब्ध जनशक्तिमध्ये धेरैजसो तालिम प्राप्त तथा अनुभवी रहेको अवस्था देखिन्छ ।

तालिका ५ : छत्रदेव गाउँपालिकाको स्वास्थ्य सेवा संरचना तथा उपलब्ध जनशक्ति

| क्र.सं. | विवरण | सङ्ख्या | अवस्था/टिप्पणी |
|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र | १ वटा | गाउँपालिकाको मुख्य स्वास्थ्य सेवा केन्द्र |
| २ | स्वास्थ्य चौकी | ६ वटा | वडा तहमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने |
| ३ | आधारभूत स्वास्थ्य केन्द्र | १ वटा | स्थानीय स्तरमा प्राथमिक उपचार तथा सेवा प्रवाह |

| | | | |
|---|---|---|---|
| ४ | सामुदायिक स्वास्थ्य इकाई | २ वटा | समुदाय नजिक स्वास्थ्य सेवा विस्तार |
| ५ | गाउँघर क्लिनिक | ७ वटा | समुदायस्तरसम्म स्वास्थ्य सेवा पहुँच विस्तार |
| ६ | खोप केन्द्र | २३ वटा | नियमित खोप सेवामार्फत बाल तथा मातृ स्वास्थ्य प्रवर्धन |
| ७ | बर्थिङ सेन्टर | २ वटा | सुरक्षित मातृत्व तथा प्रसूति सेवा उपलब्ध |
| ८ | प्रयोगशाला सेवा उपलब्ध स्वास्थ्य संस्था | १ वटा | आधारभूत प्रयोगशाला परीक्षण सेवा सञ्चालन |
| ९ | मेडिकल अधिकृत | १ जना | स्वास्थ्य सेवाको प्राविधिक नेतृत्व तथा उपचार सेवा |
| १० | पारामेडिक जनशक्ति | २२ जना | विभिन्न स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा प्रवाह |
| ११ | नर्सिङ जनशक्ति | १५ जना | मातृ, शिशु तथा सामान्य नर्सिङ सेवा प्रदान गर्ने |
| १२ | कार्यालय सहयोगी | ११ जना | प्रशासनिक तथा सहयोगी कार्यमा संलग्न |
| **जम्मा** | **स्वास्थ्य संस्थाहरू (प्रयोगशाला सेवा सहित)** | **४३ वटा** | **गाउँपालिकाभित्र सञ्चालनमा रहेका स्वास्थ्य सेवा इकाइहरू** |
| **जम्मा** | **स्वास्थ्य जनशक्ति** | **४९ जना** | **स्वास्थ्य सेवा प्रवाहमा संलग्न जनशक्ति** |

स्रोतः स्वास्थ्य शाखा २०८३

स्वास्थ्य क्षेत्रमा गाउँपालिकाले पछिल्ला वर्षहरूमा मातृशिशु स्वास्थ्य रपोषण तथा खोप सेवामा विशेष जोड दिएको देखिन्छ । “उपाध्यक्ष मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम”, “पूर्णखोप सुनिश्चितता घोषणा”, “HPV खोप अभियान”, “बालबालिकाको पोषण लेखाजोखा”, “ज्येष्ठ नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम”, “क्षयरोग सक्रिय खोजपड्ताल” तथा “न्यूनतम सेवा मापदण्ड कार्यान्वयन”आदिजस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् । यसले आधारभूत स्वास्थ्य सेवाको पहुँच र जनचेतनामा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

यद्यपि बसाइँसराइ, जनसङ्ख्या कमी तथा दक्ष जनशक्तिको सीमित उपलब्धताका कारण स्वास्थ्य सेवाको लक्ष्यअनुसार प्रगति हासिल गर्न चुनौती देखिन्छ । सबै स्वास्थ्य संस्थाहरू मापदण्डअनुसारका भवनयुक्त छैनन् भने केही स्थानमा उपकरण तथा प्रयोगशाला सेवा पर्याप्त उपयोग हुन सकेको अवस्था छैन । तथापि बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमाको सेवा लागु भएको तथा निर्माणाधीन आधारभूत अस्पताल सञ्चालनमा आएपछि थप विशेषज्ञ तथा आधारभूत स्वास्थ्य सेवा विस्तार गर्न सकिने सम्भावना रहेको देखिन्छ । गत आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा रु. ५ करोड ९० लाख ३८ हजार ५ सय बराबरको बजेट विनियोजन गरिएको थियो, जसले गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको सङ्केत गर्दछ ।

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणनाका अनुसार यस गाउँपालिकामा कुल जनसङ्ख्या २१,६११ मध्ये साक्षर जनसङ्ख्या १६,०२० रहेको छ । यो सङ्ख्या गाउँपालिकाको कुल जनसङ्ख्याको ७८.८० प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७२.४० प्रतिशत र पुरुषको साक्षरता दर ८७.२० प्रतिशत रहेको छ ।

छत्रदेव गाउँपालिकाका सामुदायिक विद्यालयहरूमध्ये प्रारम्भिक बालविकास तथा शिक्षा ४५,कक्षा १-३ सम्म सञ्चालित ५, आधारभूत तह १-५ सञ्चालित १३, आधारभूत तह १-८ सञ्चालित ८, माध्यमिक तह १-१० सञ्चालित ३ तथा माध्यमिक तह १-१२ सञ्चालित ५ रहेका छन् । संस्थागत विद्यालयहरूमध्ये प्रारम्भिक बालविकास तथा शिक्षा ५, आधारभूत तह १-५ सञ्चालित १, माध्यमिक तह १-१० सञ्चालित ४ विद्यालयहरू रहेका छन् । सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयको जम्मा सङ्ख्या ५० रहे को छ । प्राविधिक धारतर्फ एउटा विद्यालय रहेको छ ।

गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म कुल ३२४ स्वीकृत दरबन्दी, ५६ राहत दरबन्दी र तहगत र विषयगत आधारमा शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरूका लागि गाउँपालिकाले १६ जना स्वयंसेवक शिक्षक राखि कुल जम्मा ३९६ शिक्षकहरू कार्यरत रहेका छन् । बढ्दो बसाइँसराइ र ऋणात्मक जनसङ्ख्या वृद्धिदरका कारण दिनप्रति दिन विद्यार्थी सङ्ख्या घट्दै जाँदा विद्यालयमा पनि त्यसको प्रभाव देखिँदै गएको छ ।

### २.३.३ खानेपानी रसरसफाइ

छत्रदेव गाउँपालिकामा खानेपानी तथा सरसफाइको पहुँच क्रमशः विस्तार हुँदै गएको देखिन्छ । अधिकांश घरधुरीमा लिफ्टिङ तथा ग्राभिटि प्रणालीमार्फत् धारा/पाइपको सुविधा पुगेको अवस्था छ । खानेपानी उपयोगतर्फ कुल ९१.९ प्रतिशत परिवारले धारा वा पाइप प्रणाली प्रयोग गर्ने गरेका छन्, जसले आधारभूत खानेपानी सेवाको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको देखाउँछ । यद्यपि केही बस्तीहरूमा अझै खुला इनार, मूलधारा तथा अन्य परम्परागत स्रोतमा निर्भरता रहेको अवस्था देखिन्छ ।

सरसफाइतर्फ हेर्दा गाउँपालिकामा शौचालय प्रयोगको अवस्था सन्तोषजनक देखिन्छ । कुल परिवारमध्ये ९१.४ प्रतिशत परिवारले सेप्टिक ट्याङ्कीसहितको फ्लस शौचालय प्रयोग गर्ने गरेका छन् भने ४.७ प्रतिशत परिवार सार्वजनिक ढल प्रणालीसँग जोडिएको फ्लस शौचालय प्रयोग गर्ने गरेका छन् । साधारण शौचालय प्रयोग गर्ने परिवार ३.२ प्रतिशत रहेको छ भने ०.७ प्रतिशत परिवारमा अझै शौचालय सुविधा नपुगेको अवस्था देखिन्छ । सार्वजनिक शौचालय प्रयोग गर्ने सङ्ख्या अत्यन्त न्यून (०.०३ प्रतिशत) रहेको छ ।

यी तथ्याङ्कहरूले गाउँपालिकामा खुला दिसामुक्त अभियान तथा सरसफाइ सचेतनाले सकारात्मक प्रभाव पारेको देखिए पनि सुरक्षित तथा व्यवस्थित सरसफाइ प्रणालीको पूर्ण सुनिश्चितताका लागि अझै सुधार आवश्यक रहेको सङ्केत गर्छ । विशेषगरी सबै घरधुरीमा सुरक्षित शौचालय सुविधा विस्तार, ढल व्यवस्थापन, फोहोर पानीको उचित निकास, खानेपानी योजनाको दिगो मर्मत-सम्भार तथा पानीको गुणस्तर व्यवस्थापनमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

छत्रदेव गाउँपालिका सामाजिक, सांस्कृतिक तथा जातीय विविधताले भरिपूर्ण गाउँपालिकाका रूपमा रहेको छ । यहाँ हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता भए पनि मुस्लिम समुदायको पनि उल्लेख्य उपस्थिति रहेको छ । गाउँपालिकामा ब्राह्मण, क्षेत्री, जनजाति, दलित, कुमाल, मुस्लिम लगायत विभिन्न जातजाति तथा समुदायहरू मिलेर बसोबास गर्ने गरेका छन् । तथ्याङ्कअनुसार पहाडी ब्राह्मण समुदायको जनसङ्ख्या सबैभन्दा बढी १०,१०७ रहेको छ भने विश्वकर्मा (२,८६९), कुमाल (२,१४९), क्षेत्री (१,८०८), मगर (१,३९६), मिजार (८८०), नेवार (८७६), परियार (६३१), मुसलमान (४१६) तथा ठकुरी (२८४) समुदायको उपस्थिति पनि उल्लेख्य रहेको छ । यसले गाउँपालिकामा बहुजातीय तथा समावेशी सामाजिक संरचना रहेको स्पष्ट देखाउँछ । विशेषगरी कुमाल तथा मुस्लिम समुदायका सांस्कृतिक पहिचान, परम्परागत सीप तथा सामाजिक अवस्थाले गाउँपालिकाको सामाजिक संरचनामा विशेष महत्त्व राख्दछन् ।

लैङ्गिक अवस्थाको विश्लेषण गर्दा महिलाको विवाह हुने औसत उमेर पुरुषको तुलनामा कम रहेको देखिन्छ । पुरुषको औसत विवाह उमेर २१-२२ वर्षको हाराहारीमा रहेको छ भने महिलाको औसत विवाह उमेर १६-१७ वर्षको बीचमा रहेको देखिन्छ । वडा नं. ६ मा महिलाको विवाहको औसत उमेर सबैभन्दा कम (१६.४ वर्ष) रहेको छ, जसले बालविवाह तथा किशोरीमै विवाह हुने प्रवृत्ति अझै विद्यमान रहेको सङ्केत गर्दछ । यसले शिक्षा, स्वास्थ्य, पोषण तथा महिला सशक्तीकरणका क्षेत्रमा थप सचेतना तथा हस्तक्षेप आवश्यक रहेको देखाउँछ ।

गाउँपालिकामा वृद्धजनको अनुपात पनि उल्लेख्य रूपमा बढ्दै गएको देखिन्छ । ६० वर्षभन्दा माथिका नागरिकको अनुपात वडा नं. ६ र ७ मा २० प्रतिशतभन्दा बढी रहेको छ भने ६८ वर्षभन्दा माथिका अति ज्येष्ठ नागरिकको अनुपात पनि वडा नं. ६, ७ र ८ मा उच्च रहेको देखिन्छ । सक्रिय उमेर समूहको तुलनामा वृद्ध जनसङ्ख्याको अनुपात वडा नं. ६ मा सबैभन्दा बढी (२४.३%) रहेको छ । यसले गाउँपालिकामा युवा जनशक्ति वैदेशिक रोजगारी तथा बसाइँसराइका कारण बाहिरिने क्रम बढ्दै गएको र गाउँमा वृद्धजनको आश्रित जनसङ्ख्या बढिरहेको सङ्केत गर्दछ ।

बालबालिकाको जनसङ्ख्या संरचनातर्फ हेर्दा १०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा बढी रहेको छ । १५-१९ वर्ष उमेर समूहमा महिलाको अनुपात पुरुषको तुलनामा बढी देखिनु किशोरीहरूको विद्यालय छोड्ने, विवाह हुने वा घरायसी भूमिकामा संलग्न हुने अवस्थासँग पनि सम्बन्धित हुनसक्ने देखिन्छ । समग्रमा गाउँपालिकामा सामाजिक समावेशीकरण, महिला सशक्तीकरण, बालविवाह न्यूनीकरण, ज्येष्ठ नागरिक संरक्षण तथा दलित, कुमाल, मुस्लिम लगायत लक्षित समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणमा थप कार्यक्रम आवश्यक देखिन्छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

छत्रदेव गाउँपालिकाको कुल जनसङ्ख्या २१,६११ रहेको छ, जसमा पुरुष ९,४९५ (४३.९%) र महिला १२,११६ (५६.१%) रहेका छन् । जनसङ्ख्या संरचनाको विश्लेषण गर्दा आर्थिक रूपमा सक्रिय तथा युवा उमेर समूहमा पुरुषको अनुपात महिलाको तुलनामा उल्लेख्य रूपमा कम देखिन्छ । विशेषगरी १५-३९ वर्ष उमेर समूहमा वैदेशिक रोजगारी, अध्ययन तथा रोजगारका लागि बाह्य बसाइँसराइको प्रभाव स्पष्ट देखिन्छ । उदाहरणका लागि २०-२४ वर्ष उमेर समूहमा पुरुष ५४३ जना (३४.९%) मात्र रहेका छन् भने महिला १,०१४ जना (६५.१%) रहेका छन् ।[1] यसले सक्रिय युवा पुरुष जनशक्ति गाउँबाहिर रहने प्रवृत्ति उच्च रहेको सङ्केत गर्दछ ।

तालिका ६ : २०-२४ वर्ष उमेर समूहको लिङ्गगत वितरण

| उमेर समूह | पुरुष (जना) | पुरुष (%) | महिला (जना) | महिला (%) | जम्मा (जना) |
|---|---|---|---|---|---|
| २०-२४ वर्ष | ५४३ | ३४.९ | १,०१४ | ६५.१ | १,५५७ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

युवाहरूको बाह्य पलायनका कारण स्थानीय कृषि, उत्पादन तथा सामुदायिक गतिविधिमा श्रम अभाव देखिन थालेको छ भने महिलाको आर्थिक तथा सामाजिक जिम्मेवारी बढ्दै गएको अवस्था छ । गाउँपालिकामा युवाहरूलाई लक्षित गरी सीप विकास, मेकानिकल तालिम, उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिएको छ । खेलकुदतर्फ पालिका स्तरमा अध्यक्ष कप, भलिबल, क्रिकेट लगायतका प्रतियोगिताहरू सञ्चालन हुँदै आएका छन् । तर व्यवस्थित खेलमैदान, खेल पूर्वाधार, प्रशिक्षक तथा नियमित अभ्यासको अभाव देखिन्छ । युवा क्लब तथा विद्यालयमार्फत खेल गतिविधिहरू सञ्चालन भइरहे पनि खेलकुदलाई व्यावसायिक तथा प्रतिस्पर्धात्मक रूपमा विकास गर्न थप लगानी र संरचनात्मक सुधार आवश्यक देखिन्छ ।

## २.४ पूर्वाधार विकास

### २.४.१ सडक पुल यातायात

छत्रदेव गाउँपालिकामा कुल सडक सञ्जाल करिब ४९४ किलोमिटर रहेको देखिन्छ । वडा नं. ७ र ८ मा सबैभन्दा बढी (७५/७५ कि.मि.) सडक सञ्जाल रहेको छ भने वडा नं. २ मा सबैभन्दा कम (४० कि.मि.) सडक रहेको देखिन्छ । अधिकांश वडामा ग्रामीण तथा कच्ची सडकको बाहुल्यता रहेको छ । आन्तरिक सडकहरूको स्तरोन्नति, कालोपत्रे, ढलान, नाली निर्माण तथा सडक सुरक्षामा थप ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

[1] राष्ट्रिय जनगणना २०७८

### २.४.२ आवास, सार्वजनिक निर्माण

छत्रदेव गाउँपालिकामा अधिकांश परिवार आफ्नै घरमा बसोबास गर्ने गरेको देखिन्छ । तथ्याङ्क अनुसार ९७.२ प्रतिशत परिवारको आफ्नै घर रहेको छ भने २.३ प्रतिशत परिवार भाडामा बस्ने गरेका छन् । संस्थागत तथा अन्य स्वामित्वका घरहरूको अनुपात अत्यन्त न्यून रहेको छ । यसले गाउँपालिकामा परम्परागत पारिवारिक बसोबासको अवस्था बलियो रहेको देखाउँछ ।

| तालिका ७ वस्ती तथा आवसको विवरण | |
|---|---|
| सूचक | प्रतिशत |
| आफ्नै घर | ९७.२% |
| भाडामा बस्ने | २.३% |
| माटो-ढुङ्गाको घर | ९५.०% |
| आर.सी.सी. पिल्लर घर | १.२% |
| माटोको भुइँ | ९०.८% |
| जस्तापाताको छाना | ८८.६% |
| ढुङ्गाको छाना | ८.२% |
| पक्की ढलान छाना | २.९% |
| सिमेन्ट जोडाई भएका घर | ५.५% |
| खाली घर | करिब ३०% |
| स्रोत राष्ट्रिय जनगणना २०७८ | |

आवासीय संरचनाको अवस्थातर्फ हेर्दा गाउँपालिकामा परम्परागत निर्माण शैलीको बाहुल्यता रहेको छ । करिब ९५ प्रतिशत घरहरू माटो र ढुङ्गाको जोडाइबाट बनेका छन् भने आर.सी.सी. पिल्लर भएका आधुनिक घरहरू केवल १.२ प्रतिशत मात्र रहेका छन् । त्यसैगरी ९०.८ प्रतिशत घरहरूको भुइँ माटोको रहेको छ भने सिमेन्ट वा टायल प्रयोग भएका पक्की भुइँ भएका घरहरूको सङ्ख्या न्यून रहेको देखिन्छ । छानाको अवस्थातर्फ ८८.६ प्रतिशत घरहरूमा जस्तापाताको छाना प्रयोग गरिएको छ भने ८.२ प्रतिशत घरहरूमा अझै परम्परागत ढुङ्गाको छाना रहेको छ । पक्की सिमेन्ट ढलान भएका घरहरू केवल २.९ प्रतिशत मात्र रहेका छन् ।

निर्माण सामग्रीको प्रयोगतर्फ ९३.८ प्रतिशत घरहरू माटो तथा ढुङ्गा/इँटाको जोडाईबाट बनेका छन् भने सिमेन्ट जोडाई भएका आधुनिक संरचनाहरू ५.५ प्रतिशत मात्र रहेका छन् । यसले गाउँपालिकामा आधुनिक तथा भूकम्प प्रतिरोधी आवास संरचनाको पहुँच अझै सीमित रहेको देखाउँछ । साथै करिब ३० प्रतिशत घरहरू खाली अवस्थामा रहेको तथ्यले वैदेशिक रोजगारी, बसाइँसराइ तथा जनसङ्ख्या बाहिरिने प्रवृत्ति उच्च रहेको सङ्केत गर्दछ ।

### २.४.३ जलविद्युत् वैकल्पिक ऊर्जा

छत्रदेव गाउँपालिकामा विद्युतको पहुँच निकै राम्रो छ। ९८.५% घरधुरीमा बिजुली पुगिसकेको छ भने वैकल्पिक ऊर्जाको रूपमा १.३% ले सोलार प्रयोग गर्ने गरेका छन्।

### २.४.४सिँचाइ

छत्रदेव गाउँपालिकामा सिँचाइका लागि मुख्य रूपमा लिफ्टिङ प्रणाली प्रयोग हुने गरेको छ । सौरिया, केजुवा लगायतका खोला तथा स्थानीय पानी मुहानहरूबाट सिँचाइ सेवा सञ्चालन गरिएको छ भने विभिन्न वडामा परम्परागत कुलो प्रणाली पनि प्रयोगमा रहेको छ । बेंसी तथा फाँट क्षेत्रहरूमा सिँचाइ सुविधा तुलनात्मक रूपमा राम्रो भए पनि लिफ्टिङ प्रणाली सञ्चालनका लागि विद्युत् खर्च बढी हुने, मर्मत-सम्भारमा कठिनाइ हुने तथा दिगोपनाको समस्या देखिएको छ । गाउँपालिकाले लिफ्टिङ सिँचाइको विद्युत् शुल्कमा ५० प्रतिशतसम्म

अनुदान उपलब्ध गराउँदै आएको छ । आधुनिक सिँचाइ प्रविधि विस्तार, जलाधार संरक्षण तथा कुलो व्यवस्थापनमार्फत कृषि उत्पादन वृद्धि गर्ने सम्भावना रहेको देखिन्छ ।

### २.४.५ सूचना तथा सञ्चार प्रविधि

छत्रदेव गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको पहुँच क्रमशः विस्तार हुँदै गएको देखिन्छ । अधिकांश वडा कार्यालय, विद्यालय तथा सरकारी संस्थाहरूमा इन्टरनेट तथा डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको छ । मोबाइल फोन तथा सामाजिक सञ्जालको प्रयोग व्यापक रूपमा विस्तार भए पनि ग्रामीण तथा दुर्गम बस्तीहरूमा इन्टरनेट सेवाको गुणस्तर तथा पहुँच अझै सीमित रहेको अवस्था छ । अनलाइन सेवा प्रवाह, डिजिटल अभिलेखीकरण तथा सूचना प्रवाह प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ । साथै सूचना प्रविधिमा युवाहरूको पहुँच र प्रयोग बढ्दै गइरहे पनि प्राविधिक सीप, डिजिटल साक्षरता तथा भरपर्दो सञ्चार पूर्वाधारको अभाव चुनौतीका रूपमा रहेका छन् ।

## २.५ वन वातावरण तथा विपद व्यवस्थापन

### २.५.१. वन तथा जैविक विविधता

छत्रदेव गाउँपालिकाको कुल भू-भागमध्ये ६२.७२ प्रतिशत क्षेत्र वन जङ्गलले ओगटेको देखिन्छ । यसले गाउँपालिकामा वन तथा जैविक विविधताको अवस्था बलियो रहेको सङ्केत गर्दछ । वन क्षेत्र स्थानीय समुदायको जीविकोपार्जन, जलाधार संरक्षण तथा वातावरणीय सन्तुलनका लागि महत्त्वपूर्ण आधारका रूपमा रहेको छ ।

### २.५.२. भूसंरक्षण तथा जलाधार




छत्रदेव गाउँपालिकामा सार्वजनिक उपयोग क्षेत्र ४.३२ प्रतिशत रहेको छ, जसमा सार्वजनिक भवन, खुला क्षेत्र, सामुदायिक उपयोगका संरचना तथा अन्य सार्वजनिक प्रयोजनका क्षेत्रहरू समावेश रहेका छन् । त्यसैगरी ०.४७ प्रतिशत क्षेत्र जलाधार क्षेत्रका रूपमा रहेको देखिन्छ, जसले पानीका मुहान संरक्षण, सिँचाइ तथा वातावरणीय सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । जलाधार क्षेत्र संरक्षण तथा भू-संरक्षणका कार्यक्रमहरू लाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

छत्रदेव गाउँपालिकाको जलस्रोत प्रणाली मुख्य रूपमा पहाडी खोल्सा, नदी तथा मुहानहरूमा आधारित रहेको छ। गाउँपालिकाभित्र बग्ने सौरिया खोला र केजुवा खोला सिँचाइ तथा कृषि उत्पादनका दृष्टिले महत्त्वपूर्ण जलस्रोतका रूपमा रहेका छन्। यी खोलाहरूबाट लिफ्टिङ प्रविधिमार्फत विभिन्न क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराइएको छ। त्यसैगरी सेरीखोला, जरेखोला, ढापखोला, बाख्रेखोला, बथाहाखोला, बैशाखोला, फड्केखोला, तिलकुवा खोला, ढोबाट खोला, खहरेखोला लगायतका साना तथा मध्यम खोलाहरू स्थानीय खानेपानी, सिँचाइ, जलाधार संरक्षण तथा जैविक विविधताको आधार बनेका छन्।

### २.५.३. वातावरणीय व्यवस्थापन

छत्रदेव गाउँपालिकाले आधारभूत पूर्वाधार विकासमा उल्लेखनीय प्रगति गरेको देखिन्छ। यहाँ ९८.५% घरधुरीमा विद्युत् पहुँच पुगेको छ, जसले मट्टीतेल जस्ता प्रदूषणकारी इन्धनको प्रयोगलाई उल्लेखनीय रूपमा घटाएको छ। सरसफाइको क्षेत्रमा पनि सुधार देखिन्छ, जहाँ ९६.१% परिवारसँग सुरक्षित तथा फ्लस शौचालय उपलब्ध छ। त्यस्तै, ९१.९% परिवारले पाइप वा धाराको पानी प्रयोग गरिरहेका छन्, जसले खानेपानी पहुँचमा सकारात्मक प्रगति सङ्केत गर्छ।

तर, वातावरणीय दिगोपनासँग सम्बन्धित केही गम्भीर चुनौतीहरू अझै कायम छन्। मुख्य रूपमा, ९७.४% परिवार खाना पकाउन दाउरा तथा काठमा निर्भर रहनु वन स्रोतमा उच्च दबाबको सङ्केत हो। यसले वन विनाश, भू-क्षय तथा बाढी-पहिरोको जोखिम बढाउने मात्र होइन, घरभित्रको वायु प्रदूषणका कारण महिला र बालबालिकाको स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पार्ने सम्भावना पनि बढाउँछ। एल.पी. ग्यास वा विद्युत् चुलोको पूर्ण रूपमा प्रयोग गर्ने जनसङ्ख्या केवल २.६% मात्र हुनु वैकल्पिक ऊर्जा अपनाउने दर अत्यन्त न्यून रहेको देखिन्छ । तथापि आंशिक रूपमा एल.पी. ग्यासको प्रयोग गर्ने जनसङ्ख्या उल्लेख्य रहेका छ । स्थानीय बस्तीहरूबाट तथा स्वास्थ्य चौकीबाट निस्किएको फोहोरको उचित व्यवस्थापन पनि गाउँपालिकाको प्रमुख जिम्मेवारीको रूपमा रहेको छ ।

### २.५.४. विपद व्यवस्थापन

गाउँपालिकामा जोखिमयुक्त बस्तीका रूपमा पोखेडाँडा र काफलडाँडा पहिचान गरिएका छन् । यस्ता क्षेत्रमा भू-संरचनागत कमजोरी र भिरालो जमिनका कारण पहिरो तथा भू-स्खलनको सम्भावना उच्च रहेको देखिन्छ। प्रमुख पहिरो जाने क्षेत्रहरूमा बरेलडाँडा, पोखेडाँडा, काफलडाँडा, कृषि क्याम्पस क्षेत्र तथा ढुङ्गे देउराली पर्दछन्, जसले वर्षायाममा भौतिक संरचना, कृषि भूमि र आवासीय बस्तीमा प्रत्यक्ष जोखिम सिर्जना गर्ने सम्भावना बढाउँछ । त्यस्तै, खोला तथा जलजन्य विपद् प्रभावित क्षेत्रहरूमा चौवाह, सेरिखोला र मथुराखोला क्षेत्र समावेश छन् । यी क्षेत्रमा बाढी, कटान तथा आकस्मिक जलप्रवाहका घटनाहरूको जोखिम रहने देखिन्छ, जसले कृषि भूमि र स्थानीय पूर्वाधारमा असर पार्न सक्छ ।

विपद् व्यवस्थापनका लागि गाउँपालिकामा हाल ३ जना जनशक्ति परिचालित छन् । यसले नियमित पूर्वतयारी, तत्काल उद्धार तथा राहत व्यवस्थापनमा सीमित मानव संसाधन रहेको सङ्केत गर्छ । नीतिगत रूपमा गाउँपालिकासँग विपद् कोष व्यवस्थापन कार्यविधि उपलब्ध छ, जसले विपद् व्यवस्थापनका लागि संस्थागत आधार तयार गरेको देखिन्छ ।




बजेट विनियोजनसम्बन्धी स्पष्ट विवरण उल्लेख नभए पनि विपद् व्यवस्थापनका प्रमुख कार्यक्रमहरू मा विपद् पूर्व तयारी, उद्धार तथा राहत कार्यहरू सञ्चालन हुने गरेका छन्।

## २.६ सुशासन तथा संस्थागत विकास

### २.६.१. स्थानीय नीति ऐन, नियम सुशासन

छत्रदेव गाउँपालिकाको आधिकारिक वेबसाइटको अध्ययन गर्दा गाउँपालिकाले विभिन्न विषयगत क्षेत्रलाई व्यवस्थित गर्न स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । वेबसाइटमा प्रकाशित कानुनहरूको विवरणअनुसार हाल गाउँपालिकामा**कुल ५४ वटा स्थानीय कानुन** (ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड समेत) कार्यान्वयनमा रहेका छन्, जसले स्थानीय शासन, आर्थिक प्रशासन, शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, न्यायिक समिति, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा संस्थागत व्यवस्थापनलगायतका क्षेत्रलाई नियमन गर्ने कार्य गरिरहेका छन् । यी कानुनी व्यवस्थाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मअनुसार गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन महत्त्वपूर्ण आधार प्रदान गरेका छन् ।

### २.६.२ संगठनात्मक विकास

गाउँपालिकाको कर्मचारी विवरणअनुसार गाउँपालिकामा विभिन्न तह र पदमा कार्यरतकुल ३० जना कर्मचारीरहेको देखिन्छ। यसमध्येसातौं तहमा ३ जना (सूचना अधिकारी/इन्जिनियर, जनस्वास्थ्य अधिकृत तथा समकक्ष अधिकृत), छैठौं तहमा २ जना (प्राविधिक अधिकृत तथा रोजगार संयोजक), पाँचौं तहमा ४ जना (पशु स्वास्थ्य प्राविधिक, कृषि प्राविधिक, मनोसामाजिक परामर्शकर्ता तथा सहायक पाँचौं तहका वडा सचिव), चौथौं तहमा १ जना वडा सचिव, विभिन्न प्राविधिक तथा सहायक पदमा कार्यरत कर्मचारी, ५ जना वडा सचिव, २ जना सव-इन्जिनियर, १ जना अमिन, १ जना एमआईएस अपरेटर, १ जना कम्प्युटर अधिकृत, १ जना सूचना प्रविधि अधिकृत, १ जना सहायक लेखा अधिकृत, १ जना सहायक शिक्षा अधिकृत,

१ जना सहायक कम्प्युटर अधिकृत, १ जना उद्यम विकास सहजकर्ता, १ जना सवारी चालक तथा ४ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् । साथै, प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनिक तथा प्राविधिक संरचनामार्फत् गाउँपालिकाको दैनिक प्रशासन, विकास निर्माण तथा सेवा प्रवाह सञ्चालन भइरहेको अवस्था देखिन्छ।

गाउँपालिकामा उपलब्ध जनशक्तिको संरचनाले शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, सूचना प्रविधि, प्राविधिक सेवा, रोजगार तथा प्रशासनिक सेवाजस्ता प्रमुख क्षेत्रहरू समेटेको देखिन्छ । यद्यपि सीमित जनशक्तिबाट बहुआयामिक जिम्मेवारी निर्वाह गर्नुपरेकाले सेवा विस्तारसँगै दक्ष प्राविधिक तथा प्रशासनिक जनशक्तिको थप व्यवस्थापन आवश्यक देखिन्छ । त्यसका बाबजुद हालको जनशक्ति संरचनाले गाउँपालिकाको आधारभूत प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

### २.६.३ वित्तीय स्रोत

छत्रदेव गाउँपालिकाको वित्तीय संरचना मुख्य रूपमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँट तथा सीमित आन्तरिक आयमा आधारित रहेको देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा गाउँपालिकाको कुल आय ५५ करोड १ लाख रुपैयाँ रहेकोमा २०८०/८१ मा घटेर ४८ करोड ४ लाख रुपैयाँ पुगेको थियो भने २०८१/८२ मा पुनः वृद्धि भई ४९ करोड १६ लाख रुपैयाँ पुगेको देखिन्छ । यसले गाउँपालिकाको वित्तीय स्रोतमा स्थिरता भन्दा पनि अनुदान तथा हस्तान्तरणमा आधारित उतारचढाव रहेको देखाउँछ ।

तालिका ८ वित्तिय अवस्थाको प्रवृत्ति

| अनुदान/आय शीर्षक | २०७९/८० (रु.) | २०८०/८१ (रु.) | वृद्धि दर % | २०८१/८२ (रु.) | वृद्धि दर % |
|---|---|---|---|---|---|
| **आन्तरिक आय** | ५६,७०,५५२ | ५८,२४,५१८ | +२.७% | ६६,५५,४०७ | +१४.३% |
| **राजश्व बाँडफाँटबाट प्राप्त आय** | ७,६२,६६,७२७ | ९,१७,४५,८६१ | +२०.३% | ८,८५,४४,३०० | -३.५% |
| **नेपाल सरकार (भ्याट/अन्तःशुल्क)** | ७,०४,५०,२३५ | ८,६०,५९,८०० | +२२.२% | ८,२६,४७,४७५ | -४.०% |
| **प्रदेश सरकार राजश्व बाँडफाँट** | ५८,१६,४९२ | ५६,८६,०६१ | -२.२% | ५८,९६,८२५ | +३.७% |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ३७,८५,३५,४५५ | ३३,७७,७३,२८३ | -१०.८% | ३४,५२,२९,२५६ | +२.२% |
| **वित्तीय समानीकरण अनुदान** | १०,५५,४२,५०० | ९,२४,४५,००० | -१२.४% | ९,२९,५२,८८० | +०.५% |
| **सशर्त अनुदान (पूँजीगत)** | २२,८५,०९,४१८ | २१,८०,६२,५५८ | -४.६% | २३,७२,७६,३७६ | +८.८% |

| | | | | | |
|---|---|---|---|---|---|
| **समपूरक अनुदान** | १,०४,९९,५७५ | १,३५,००,००० | +२८.६% | १,५०,००,००० | +११.१% |
| **विशेष अनुदान** | ३,३९,८३,९६२ | १,३७,६५,७२५ | -५९.५% | ० | -१००% |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २,७४,१३,१८२ | १,६४,६८,६७७ | -३९.९% | २,०८,९१,५२५ | +२६.९% |
| **मौज्दात रकम** | ८,८९,८१,३०१ | ४,६७,०६,८३१ | -४७.५% | ३,०२,९४,७८१ | -३५.१% |
| कुल आय/बजेट | **५५,०१,२५,६८५** | **४८,०४,४४,२१७** | **-१२.७%** | **४९,१६,१५,२६९** | **+२.३%** |

स्रोतः लेखा शाखा, २०८३

आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७९/८० मा ५६ लाख ७० हजार रुपैयाँ रहेको राजश्व २०८१/८२ मा बढेर ६६ लाख ५५ हजार रुपैयाँ पुगेको छ । तीन वर्षको अवधिमा आन्तरिक आयमा करिब १७.४ प्रतिशत वृद्धि भएको देखिन्छ । यद्यपि कुल बजेटको तुलनामा आन्तरिक आयको हिस्सा अत्यन्त न्यून (करिब १-१.५ प्रतिशत) रहेको छ, जसले गाउँपालिकाको वित्तीय आत्मनिर्भरतामा चुनौती रहेको देखाउँछ ।

राजश्व बाँडफाँटबाट प्राप्त आय २०७९/८० मा ७ करोड ६२ लाख रुपैयाँबाट बढेर २०८०/८१ मा ९ करोड १७ लाख पुगेको भए पनि २०८१/८२ मा केही घटेर ८ करोड ८५ लाख रुपैयाँ पुगेको देखिन्छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण गाउँपालिकाको प्रमुख स्रोतका रूपमा रहेको छ । विशेषगरी सशर्त अनुदान पूँजीगततर्फ २०७९/८० मा २२ करोड ८५ लाख रुपैयाँ रहेकोमा २०८१/८२ मा बढेर २३ करोड ७२ लाख रुपैयाँ पुगेको छ, जसले पूर्वाधार, स्वास्थ्य, शिक्षा तथा कृषि क्षेत्रमा लगानी विस्तार भइरहेको सङ्केत गर्दछ ।

प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण भने तुलनात्मक रूपमा कम रहेको छ । आर्थिक वर्ष २०७९/८० मा २ करोड ७४ लाख रुपैयाँ रहेको प्रदेश हस्तान्तरण २०८०/८१ मा घटेको भए पनि २०८१/८२ मा पुनः बढेर २ करोड ८ लाख रुपैयाँ पुगेको देखिन्छ । विशेष तथा समपूरक अनुदानमा उतारचढाव देखिनुले आयोजना आधारित लगानी स्थिर नरहेको सङ्केत गर्दछ ।

विगत तीन आर्थिक वर्षको समग्र प्रवृत्ति हेर्दा गाउँपालिकाको कुल बजेट औसत ३-५ प्रतिशतको वार्षिक वृद्धिदरमा रहने सम्भावना देखिन्छ । यही आधारमा आगामी पाँच वर्षमा गाउँपालिकाको वार्षिक बजेट करिब ५५-६० करोड रुपैयाँको हाराहारीमा पुग्न सक्ने अनुमान गर्न सकिन्छ । कृषि व्यवसायीकरण, सडक स्तरोन्नति, सिँचाइ, स्वास्थ्य पूर्वाधार, डिजिटल सेवा, खानेपानी तथा विपद् व्यवस्थापन क्षेत्रमा लगानी वृद्धि हुने सम्भावना रहेको छ ।

तर सीमित आन्तरिक राजश्व, संघीय अनुदानमा उच्च निर्भरता, सञ्चालन खर्च वृद्धि तथा वैदेशिक रोजगारीमा आधारित स्थानीय अर्थतन्त्र गाउँपालिकाका दीर्घकालीन वित्तीय चुनौतीका रूपमा रहेका छन् । त्यसैले आगामी अवधिमा कर दायरा विस्तार, कृषि तथा पर्यटनजन्य आय अभिवृद्धि, निजी क्षेत्रसँग सहकार्य तथा स्थानीय स्रोत परिचालनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ ।

### २.६.४ योजना व्यवस्थापन

छत्रदेव गाउँपालिकाका ९० प्रतिशत योजना उपभेक्ता समितिबाट सञ्चालित छन भने ठेक्का मार्फतसञ्चालित योजना नगन्य छन् । गाउँपालिकाले पूर्वाधार क्षेत्रका योजना सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा कार्यान्वयन गरीरहेको छ ।

विषय क्षेत्रगत योजना व्यवस्थापनको सन्दर्भमा आर्थिक वर्ष २०७९/८० देखि २०८२/८३ सम्मको क्षेत्रगत बजेट विनियोजन र खर्च प्रगतिको तुलनात्मक विश्लेषण गर्दा सामाजिक विकास र पूर्वाधार क्षेत्र अपेक्षाकृत स्थिर र उच्च कार्यान्वयन क्षमतामा देखिन्छन् । सामाजिक विकास क्षेत्रमा खर्च प्रगति ८८.३९% देखि ८१.४४% सम्म कायम रहनु यसको निरन्तर प्राथमिकता र प्रभावकारी कार्यान्वयनको सङ्केत हो । पूर्वाधार विकास क्षेत्रले ८७.६५% देखि ९२.६१% सम्मको उच्च खर्च दर कायम राख्दै सबैभन्दा दक्ष स्रोत उपयोग देखाएको छ । तर आर्थिक विकास क्षेत्र तुलनात्मक रूपमा कमजोर देखिन्छ, जसको खर्च प्रगति ७६.७७% बाट केही वर्षमा ७२.१८% हुँदै ८३.४१% भए पनि २०८२/८३ मा निकै न्यून (१३.९७%) रहेको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च भने ६४.५३% देखि ८४.४०% सम्म उतारचढावपूर्ण देखिन्छ । समग्र रूपमा हेर्दा पूर्वाधार र सामाजिक विकासमा स्रोत व्यवस्थापन प्रभावकारी भए पनि आर्थिक विकास र प्रशासनिक क्षेत्रमा स्थिरता र दक्षता बढाउन आवश्यक देखिन्छ ।

तालिका ९ क्षेत्रगत योजना व्यवस्थापन

| आर्थिक वर्ष | सूचक | आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार विकास | कार्यालय सञ्चालन तथा प्रशासनिक |
|---|---|---|---|---|---|
| **२०७९/८०** | विनियोजन | ४५,२९६ | ३४७,८५३ | १५९,५३१ | ८३,६३५ |
| | खर्च (%) | **७६.७७%** | **८८.३९%** | **८७.६५%** | **६४.५३%** |
| **२०८०/८१** | विनियोजन | ३४,३०५ | ३४१,८३४ | १११,५०५ | ७७,१६४ |
| | खर्च (%) | **७२.१८%** | **८६.६७%** | **९२.६१%** | **६९.४५%** |
| **२०८१/८२** | विनियोजन | २४,२०५ | ११९,५५७ | १०९,९४८ | २८१,७६५ |
| | खर्च (%) | **८३.४१%** | **८१.४४%** | **९१.००%** | **८४.४०%** |
| **२०८२/८३** *(हालसम्म)* | विनियोजन | ३०,०७५ | ३१०,७१३ | ११०,६५० | ९२,४८३ |
| | खर्च (%) | **१३.९७%** | **५८.२३%** | **२७.९०%** | **३५.९५%** |

स्रोत लेखा शाखा २०८३

## परिच्छेद तीनः सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

छत्रदेव गाउँपालिकाको दीर्घकालीन विकास दिशालाई स्पष्ट तथा यथार्थपरक बनाउन योजना तर्जुमा कार्यशाला, वडागत आवश्यकता पहिचान तथा प्राथमिकीकरण बैठक, विषयगत शाखागत छलफल, सरोकारवाला व्यक्ति तथा संस्थाहरूसँगको परामर्श तथा समुदायस्तरबाट प्राप्त सुझावहरूको समुचित विश्लेषण गरिएको छ । यस प्रक्रियाबाट गाउँपालिकाको वास्तविक धरातलीय अवस्था, विकासका सम्भावना, विद्यमान समस्या तथा चुनौतीहरूको पहिचान गरी समावेशी, दिगो र उत्पादनमुखी विकासको अवधारणा तय गरिएको हो । सोही अवधारणालाई आधार मानी छत्रदेव गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, क्षेत्रगत प्राथमिकता, कार्यनीति तथा रणनीतिक महत्त्वका प्रमुख कार्यक्रम र गाउँ गौरवका आयोजनाहरू यस योजनामा समेटिएका छन् ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

| **समस्या** | **चुनौती** |
|---|---|
| ❖ मानव संसाधनको अभाव | ❖ सेवा प्रवाहलाई निरन्तरता दिन सबैक्षेत्रमा आवश्यक सङ्ख्यामा जनशक्ति पदपूर्तिको व्यवस्था मिलाउनु। |
| ❖ विज्ञ कर्मचारीको अभाव | ❖ प्राविधिक तथा विशिष्टीकृत कार्यका लागि उच्च दक्षता भएका विषयगत विज्ञहरूलाई आकर्षित गर्नु र टिकाइ राख्नु। |
| ❖ मानव संसाधनको कार्यगत क्षमताको अभाव | ❖ विद्यमान कर्मचारीहरूको ज्ञान, सीप र प्रविधिसम्बन्धी क्षमता अभिवृद्धि गरी नतिजामुखी कार्यसम्पादन गराउनु। |
| ❖ विषयगत समितिको क्षमताको अभाव | ❖ नीतिगत निर्णय र अनुगमनका लागि विषयगत समितिका सदस्यहरूलाई सक्षम र उत्तरदायी बनाउनु। |
| ❖ आन्तरिक वित्तीय स्रोतको न्यूनता | ❖ सङ्घीय अनुदानमाथिको निर्भरता घटाई स्थानीयस्तर मै राजस्व सङ्कलनका नयाँ र दिगो दायराहरू पहिचान गर्नु। |
| ❖ खर्च गर्ने क्षमताको अभाव (पूँजीगत खर्च पूर्ण नहुनु) | ❖ विनियोजित बजेटलाई समयमै, पारदर्शी र पूर्ण रूपमा पुँजीगत निर्माणमा खर्च गर्ने क्षमता बढाउनु। |
| ❖ नवीनतम् कार्यक्रमको अभाव | ❖ परम्परागत ढाँचा छाडेर स्थानीय आवश्यकतामा आधारित रचनात्मक, प्रविधिमैत्री र नवीन विकास योजनाहरू ल्याउनु। |
| ❖ सङ्घीय कानुनमा समयानुकूल परिवर्तन अभाव | ❖ परिवर्तनशील परिवेश र व्यावहारिक जटिलता अनुसार सङ्घीय कानुनी ढाँचामा बेलैमा परिमार्जन गर्नु। |
| ❖ वितरणमुखी कार्यक्रमको प्रधानता | ❖ पपुलिस्ट तथा वितरणमुखी बजेटलाई निरुत्साहित गर्दै दीर्घकालीन उत्पादनमूलक क्षेत्रमा स्रोत केन्द्रित गर्नु। |
| ❖ नागरिकमा गाउँको बसाइप्रति नैरास्यता | ❖ ग्रामीण क्षेत्रमा सेवा-सुविधा र अवसर सिर्जना गरी नागरिकमा गाउँमै बस्ने वातावरण र विश्वास जगाउनु। |

| | |
|---|---|
| ❖ जलस्रोतको सहज व्यवस्थापन हुन नसकेको | ❖ उपलब्ध जलस्रोतको सिँचाइ, खानेपानी र ऊर्जामा बहुआयामिक, विवादरहित र दिगो उपयोग सुनिश्चित गर्नु। |
| ❖ बसाइसराइको दर उच्च हुनु | ❖ ग्रामीण जनसङ्ख्या, श्रमशक्ति र उत्पादन प्रणाली जोगाउन तीव्र बसाइँसराईलाई रोक्नु वा सन्तुलित बनाउनु। |
| ❖ वित्तीय सुशासनको पूर्ण रूपमा कार्यान्वयनको अभाव | ❖ बजेट कार्यान्वयनमा वित्तीय अनुशासन, पारदर्शिता कायम गर्दै बेरुजु शून्य बनाउनु। |
| ❖ कर प्रणाली व्यवस्थित हुन नसकेको | ❖ कर सङ्कलन प्रणालीलाई पूर्ण रूपमा प्रविधिमैत्री, चुहावटमुक्त र करदातामैत्री बनाउनु। |

**३.३ सम्भावना तथा अवसर**

- ❖ सडक सञ्जालमा सुधार आउनु,
- ❖ शिक्षा, स्वास्थ्य, पूर्वाधार जस्ता आधारभूत आवश्यकताको उपलब्धतामा उल्लेख्य सुधार आउनु,
- ❖ स्थानीय तथा बाह्य बजारको पहुँच बढ्नु,
- ❖ डिजिटल पूर्वाधारको विस्तार हुनु,
- ❖ निजी क्षेत्रसँगको सहकार्यमा वृद्धि हुनु,
- ❖ कृषि तथा पशुपालनकालागि भौगोलिक सहजता हुनु,
- ❖ भौतिक संरचनाहरूको गुणस्तरीयतामा सुधार हुनु,
- ❖ नीतिगत सहजता हुनु,

**३.४ निर्देशक सिद्धान्त**

**क) सुशासनको प्रवर्धन** : सुशासनका लागि जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, उत्तरदायित्व प्रवर्धन गरिने छ । सार्वजनिक सेवा प्रवाह तथा काम कारवाहीहरूलाई पारदर्शी बनाइने छ र डिजिटल प्रविधि जडान गरी सार्वजनिक सेवा प्रवाहलाई अनलाइन गर्दै प्रभावकारी बनाइने छ । सामाजिक जवाफदेहिताका औजारहरू (सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही अभिमत, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बेरूजुफछ्र्यौट आदि) लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ । सामाजिक न्याय, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी एवम् सामुदायिकसाझेदारी, सहभागिताजस्ताअभ्यासहरू कार्यान्वयन गरिने छ ।

**ख) स्थानीय अर्थतन्त्र सुदृढीकरण** :छत्रदेव गाउँपालिकाको स्थानीय अर्थतन्त्रलाई सबल तथा सक्षम बनाउन निजी क्षेत्रसँगको सहकार्यमा नगदे बालीलाई प्रोत्साहन गरिने छ । स्थानीय रैथाने बालीको उत्पादकत्व अभिवृद्धि गर्ने, बजारीकरण गर्ने तथा कृषि उपजमा मूल्य सृङ्खला स्थापित गर्न सहकार्य गरिने छ ।

**ग) समन्वय, सहकार्य तथा साझेदारी**: दिगो तथा सन्तुलित विकासका लागि स्थानीय तथा बाह्य स्रोत साधनहरूको परिचालनका लागि अन्तरसरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवम् समुदायसँग प्रभावकारी समन्वय, साझेदारी तथा सहकार्य गरी विकास प्रक्रियालाई नतिजामुखी बनाइने छ । निजी तथा सहकारी क्षेत्रसँगको पूँजी, व्यवस्थापकीय सीप तथा अनुभवलाई विशेष

प्राथमिकता दिँदै उपयुक्त वातावरण सिर्जना गर्दै कृषिमा औद्योगिकीकरण, पर्यटन प्रवर्धन, जस्ता क्षेत्रहरूमा निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गरिने छ । शिक्षा तथा स्वास्थ्य सेवाको प्रवर्धन, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, यातायात व्यवस्थापन लगायतका क्षेत्रहरूमा अन्तरपालिका कनेक्टिभिटीलाई अभिवृद्धि गरिने छ ।

घ) **दिगो विकासः** दिगो विकासका आधारभूत पक्षहरू मूलतः आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय, वातावरण सन्तुलनलाई आत्मसाथ गरिने छ।विशेषगरी गुणस्तरीय एवम् उत्पादनशील भौतिक पूर्वाधारहरूको निर्माणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ ।आयोजनाहरूको स्थलगत अनुगमन, मूल्याङ्कन, निरीक्षण, गुणस्तर जाँच जस्ता संयन्त्रहरूको विकास गरी प्रभावकारी बनाइने छ।वार्षिक कार्यक्रममार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिने छ । आवधिक योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना एवम् वार्षिक कार्यक्रमबिच तादाम्यता स्थापित गर्दै नतिजामुखी बनाइने छ ।

ङ) **मानव संशाधन विकास तथा स्थानीय सेवा व्यवस्थापन** : प्रभावकारी सेवा प्रवाह, प्रशासनिक सहजता, चुस्तता र विकास कार्यहरूको प्रभावकारी सञ्चालनका लागि दक्ष मानव संशाधनको व्यवस्था, सीप र दक्षता विकास तथा प्रोत्साहन लगायतका अवसरहरूउपलब्ध गराइने छ । संगठन व्यवस्थापन सर्वेक्षण, मानव संशाधन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन ल्याइने छ ।

छ) **सामाजिक न्याय, समावेशीकरण एवम् समतामूलक विकास** :नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयकरण गरिने छ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरू सञ्चालन गरिने छ । आर्थिक तथा समाजिक रूपमा पछाडि परेका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरू सिर्जना गरिने छ । लक्षित वर्गलाई स्थानीय संरचनाहरूमा मूलप्रवाहीकरण एवम् समावेशीकरण गर्ने, सशक्तीकरण एवम् रोजगारीका अवसरहरू सिर्जना गरिने छ ।

ज) **विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन** : वातावरण संरक्षण ऐन तथा नियमहरू पालना गर्दै भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गरिने छ ।

### ३.५ सोच लक्ष्य उद्देश्य

| दीर्घकालीन सोच | **"छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान।"** |
|---|---|
| लक्ष्य | नीजि क्षेत्रसँगको सहकार्यमा व्यावसायिक कृषि तथा पशुपालनको आधारशिला तयार भई उद्यमशीलता उन्मुख ग्रामीण अर्थतन्त्रको जग बसेको हुने । |
| उद्देश्य | **क) आर्थिक विकास** |
| | कृषि तथा पशुपालन व्यवसायको प्रवर्धन, रोजगारी सिर्जना एवम् आयआर्जनबाट स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई गाउँपालिकाको आर्थिक स्थितिमा दिगो सुधार ल्याउने |
| | **ख) सामाजिक विकास** |
| | सामाजिक सेवा सुविधा एवम् पूर्वाधारहरूको पहुँचलाईउत्पदानशील तथासीपयुक्त मानव |

| | |
|---|---|
| | संशाधनको विकासमा प्रयेग गर्दै समन्यायिक समतामूलक समाज निर्माण गर्ने |
| | **ग) पूर्वाधार विकास** |
| | दिगो, सुरक्षित र वातावरणमैत्री भौतिक पूर्वाधारमा सबै वर्ग, समुदायको पहुँच अभिवृद्धि गर्दै जनजीवनमा सहजता ल्याउनु |
| | **घ) वन वातारण तथा विपद व्यवस्थापन** |
| | विपद् जोखिम न्यूनीकरण तथा जैविक विविधता एवम् प्राकृतिक स्रोतहरूको दिगो संरक्षण गर्दै उपयोग गर्नु |
| | **ङ) सुशासन तथा संस्थागत विकास** |
| | प्रविधिमैत्री संस्थागत क्षमता अभिवृद्धि एवम् सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सुशासन प्रवर्धन गर्नु |

### ३.६ परिमाणात्मक लक्ष्य

*तालिका १०:समष्टिगत परिमाणात्मक लक्ष्य*

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०८३/८४ सम्म | | | योजनाको अन्त्यको अवस्था २०८७/८८ | | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्घ | लुम्बिनी प्रदेश | छत्रदेव | सङ्घ | लुम्बिनी प्रदेश | छत्रदेव गापा |
| **समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | | | |
| बहुआयामिक गरिबी | प्रतिशत | २८.६ | १५.१ | .... | १३ | १०. | .... |
| निरपेक्षित गरिबी(प्राय सक्रिय नरहेको रोजगारीका आधारमा) | प्रतिशत | १८.७ | १२.४ | २० | ११ | ६. | १५ |
| निरपेक्षित गरिबी(न्युनस्तरको काम गर्ने कामदार) | प्रतिशत | | | १२ | | | ८ |
| प्रतिव्यक्ति वार्षिक आय | अ .डलर | १४५६ | १३४७ | | १५९५ | १६००. | .... |
| औषत आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ६९. | ६८ | ७२ | ७२ | ७० |
| साक्षरता दर | प्रतिशत | ७६.२ | ७९.७ | ७८.८ | ९० | ८५ | ९० |
| **विषयक्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | | | |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ११७.५ | .... | .... | .... | .... | .... |
| नियमित सिँचाइ भूमि | प्रतिशत | ३३ | .... | .... | .... | .... | .... |
| कृषिमा आवद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ५४.५ | ९०.१ | .... | ४० | ७८ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.५ | ४५.५ | ९ | .... | | २० |
| आधारभूत तहको भर्नादर | प्रतिशत | ९२.३ | | | ९९.५ | | |
| ३० मिनेटको दूरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ४९.३ | .... | ९० | .... | .... | ९५ |
| आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ८८ | ९४ | ९२ | ९९ | | ९५ |
| ३० मिनेटको दूरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ८२ | .... | ९० | ९५ | .... | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्युत् सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ८८ | ९३.७ | ९७ | ९९. | | ९९ |
| इन्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ६५.९ | ३८.९ | ७० | ८० | ५० | ९० |
| वन क्षेत्र ओगटेको भूमि | प्रतिशत | ४५.३ | | ४५ | .... | .... | ४५ |
| सेवा प्रवाहबाट सन्तुष्ट भएको अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | - | .... | ८० | .... | .... | ९० |
| स्रोत :मानव विकास प्रतिवेदन,२०२२,लुम्विनी प्रदेश दोश्रो आवधिक योजना २०८०/८१,सोहौं योजना २०८०/८१ | | | | | | | |

## ३.७ रणनीति र प्राथमिकता

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासको आधारशिला तयार गर्ने आवधिक योजना कार्यशालाले देहायका समष्टिगत रणनीति तथा प्राथमिकता तय गरेको छ :

| रणनीति | प्राथमिकता |
|---|---|
| विषयक्षेत्रगत नीति तय गर्ने | आवधिक योजनाले तय गरेको पञ्चवर्षीय लक्ष्य र उद्देश्य बमोजिमका विषयक्षेत्रमा आवश्यक नीति तर्जुमा गर्ने |
| कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्ने | कृषि तथा पशुपालनको व्यवसयिकता वृद्धिका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने |
| | रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण बढाउने |
| | कृषि तथा पशुपालन क्षेत्रमा संलग्न अगुवा तथा व्यावसायिक कृषकको क्षमता अभिवृद्धि गर्ने |
| | अगुवा कृषक तथा गाउँपालिका बिच व्यावसायिक साझेदारिता बढाउने |
| कृषि सडक सञ्जालको विकास गर्ने | वडाका प्रमुख बस्तीबाट कृषि क्षेत्रसम्म सडक सञ्जालले जोड्ने |
| मानवीय दक्षता अभिवृद्धि गर्ने | गाउँपालिकासँग सम्बन्धित उच्च दक्षता भएका व्यक्तिलाई गाउँपालिकाको विकासमा जेड्ने |
| | त्यस्ता व्यक्ति तथा संस्थासँग व्यावसायिक तथा सामाजिक साझेदारीता बढाउने |
| पूर्वाधारको पहूँचलाइ दिगो बनाउने | रणानीतिक सडकलाई बाह्रैमास सञ्चालन गर्न सकिने बनाउने |
| वन तथा जैविक विविधतालाई पूँजी निर्माणमा जोड्ने | गाउँपालिकामा उत्पादनशील वनस्पतीको प्रवर्धन गर्ने |
| प्रविधिमैत्री संस्थागत विकासमा जोड दिने | गाउँपालिकाको शासकीय प्रवन्धलाई प्रविधिमैत्री बनाउने |

### ३.७.१ गाउँगौरवका आयोजना

आवधिक योजना तर्जुमा कार्यशालाले छत्रदेव गाउँपालिकाको गाउँ गौरवका आयोजना तय गरेको छ । गौरवका आयोजनाको छनौटका लागि मुलभूत रूपमा दशवटा सूचकलाई आधार बनाइएको छ ।

| क्र.सं. | मापदण्ड | विवरण | अंक |
|---|---|---|---|
| १ | रणनीतिक तथा नीतिगत सामञ्जस्य | आवधिक योजना, दीर्घकालीन सोच, प्रदेश तथा संघीय नीतिसँग सामञ्जस्य | १५ |
| २ | आर्थिक प्रभाव तथा रोजगारी सिर्जना | आयआर्जन, उत्पादन वृद्धि, उद्यम विकास तथा रोजगारी सिर्जना | १५ |
| ३ | लाभग्राही जनसङ्ख्या तथा समावेशिता | प्रत्यक्ष लाभग्राही सङ्ख्या र लक्षित वर्गमा प्रभाव | १० |
| ४ | बहुक्षेत्रीय तथा बहुवडागत प्रभाव | एकभन्दा बढी वडा वा अन्तरपालिका सम्भावनालाई उजागर गर्ने | १० |
| ५ | कृषि, पर्यटन तथा उत्पादनमूलक सम्भावना | स्थानीय आर्थिक विकासका सम्भावनालाई प्रवर्धन गर्ने | १० |
| ६ | पूर्वाधार तथा सेवा सुधार | शिक्षा, स्वास्थ्य, सिँचाइ, सडक, खानेपानी आदिमा योगदान | १० |
| ७ | वातावरणीय दिगोपना तथा जलवायु अनुकूलन | वातावरण संरक्षण र जलवायुमैत्री विकासमा योगदान | ५ |
| ८ | विपद् जोखिम न्यूनीकरण | बाढी, पहिरो, डढेलो लगायतका जोखिम न्यूनीकरणमा योगदान | ५ |
| ९ | कार्यान्वयन सम्भाव्यता | जग्गा, प्राविधिक तयारी, स्रोत तथा संस्थागत क्षमता | १० |
| १० | दीर्घकालीन दिगोपना तथा सञ्चालन | सञ्चालन, मर्मत सम्भार तथा दीर्घकालीन प्रभाव | १० |
| **जम्मा** | | | **१००** |

| उद्देश्य नं. | रूपान्तरणाकारी आयोजना | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविलसङ्केत | लैङ्गिकसङ्केत | जलवायुसङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| १. | **भौतिक पूर्वाधार तथा यातायात क्षेत्र** | | | | | | | | | | | | |
| १.१ | अर्घातोष-चिदिपानी-मिलमिले सडक स्तरोन्नति (वडा नं. ८) | सङ्ख्या | १ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २१ | २ | ३ | १ |
| १.२ | छत्रदेव कृषि पहुँच मार्ग (वडा नं. ६जरेखोला-चौवाह-मथुरा-गज्याङ्ग-खर्ज्याङ्ग-पाङ्खोला-ढिकुरा-देउराली सडक स्तरोन्नति | सङ्ख्या | १ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ४१ | २ | ३ | १ |
| १.३ | अमराई मौलीपोखरा कृषि क्याम्पस मथुरा सडक स्तरोन्नति (वडा नं. ४) | सङ्ख्या | १ | ६० | ६० | ६० | ६० | ६० | ३०० | २ | २ | ३ | १ |
| १.४ | मथुरा-पिराफाँट-वेलाव-दर्लाम चनौटे बाँध, कुलो निर्माण तथा तटबन्धन (वडा नं. ३) | सङ्ख्या | १ | | | | | | ० | ० | २ | ३ | १ |
| १.५ | दोहोरा चौपारी-रैयाँ-एयरपोर्ट सडक स्तरोन्नति (वडा नं. ४) | सङ्ख्या | १ | ६० | ६० | ६० | ६० | ६० | ३०० | २ | २ | ३ | १ |
| १.६ | देउराली-भुस्खात-ढिकुरा-मडेलचौर-छत्रगञ्ज सडक स्तरोन्नति (वडा नं. ७) | सङ्ख्या | १ | १७५ | १७५ | १७५ | १७५ | १७५ | ८७५ | ६ | २ | ३ | १ |
| १.७ | मसानपुर्ने धारीचौर फेदीसम्म मोटरबाटो (वडा नं. २) | सङ्ख्या | १ | ७० | ७० | ७० | ७० | ७० | ३५० | २ | २ | ३ | १ |
| १.८ | बरारुख कट्टी चिदिखोला सडक निर्माण | सङ्ख्या | १ | ८० | ८० | ८० | ८० | ८० | ४०० | ३ | २ | ३ | १ |
| २. | **कृषि तथा पशुपंक्षी विकास क्षेत्र** | | | | | | | | | | | | |
| २.१ | खेतियोग्य जमिन संरक्षण योजना | सङ्ख्या | १ | ४०० | ४०० | - | - | - | ८०० | ६ | २ | ३ | १ |
| २.२ | उच्च मुल्यका कृषि उपज प्रवर्धन कार्यक्रम | | | १५० | १५० | १५० | १५० | १५० | ७५० | ५ | २ | ३ | १ |
| २.३ | दुध र मासु प्रवर्धन कार्यक्रम | | | १५० | १५० | १५० | १५० | १५० | ७५० | ५ | २ | ३ | १ |
| ३.४ | **खेलकूद** | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | छत्रदेव रङ्गशाला स्तरोन्नति (वडा नं. ५) | सङ्ख्या | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ३ | २ | ३ | १ |
| | **विद्यालय** | | | | | | | | | | | | |
| | ICT Based SMART Schoolपरियोजना | सङ्ख्या | | ५० | ३० | २० | २० | १५ | १३५ | १ | २ | ३ | १ |
| 1.1 | **पर्यटन प्रवर्धन** | | | | | | | | | | | | |
| 1.2 | नेपालको खाटु श्यामः छत्रमहाराज अभियान तथा ऐतिहासिक बल्कोट पौवा पर्यटन प्रवर्धन | सङ्ख्या | १ | ४० | ४० | ५० | १०० | १०० | ३३० | २ | | | |
| 1.3 | **स्वास्थ्य** | | | | | | | | | | | | |
| 1.5 | छत्रदेव आधारभूत अस्पताल तथा स्वास्थ्य सेवा सुदृढीकरण | | १ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ० | २ | ३ | १ |
| | जम्मा | | | ३१४२ | ३१२२ | २७२२ | २७७२ | २७६७ | १४५२५ | | | | |

क्षेत्रगत संरचनाको विश्लेषण

| **क्षेत्र** | **मुख्य आयोजना प्रकृति** | **प्राथमिकता स्तर** |
|---|---|---|
| भौतिक पूर्वाधार तथा यातायात | सडक स्तरोन्नति, मोटरबाटो | उच्च |
| कृषि तथा पशुपालन | उत्पादन, बजार पहुँच, संरक्षण | उच्च |
| शिक्षा (ICT आधारित SMART School) | डिजिटल शिक्षा सुधार | मध्यम-उच्च |
| पर्यटन प्रवर्धन | ऐतिहासिक तथा सांस्कृतिक विकास | मध्यम |
| स्वास्थ्य सेवा | अस्पताल सुदृढीकरण | आधारभूत तर स्थिर |
| खेलकुद | रंगशाला स्तरोन्नति | सहायक विकास क्षेत्र |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

छत्रदेव गाउँपालिकाको आवधिक योजना आ.व. २०८२/८३ लाई आधार वर्ष मानी आ.व. २०८३/८४ देखि २०८७/८८ सम्मको पाँच वर्षे कार्यान्वयन अवधिका लागि तयार गरिएको हो। योजनामा पहिचान गरिएका रणनीतिक, गाउँ गौरव तथा विषयगत क्षेत्रका आयोजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक लगानी, सम्भावित वित्तीय स्रोत तथा क्षेत्रगत बाँडफाँटको यथार्थपरक अनुमान गरिएको छ। उपलब्ध वित्तीय स्रोत, विगतको बजेट प्रवृत्ति, अन्तरसरकारी वित्तीय हस्तान्तरणको अवस्था तथा स्थानीय राजस्वको सम्भावनालाई आधार मानी योजना अवधिको लगानी संरचना निर्धारण गरिएको हो।

### ३.८.१. कुल लगानी आवश्यकता

आवधिक योजना कार्यान्वयनका लागि पाँच वर्षमा कुल रू. ३ अर्व ७४ करोड ७० लाख बराबरको लगानी आवश्यकता अनुमान गरिएको छ। यसमध्ये रू. १ अर्व ४५ करोड २५ लाख गाउँ गौरवका आयोजनाका लागि र रू. २ अर्व २९ अर्व ४५ लाख विभिन्न विषयगत क्षेत्रका कार्यक्रम तथा आयोजनाका लागि विनियोजन गरिएको छ।

तालिका ११ लगानीका क्षेत्र

| लगानीको क्षेत्र | रकम (रू. लाख) | कुल लगानीमा हिस्सा |
|---|---|---|
| गाउँ गौरवका आयोजना | १४,५२५ | ३८.७६% |
| विषयगत क्षेत्रका आयोजना तथा कार्यक्रम | २२,९४५ | ६१.२४% |
| जम्मा | ३७,४७० | १००.००% |

यस लगानी संरचनाले गाउँपालिकाले एकातर्फ दीर्घकालीन प्रभाव पार्ने गाउँ गौरवका आयोजनालाई प्राथमिकता दिएको र अर्कोतर्फ आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा संस्थागत विकासका कार्यक्रमलाई समानान्तर रूपमा अघि बढाउने नीति लिएको देखाउँछ।

विषयगत क्षेत्रका लागि छुट्याइएको रू. २ अर्व २९ करोड ४५ लाख मध्ये सबैभन्दा बढी लगानी पूर्वाधार क्षेत्रमा, त्यसपछि सामाजिक तथा आर्थिक क्षेत्रमा केन्द्रित गरिएको छ।

तालिका ११. १ विषयगत क्षेत्र बाँटफाँट

| विषयगत क्षेत्र | रकम (रू. लाख) | विषयगत बजेटमा हिस्सा |
|---|---|---|
| आर्थिक क्षेत्र | ४,२८८ | १८.६९% |
| सामाजिक क्षेत्र | ७,२५२ | ३१.६१% |
| पूर्वाधार क्षेत्र | ९,७८२ | ४२.६३% |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | १,७४३ | ७.६०% |
| संस्थागत विकास तथा सुशासन | ९९३ | ४.३३% |
| जम्मा | २२,९४५ | १००.००% |

पूर्वाधार क्षेत्रमा ४२.६३ प्रतिशत लगानी हुनुबाट सडक, सार्वजनिक भवन, जलस्रोत, ऊर्जा तथा अन्य आधारभूत संरचनाको विस्तारलाई उच्च प्राथमिकता दिइएको स्पष्ट हुन्छ। सामाजिक क्षेत्रमा ३१.६१ प्रतिशत लगानीले शिक्षा, स्वास्थ्य, पोषण तथा सामाजिक समावेशीकरणलाई योजनाको प्रमुख आधारका रूपमा लिइएको देखाउँछ। आर्थिक क्षेत्रभित्र कृषि तथा पशुपालनमा अधिकांश स्रोत केन्द्रित गरिएको छ, जसले गाउँपालिकाको स्थानीय अर्थतन्त्रको आधारका रूपमा कृषि क्षेत्रलाई मान्यता दिएको छ।

आ.व. २०८२/८३ लाई आधार वर्ष मानी योजना कार्यान्वयन हुने आ.व. २०८३/८४ देखि २०८७/८८ सम्मको पाँच वर्षका लागि उपलब्ध वित्तीय स्रोतको प्रक्षेपण निम्नानुसार गरिएको छ।

तालिका ११. २ प्रक्षेपित स्रोत

| आर्थिक वर्ष | प्रक्षेपित स्रोत (रू. लाख) |
|---|---|
| २०८३/८४ | ५,७६६ |
| २०८४/८५ | ६,३४७ |
| २०८५/८६ | ६,९८६ |
| २०८६/८७ | ७,६९१ |
| २०८७/८८ | ८,४६६ |
| जम्मा | ३५,२५६ |

आधार वर्ष २०८२/८३ मा अनुमानित कुल स्रोत रू. ५,२३८ लाख रहेको छ। विगतको राजस्व तथा अनुदान प्रवृत्ति, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा स्थानीय राजस्वको सम्भावित वृद्धिलाई आधार मानी योजना अवधिमा स्रोत परिचालन क्रमशः वृद्धि

हुने अनुमान गरिएको छ। पाँच वर्षमा कुल रू. ३ अर्व ५२ करोड ५६ लाख स्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ। गाउँपालिकाको अनुमानित वित्तीय स्रोत मुख्यतः निम्न आधारमा रहनेछः

- आन्तरिक राजस्व,
- संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान,
- संघीय सरकारबाट प्राप्त सशर्त अनुदान,
- संघीय राजस्व बाँडफाँट,
- प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा सशर्त अनुदान,
- प्रदेश राजस्व बाँडफाँट,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान,
- विशेष अनुदान तथा अन्य सम्भावित साझेदारी स्रोत।

उपलब्ध स्रोत संरचनाले गाउँपालिकाको बजेटमा संघीय सरकारबाट प्राप्त सशर्त तथा समानीकरण अनुदानको प्रमुख भूमिका रहने देखाउँछ। स्थानीय आन्तरिक राजस्वको हिस्सा तुलनात्मक रूपमा कम रहेकाले योजना अवधिमा राजस्व प्रशासन सुधार, करको दायरा विस्तार तथा गैरकर राजस्वको प्रभावकारी परिचालन आवश्यक हुनेछ।

### ३.८.३ लगानी र स्रोतबीचको अन्तर

आवधिक योजनाको कुल अनुमानित लगानी आवश्यकता रू. ३७,४७० लाख रहेको छ भने योजना कार्यान्वयन अवधिमा प्रक्षेपित कुल स्रोत रू. ३५,२५६ लाख मात्र रहेको छ।

| विवरण | रकम (रू. लाख) |
|---|---|
| कुल लगानी आवश्यकता | ३७,४७० |
| पाँच वर्षको प्रक्षेपित स्रोत | ३५,२५६ |
| वित्तीय अन्तर | २,२१४ |

यसअनुसार योजना अवधिमा करिब रू. २,२१४ लाख (रू. २२.१४ करोड) अतिरिक्त स्रोत आवश्यक पर्ने देखिन्छ। यो कुल लगानी आवश्यकताको करिब ५.९ प्रतिशत हो।

तर छत्रदेव गाउँपालिकाको आ.व. २०८२/८३ लाई आधार वर्ष मानी आ.व. २०८३/८४ देखि २०८७/८८ सम्मको पाँच वर्षमा गाउँपालिकाको कुल बजेट रू. ३ अर्व ५२ करोड ५५ लाख पुग्ने प्रक्षेपण गरिएको छ। उक्त कुल बजेटमध्ये चालु खर्चका लागि रू. २ अर्व ११ करोड ५३ लाख र पुँजीगत खर्चका लागि रू. १अर्व ४१करोड ०२ लाख विनियोजन हुने अनुमान गरिएको छ।

यसरी आवधिक योजनाको लगानी आवश्यकता पूरा गर्न उपलब्ध हुने प्रमुख स्रोतका रूपमा पुँजीगत खर्चलाई आधार मान्दा योजनाको वित्तीय अवस्था तुलनात्मक रूपमा चुनौतीपूर्ण देखिन्छ।

पाँच वर्षको कुल प्रक्षेपित पुँजीगत खर्च रू. १ अर्ब ४१ करोड ०२ लाख मात्र रहेको हुँदा आवधिक योजनाको कुल लगानी आवश्यकता रू. ३ अर्ब ७४ करोड ७० लाखको तुलनामा **रू. २ अर्ब ३३ करोड ६८ लाख को वित्तीय अन्तर** देखिन्छ। अर्थात् नियमित पुँजीगत बजेटबाट आवधिक योजनाको कुल लगानी आवश्यकताको करिब **३७.६३ प्रतिशत मात्र** सम्बोधन गर्न सकिने र बाँकी **६२.३७ प्रतिशत** लगानीका लागि अतिरिक्त स्रोत आवश्यक पर्ने देखिन्छ। यसले आवधिक योजनामा समावेश गरिएका सबै आयोजना तथा कार्यक्रमहरू नियमित वार्षिक पुँजीगत बजेटबाट मात्र कार्यान्वयन गर्न सम्भव नहुने स्पष्ट संकेत गर्दछ।

यस वित्तीय अन्तरलाई सम्बोधन गर्न गाउँपालिकाले संघ तथा प्रदेश सरकारका **समपूरक, विशेष तथा सशर्त अनुदान**, अन्तरसरकारी सहलगानी, विकास साझेदार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रको स्रोत परिचालन गर्नुपर्ने देखिन्छ। विशेषगरी गाउँ गौरवका आयोजना तथा ठूला पूर्वाधार आयोजनाका लागि बहुवर्षीय स्रोत सुनिश्चितता र संघ—प्रदेश—स्थानीय तहबीच सहलगानीको व्यवस्था आवश्यक हुनेछ। साथै, सीमित पुँजीगत स्रोतलाई उच्च आर्थिक तथा सामाजिक प्रतिफल दिने आयोजना, उत्पादन तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम र अत्यावश्यक आधारभूत पूर्वाधारमा प्राथमिकताका साथ विनियोजन गर्नुपर्ने हुन्छ।

### ३.८.४ वित्तीय अन्तर पूर्ति गर्ने रणनीति

उक्त वित्तीय अन्तर पूर्ति गर्न गाउँपालिकाले निम्न रणनीति अवलम्बन गर्नेछ:

१. स्थानीय कर तथा गैरकर राजस्वको दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने।
२. संघ तथा प्रदेश सरकारका समपूरक र विशेष अनुदानका लागि उच्च प्राथमिकताका आयोजना प्रस्ताव गर्ने।
३. गाउँ गौरव तथा ठूला पूर्वाधार आयोजनामा संघ, प्रदेश र स्थानीय तहबीच सहलगानीको व्यवस्था गर्ने।
४. कृषि, पशुपालन, पर्यटन तथा उद्यम विकासमा निजी क्षेत्र, सहकारी तथा समुदायको सहलगानी परिचालन गर्ने।
५. विकास साझेदार तथा गैरसरकारी संस्थाका कार्यक्रमलाई आवधिक योजनासँग समन्वय गरी स्रोतको दोहोरोपन हटाउने।

६. आयोजना बैंक निर्माण गरी स्रोत उपलब्धताको आधारमा उच्च प्रतिफलयुक्त आयोजनालाई प्राथमिकता दिने।

७. बजेट विनियोजनलाई भौतिक निर्माणमा मात्र सीमित नगरी उत्पादन, रोजगारी, आय वृद्धि तथा सेवा पहुँचसँग जोड्ने।

## परिच्छेद चारः आर्थिक विकास

### ४.१ कृषि तथा पशुपंक्षीपालन

#### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरी देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । त्यसैगरी १६ औँ योजनाले दीर्घकालीन लक्ष्यका रूपमा उच्च र दिगो उत्पादन / उत्पादकत्व, तीव्र,दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई तथा दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रूपमा ग्रहण गरेको छ । यसअनुसार कृषि क्षेत्रलाई औद्योगिकीकरणका माध्यमबाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिबी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्बन्धी, कृषि उत्पादन व्यवस्थापन, कृषि तथा पशुपंक्षीबजार सूचना दिने, बजार तथा हाटबजारको पूर्वाधार निर्माण गर्ने, साना सिँचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामग्री आपूर्ति गर्ने, कृषकको क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशुआहार, पशुपंक्षी बीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन गर्ने र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन, विकास एवम्बजारीकरण गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र समावेश गरेको छ ।

#### ४.१.२ समस्या तथा चुनौती

| समस्या | चुनौती |
|---|---|
| ❖ सबै वडामा बाँदर तथा बँदेलको प्रकोपका कारण कृषि उत्पादनमा क्षति। | ❖ जङ्गली जनावर नियन्त्रण, क्षतिपूर्ति तथा वैज्ञानिक रोकथामका उपाय अपनाएर किसानको बालीनाली र मिहिनेत जोगाउनु। |
| ❖ युवा वैदेशिक रोजगारीमा जाँदा खेतीयोग्य जमिन बाँझिने अवस्था। | ❖ कृषि क्षेत्रमा आकर्षक अवसर र लाभ सिर्जना गरी युवा जनशक्तिलाई स्वदेशमै कृषि कर्ममा टिकाइ राख्नु। |
| ❖ कृषि उत्पादन अझै निर्वाहमुखी रहेको र व्यवसायीकरण हुन नसकेको। | ❖ परम्परागत खेती प्रणालीलाई आधुनिक, प्रविधिमैत्री र व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्नु। |
| ❖ कृषि उपकरणहरूको गुणस्तर तथा दीर्घकालीन उपयोगिता कमजोर रहेको। | ❖ वितरण गरिएका प्रविधि र उपकरणहरूको गुणस्तर सुनिश्चित गर्दै दीर्घकालीन सञ्चालन र मर्मत-सम्भारको व्यवस्था मिलाउनु। |
| ❖ सिँचाइ सुविधा सीमित र लिफ्टिङ प्रविधिको सञ्चालन खर्च उच्च रहेको। | ❖ सिँचाइको पहुँच विस्तार गर्दै लिफ्टिङ सिँचाइको सञ्चालन खर्च कम गर्ने (नवीकरणीय ऊर्जा आदि) |

| | |
|---|---|
| | विकल्प खोज्नु। |
| ❖ रैथाने बाली तथा जैविक विविधता संरक्षण कमजोर रहेको। | ❖ आधुनिक बीउ र प्रविधिको प्रयोगसँगै स्थानीय रैथाने बाली तथा जैविक विविधताको संरक्षण र प्रवर्धन गर्नु। |
| ❖ कृषि उत्पादनको प्रशोधन, भण्डारण तथा बजारीकरण प्रणाली कमजोर रहेको | ❖ उपजको सड्ने-कुहिने क्षति रोक्न शीतभण्डार (Cold Storage), प्रशोधन केन्द्र र व्यवस्थित बजार सञ्जाल स्थापना गर्नु। |
| ❖ दूध तथा अन्य कृषि उपजको समयमै भुक्तानी नपाउने समस्या। | ❖ किसानले बिक्री गरेको कृषि तथा दुग्ध उत्पादनको समयमै र सुरक्षित भुक्तानी पाउने व्यवस्था सुनिश्चित गर्नु। |
| ❖ माटो परीक्षण, बाली स्वास्थ्य तथा अनुसन्धानमा आधारित कृषिको अभाव। | ❖ परम्परागत खेतीको सट्टा माटो/बाली परीक्षण र अनुसन्धानमा आधारित वैज्ञानिक कृषि प्रणाली लागू गर्नु। |
| ❖ अनुदानमुखी प्रवृत्ति बढेको र प्रभावकारी अनुगमन कमजोर रहेको। | ❖ वास्तविक किसानसम्म अनुदान पुऱ्याउन पारदर्शी छनोट र कडा अनुगमन प्रणाली निर्माण गर्नु। |
| ❖ पशु रोग नियन्त्रण, पशु स्वास्थ्य र गुणस्तरीय आहारको अभाव। | ❖ महामारीजन्य रोग नियन्त्रण गर्दै घरदैलो मै सर्वसुलभ पशु स्वास्थ्य सेवा उपलब्ध गराउनु। |
| ❖ सहकारी तथा वित्तीय संस्थाबाट प्रवाहित ऋण उत्पादनशील क्षेत्रमा पूर्ण रूपमा उपयोग हुन नसकेको। | ❖ सहकारी तथा वित्तीय संस्थाबाट प्रवाहित ऋणलाई गैर-उत्पादनमूलक क्षेत्रमा दुरुपयोग हुन नदिई उत्पादनशील कृषि कर्ममै परिचालन गराउनु। |
| ❖ कृषि/पशु सम्बन्धी तथ्याङ्क, बजार सूचना र योजनाबद्ध उत्पादनको अभाव। | ❖ वस्तुनिष्ठ तथ्याङ्कका आधारमा माग र आपूर्ति अनुसारको योजनाबद्ध उत्पादन तथा बजार सूचना प्रणाली विकास गर्नु। |
| ❖ जलवायु परिवर्तन तथा प्राकृतिक विपद्को जोखिम बढ्दो रहेको । | ❖ जलवायु परिवर्तन र प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्न अनुकूलन तथा विपद्-उत्थानशील कृषि प्रणाली अपनाउनु। |

### ४.१.३ सम्भावना तथा अवसर

- कुल भू-भागमध्ये ३१.१२ प्रतिशत खेतीयोग्य जमिन रहेको र उर्वर फाँट क्षेत्रहरूको उपलब्धता ।
- धान, मकै, गहुँ, तरकारी, फलफूल तथा नगदेबाली उत्पादनका लागि अनुकूल हावापानी र माटो ।

- कफी, अदुवा, बेसार, कागती, दालचिनी, एभोकाडो, मौरीपालन तथा जडीबुटी खेतीको उच्च सम्भावना ।
- भैसी पालन, बाख्रापालन, कुखुरापालन, माछापालन तथा डेरी व्यवसाय विस्तारको राम्रो सम्भावना ।
- लिफ्टिङ तथा ग्राभिटि सिँचाइ विस्तारमार्फत व्यावसायिक खेती विस्तार गर्न सकिने अवस्था ।
- कृषि क्याम्पस, कृषि ज्ञान केन्द्र तथा सहकारी संस्थासँग सहकार्य गरी अनुसन्धान र प्राविधिक सेवा विस्तार गर्न सकिने अवसर ।
- स्थानीय उत्पादनलाई ब्रान्डिङ, प्रशोधन तथा मूल्य अभिवृद्धिमार्फत बजार विस्तार गर्न सकिने सम्भावना ।
- सामुदायिक वनसँग सहकार्य गरी दालचिनी, घाँस तथा बहुउपयोगी वनजन्य उत्पादन प्रवर्धन गर्न सकिने अवस्था ।
- स्थानीय धार्मिक तथा सांस्कृतिक क्षेत्रसँग कृषि पर्यटन तथा ग्रामीण पर्यटन जोड्ने सम्भावना ।
- सङ्घ, प्रदेश, स्थानीय तह तथा निजी क्षेत्रसँग साझेदारीमार्फत कृषि पूर्वाधार विकास गर्न सकिने अवसर ।
- महिला, युवा तथा सहकारीमार्फत कृषि उद्यमशीलता विकास गर्ने सम्भावना ।
- प्राङ्गारिक तथा विषादीरहित उत्पादनको बजार माग बढ्दै गएको अवस्था ।

### ४.१.४ लक्ष्य, उद्देश्य, रणनीति कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** : कृषि उपजको व्यावसायिकतामा वृद्धि भएको हुने

**उद्देश्य**

१. कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु

२. कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्धन गर्नु

३. पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु

**रणनीतिहरू**

१.१ कृषि तथा पशुपालन क्षेत्रको क्षमता अभिवृद्धि गर्ने

१.२ नीजि क्षेत्रसँगको सहकार्यमा कृषि उपजहरूको बजार विस्तार एवम् प्रवर्धन गर्ने

२.१ कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने

२.२ कृषि तथा पशुपालनलाई बजार मैत्री वनाउन अनुसन्धानको आधार निर्माण गर्ने

३.१ उन्नत जातका पशुपंक्षीको पालनबाट उत्पादन वृद्धि गर्दै बजार प्रवर्धन गर्ने

#### रणनीतिहरू तथा कार्यनीतिहरू

१.१ कृषि तथा पशुपालन क्षेत्रको क्षमता अभिवृद्धि गर्ने

**कार्यनीतिहरू :**

- कृषकहरूलाई आधुनिक कृषि प्रविधि, उन्नत बीउ, जैविक खेती तथा व्यावसायिक पशुपालनसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने ।
- वडास्तरमा कृषि तथा पशु प्राविधिक सेवा विस्तार गरी प्राविधिक पहुँच वृद्धि गर्ने ।

- कृषि यान्त्रीकरणलाई प्रवर्धन गर्न कृषक समूह तथा सहकारीमार्फत् उपयुक्त कृषि उपकरणमा अनुदान उपलब्ध गराउने ।
- युवा तथा महिला लक्षित कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने ।
- कृषकहरूको उत्पादन, बजारीकरण तथा वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने ।
- माटो परीक्षण, बाली स्वास्थ्य परीक्षण तथा पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

१.२ निजी क्षेत्रसँगको सहकार्यमा कृषि उपजहरूको बजार विस्तार एवं प्रवर्धन गर्ने

**कार्यनीतिहरू :**

- कृषि उपज सङ्कलन केन्द्र, चिस्यान केन्द्र तथा स्थानीय कृषि बजार स्थापना गर्ने ।
- निजी क्षेत्र, सहकारी तथा उद्योगसँग समन्वय गरी कृषि उपजको सुनिश्चित बजार प्रणाली विकास गर्ने ।
- स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- कफी, अदुवा, बेसार, कागती, मह, आलु लगायतका उच्च मूल्यका बालीहरूको व्यावसायिक उत्पादन र बजारीकरणलाई प्रोत्साहन गर्ने ।
- डिजिटल बजार सूचना प्रणाली तथा कृषि बजार नेटवर्क विकास गर्ने ।
- स्थानीय उत्पादनलाई विद्यालय, होटल तथा सार्वजनिक संस्थासँग जोड्ने नीति अवलम्बन गर्ने ।

२.१ कृषि उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने

**कार्यनीतिहरू :**

- सिँचाइ सुविधा विस्तार तथा परम्परागत कुलोहरूको स्तरोन्नति गर्ने ।
- बाँझो जमिन उपयोग कार्यक्रमलाई निरन्तरता दिँदै व्यावसायिक खेती प्रवर्धन गर्ने ।
- उन्नत तथा स्थानीय रैथाने बीउ संरक्षण र प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने ।
- बाँदर तथा बँदेल नियन्त्रणका लागि तारबार, जैविक प्रविधि तथा अन्तरपालिका समन्वय कार्यक्रम सञ्चालन गर्ने ।
- जलवायु अनुकूल तथा प्राङ्गारिक कृषि प्रणाली प्रवर्धन गर्ने ।
- कृषि उत्पादनमा विविधीकरण गर्दै नगदेबाली तथा फलफूल खेती विस्तार गर्ने ।

२.२ कृषि तथा पशुपालनलाई बजारमैत्री बनाउन अनुसन्धानको आधार निर्माण गर्ने

**कार्यनीतिहरू :**

- कृषि क्याम्पस, कृषि ज्ञान केन्द्र तथा प्राविधिक संस्थासँग सहकार्य गरी अनुसन्धान तथा परीक्षण कार्यक्रम सञ्चालन गर्ने ।

- माटो, मौसम तथा भू-बनोट अनुसार उपयुक्त बाली तथा पशुपालन प्रणालीको पहिचान गर्ने ।
- उत्पादन लागत, बजार माग तथा मूल्य श्रृंखलासम्बन्धी अध्ययन गर्ने ।
- कृषि तथ्यांक तथा कृषक प्रोफाइल व्यवस्थापन प्रणाली विकास गर्ने ।
- स्थानीय रैथाने बाली तथा पशु स्रोत संरक्षणसम्बन्धी अध्ययन तथा अभिलेखीकरण गर्ने ।

३.१ उन्नत जातका पशुपंक्षीको पालनबाट उत्पादन वृद्धि गर्दै बजार प्रवर्धन गर्ने

**कार्यनीतिहरू :**

- उन्नत जातका गाई, भैंसी, बाख्रा, कुखुरा तथा माछापालनलाई प्रोत्साहन गर्ने ।
- पशु बीमा, खोप तथा पशु स्वास्थ्य सेवा विस्तार गर्ने ।
- डेरी, मासु तथा अन्य पशुजन्य उत्पादनको प्रशोधन तथा बजारीकरणमा सहजीकरण गर्ने ।
- घाँस विकास कार्यक्रम तथा पशु आहार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- व्यावसायिक पशुपालन फार्म स्थापना तथा विस्तारका लागि सहुलियत कार्यक्रम सञ्चालन गर्ने ।
- पशुपंक्षीजन्य उत्पादनलाई स्थानीय बजार तथा बाह्य बजारसँग जोड्ने व्यवस्था मिलाउने ।

*तालिका १५:आर्थिक विकास सम्बन्धी कार्यक्रम तथा आयोजना*

| कृषि तथा पशुपालन कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **नीतिगत संरचना निर्माण कार्यक्रम** | **संख्या** | | | | | | | | | | | |
| कृषि तथा पशुपालन नीति/कार्यविधि तय गरिने | **संख्या** | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ०.३८ | २ | ३ | १ |
| बाँझो जमिन लगत संकलन कार्यक्रम | **संख्या** | १ | १५ | १५ | १५ | १५ | १५ | ७५ | १.८९ | २ | ३ | १ |
| भुमि वैंक कार्यक्रम | **संख्या** | ४ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |
| नीजी सार्वजनिक सहकार्यमा उत्पादन मुलक कार्यक्रम | **संख्या** | १० | ५० | ५० | ५० | ५० | ३० | २३० | ५.८० | २ | ३ | १ |
| खेती यो ग्य जमिन संरक्षण कार्यक्रम | **संख्या** | ३ | ७ | ७ | ७ | ७ | १२ | ४० | १.०१ | २ | ३ | १ |
| **कृषि पकेट क्षेत्र विकास कार्यक्रम** | **संख्या** | | | | | | | | | | | |
| अन्न वाली पकेट क्षेत्र | **संख्या** | १ | | ८ | ५ | | | १३ | ०.३३ | २ | ३ | १ |
| तरकारी पकेट क्षेत्र | **संख्या** | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६३ | २ | ३ | १ |
| **रैथाने बाली विकास कार्यक्रम** | **संख्या** | १ | | | | | | ० | ०.०० | २ | ३ | १ |
| बाली संरक्षण | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| आलु प्रवर्द्धन कार्यक्रम | **संख्या** | १ | ५० | ५० | १० | १० | १० | १३० | ३.२८ | २ | ३ | १ |
| व्यवसायिक पशुपंक्षी पालन | **संख्या** | १ | ७ | ७ | १५ | १५ | १५ | ५९ | १.४९ | २ | ३ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्कृष्ट उद्यमी पुरस्कृत तथा सम्मान कार्यक्रम | **पटक** | ८ | १५ | १५ | १५ | १५ | १५ | ७५ | १.८९ | २ | ३ | १ |
| पकेट क्षेत्रमा गोठ तथा खोर सुधार कार्यक्रम | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| बाख्रा प्रवर्द्धन कार्यक्रम | **संख्या** | १ | ४० | ४० | ४० | ४० | ४० | २०० | ५.०४ | २ | ३ | १ |
| व्यवसायिक फर्ममा प्राविधिक सेवा कार्यक्रम | **संख्या** | १ | १५ | १५ | १५ | १५ | १५ | ७५ | १.८९ | २ | ३ | १ |
| गाइ भैसी प्रवर्द्धन कार्यक्रम | **संख्या** | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६३ | २ | ३ | १ |
| दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम | **संख्या** | | २० | २० | २० | ३० | ३० | १२० | ३.०३ | २ | ३ | १ |
| पशु आहार कार्यक्रम | **संख्या** | १ | २० | २० | २० | २० | २० | १०० | २.५२ | २ | ३ | १ |
| **पशुको कृतिम गर्भाधान तथा नश्लसुधार कार्यक्रम** | | | | | | | | | | | | |
| पशुपंक्षी स्वास्थ्य उपचार, रोग नियन्त्रण, खोप कार्यक्रम | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| कुकुर विरालाे वन्ध्याकरण कार्यक्रम | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| **मत्स्यपालन** | **संख्या** | | | | | | | ० | ०.०० | २ | ३ | १ |
| मत्स्य प्रवर्द्धन कार्यक्रम | **संख्या** | १ | ५० | | ५० | ५० | | १५० | ३.७८ | २ | ३ | १ |
| **कृषि पूर्वाधार तथा निर्माण** | **संख्या** | | | | | | | ० | ०.०० | २ | ३ | १ |
| कृषि उपज संकलन तथा विक्री केन्द्र | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| कृषि हाट बजार सञ्चालन | **संख्या** | १ | २० | २० | | | | ४० | १.०१ | २ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि एम्बुलेन्स | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| **पशु पुर्वाधार** | **संख्या** | | | | | | | ० | ०.०० | २ | ३ | १ |
| पशु सेवा केन्द्र | **संख्या** | १ | २५ | २५ | २५ | २५ | २५ | १२५ | ३.१५ | २ | ३ | १ |
| **कृषि बजार प्रवर्द्धन कार्यक्रम नीजि सार्वजनिक सहकार्य कार्यक्रम** | **संख्या** | | | | | | | | | | | |
| पैचो पालिका वजारीकरण | **संख्या** | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |
| **उत्पादन तथा उत्पादकत्व अभिवृद्धि** | **संख्या** | | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |
| कृषि यन्त्र खरिदमा सहयोग (५० प्रतिशत अनुदान सहयोग) | **संख्या** | १ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ०.८८ | २ | ३ | १ |
| जैविक मल उत्पादन सहयोग | **संख्या** | १ | ५ | ५ | ५ | ५ | | २० | ०.५० | २ | ३ | १ |
| कृषि किरा नियन्त्रण, औषधि | **संख्या** | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६३ | २ | ३ | १ |
| **क्षमता विकास कार्यक्रम** | **संख्या** | | | | | | | | | | | |
| प्राविधिकहरुको क्षमता विकास | **संख्या** | १ | १० | | १० | | १० | ३० | ०.७६ | २ | ३ | १ |
| कृषकको क्षमता विकास, परिचयपत्र, डाटावेस र कृषि सहकारीको क्षमता विकास | **संख्या** | १ | १० | ५ | | ५ | | २० | ०.५० | २ | ३ | १ |
| स्थानीय तहको आन्तरिक | **संख्या** | १ | | २० | २० | | | ४० | १.०१ | २ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आय सबलीकरण कार्यक्रम | | | | | | | | | | | | |
| • मौरीपालन तथा मह उत्पादन प्रवर्द्धन कार्यक्रम। | **संख्या** | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |
| • पालिका स्तरीय कृषि, प्रविधि तथा नवप्रवर्तन प्रदर्शनी। | **संख्या** | १ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ०.८८ | २ | ३ | १ |
| छत्रदेव पशु अस्पताल स्थापना तथा सञ्चालन। | **संख्या** | १ | | ५० | ५० | | | १०० | २.५२ | २ | ३ | १ |
| • बाख्रापालन व्यवसायीलाई ५० प्रतिशत अनुदानमा आवश्यक सामग्री उपलब्ध गराउने कार्यक्रम। | **संख्या** | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६३ | २ | ३ | १ |
| • कुकुर तथा बिरालोको बन्ध्याकरण तथा व्यवस्थापन कार्यक्रम। | **संख्या** | १ | १० | १० | १० | १० | १० | ५० | १.२६ | २ | ३ | १ |
| • पशुपन्छी बीमा तथा रोग नियन्त्रण कार्यक्रम। | **संख्या** | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |
| • उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन। | **संख्या** | १ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ०.८८ | २ | ३ | १ |
| • उच्च मूल्य कृषि उपज (कफी, कालो बेसार, अलैंची, सित्तल चिनी तथा सुन्तला) उत्पादन विस्तार कार्यक्रम। | **संख्या** | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.३० | २ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| • अर्गानिक कृषि उपज उत्पादन गर्ने कृषकलाई प्रोत्साहन तथा "अर्गानिक छत्रदेव अभियान" सञ्चालन। | **संख्या** | १ | ७ | ७ | ७ | ७ | ७ | ३५ | ०.८८ | २ | ३ | १ |
| • "एक कफी, सुन्तला वा सित्तल चिनीको बोट : रु. १०० प्रोत्साहन" कार्यक्रम। | **संख्या** | १ | ५० | ५० | | | | १०० | २.५२ | २ | ३ | १ |
| बखोर तथा उपयुक्त स्थानमा साप्ताहिक कृषि हाटबजार सञ्चालन। | **संख्या** | १ | ७ | ७ | ५ | ५ | ५ | २९ | ०.७३ | २ | ३ | १ |
| • कृषि तथा पशु बीमा कार्यक्रममा अनुदान। | **संख्या** | १ | | | १० | १० | १० | ३० | ०.७६ | २ | ३ | १ |
| • एक घर एक करेसाबारी अभियान। | **संख्या** | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६३ | २ | ३ | १ |
| • एक घर एक मलखाद कार्यक्रम। | **संख्या** | १ | १० | १० | ५ | ५ | ५ | ३५ | ०.८८ | २ | ३ | १ |
| जम्मा | | | ५९४ | ५५७ | ५५७ | ५३७ | ४७२ | ३९६६ | १००.०० | | | |

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

कृषि तथा पशुपंक्षी क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।

*तालिका १६: कृषि विकास: नतिजा खाका*

| प्रमुख नतिजा सूचक | एकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| प्रभाव तह | | | | | | | | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | |
| बजारीकरण भएको कृषि उपज | प्रतिशत | ५ | ७ | १० | १३ | १६ | १९ | | |
| १. असर तह | कृषि उपजहरूको उत्पादन वृद्धि भई खाद्यान्यमा आत्मानिर्भरतर्फ उन्मुख भएको हुने | | | | | | | | |
| नगदे बालीले ओगटेको क्षेत्रफल | हेक्टर | १.५ | १.६ | १.६५ | १.७ | १.७५ | १.५ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| आत्मनिर्भर भएका खाद्य बालीहरू | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| १.१प्रतिफल | कृषि उपजहरूमा अभिवृद्धि हुने | | | | | | | | |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १३१ | १३२ | १३३ | १३४ | १३५ | १३५ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| अन्न बालीको उत्पादकत्व | प्रतिशत | १.१५ | १.१६ | १.१७ | १.१८ | १.१९ | १.१९ | | |
| धान उत्पादन | मे.टन | २५९० | २५९२ | २५९३ | २५९४ | २५९५ | २५९५ | | |
| मकै उत्पादन | मे.टन | ६२२० | ६२२२ | ६२२५ | ६२२७ | ६२२८ | ६२२८ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गहुँ उत्पादन | मेटन | १७१२ | १७१२.५ | १७१३ | १७१३.५ | १७१४ | १७१४ | | |
| कोदो उत्पादन | मे.टन | २.०९ | २.१ | २.२ | २.३ | २.४ | २.४ | | |
| तरकारी बालीको उत्पादकत्व | | ८.५ | ८.५१ | ८.५३ | ८.५३ | ८.५४ | ८.५४ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| तरकारी व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | ४५ | ४५.५ | ४६ | ४६.२ | ४६.३ | ४६.३ | | |
| तरकारी उत्पादन | मे.टन | ८०० | ८०३ | ८०५ | ८०७ | ८०८ | ८०८ | | |
| तरकारी उत्पादन विक्री | रु. | २००००००० | २००५०००० | २००८०००० | २०१००००० | २०१२०००० | २०१२०००० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| फलफूल उत्पादन | मे.टन | ३२९ | ३३० | ३३१ | ३३१.५ | ३३२ | ३३२ | | |
| फलफूल उत्पादन विक्री | रु. | ८८५०००० | ९००००० | ९१५००० | ९२००००० | ९२२०००० | ९२२०००० | | |
| आलु खेतीले ओगटेको भूभाग | हेक्टर | १३५ | १३६.५ | १३७ | १३७.५ | १३८ | १३८ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |
| आलु खेतीबाट वार्षिक उत्पादन | मे.टन | १५० | १५०.२ | १५०.४ | १५०.५ | १५०.५ | १५०.५ | | |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १३१ | १३२ | १३३ | १३४ | १३५ | १३५ | | |
| अन्न बालीको उत्पादकत्व | प्रतिशत | १.१५ | १.१६ | १.१७ | १.१८ | १.१९ | १.१९ | पालिकाको पार्श्वचित्र, वार्षिक | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रगति समीक्षा | |
| १.२ प्रतिफल | कृषि पेसा एक मर्यादित एवम् आकर्षित पेसाको रूपमा स्थापित हुने | | | | | | | | |
| नगदे बालीको उत्पादकत्व | | १६ | १६.१ | १६.२ | १६.३ | १६.४ | १७ | पालिकाको वार्षिक प्रगति समीक्षा | कृषिपेसा मर्यादित पेसाको रूपमा विकास भएको हुने |
| स्थानीय व्यावसायिक कृषि फार्म | सङ्ख्या | १०२ | १०५ | १०७ | ११० | ११२ | ११५ | | |
| १.३ प्रतिफल | कृषिका उत्पादन सामग्री, प्रविधि तथा प्राविधिक सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| सञचालनमा रहेको कृषि एम्वुलेन्स सेवा | सङ्ख्या | ० | ० | ०१ | १ | १ | १ | | |
| कृषि प्राबिधिकको सङ्ख्या | सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | | | |
| कृषि पूर्वाधारहरू :सङ्कलन तथा विक्री केन्द्र,गोदाम | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | | |
| २ असर तह | कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्धन भएको हुने | | | | | | | | |
| कृषि उपजहरूको वार्षिक विक्री | करोड मा | ७ | ८ | ९ | १० | ११ | १५ | पालिकाको वार्षिक प्रगति समीक्षा | कृषिमा व्यावसायीकरण भएको हुने |
| २.१ प्रतिफल | कृषि उपजका बजारीकरणको आधार तयार हुने | | | | | | | | |
| कृषि थोक विक्रेतासँग व्यावसायिक सहकार्य | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषि प्रवर्धन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुने |
| व्यावसायिक रूपमा उन्नत जातको नर्सरी | सङ्ख्या | १ | १ | ३ | ५ | ६ | ७ | | |
| क्रियाशील कृषि / वनस्पति प्रशोधन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | | |
| सञ्चालनमा रहेको | सङ्ख्या | ० | १ | १ | २ | २ | ४ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषिबजार, हाटबजार तथा कृषि थोकबजार | | | | | | | | | |
| २.२ प्रतिफल | कृषि उपजहरूको वौद्धिक सम्पत्ति संरक्षण भएको हुने | | | | | | | | |
| दर्ता भई प्रयोगमा आएका व्यापारिक चिह्न | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | व्यापार चिह्न दर्ता वुलेटिन | कृषि प्रवर्धन कार्यक्रम प्रभावकारी भएको हुने |
| दर्ता भएको सामूहिक चिह्न तथा भौगोलिक सङ्केत | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | | |
| ३ असर तह | पशुपंक्षीहरूको व्यावसायिक पालनमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| व्यावसायिक रूपमा पशुपंक्षीको पालन वार्षिक वृद्धिदर | प्रतिशत | - | ५ | १० | १५ | २० | २५ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरूको व्यावसायिकता विकास भएको हुने |
| पशुजन्य उत्पादनको वार्षिक निकासी (कूल उत्पादनको) | प्रतिशत | - | ५ | १० | १५ | २० | २५ | | |
| पशुपंक्षी बीमाबाट लाभान्वित कृषक | सङ्ख्या | ० | १०० | २०० | ३०० | ४०० | १००० | | |
| प्रतिफल | उन्नत जातको पशुपंक्षीहरूको उत्पादनमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| उन्नत जातको पशुपंक्षीको कूल सङ्ख्या (हजारमा) | सङ्ख्या | २०० | ३०० | ४०० | ५०० | १००० | २००० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरूको व्यावसायिकता विकास भएको हुने |
| प्रतिफल | पशुपंक्षीको बजार प्रवर्धन भएको हुने | | | | | | | | |
| बजार व्यवस्थापन भएका | संख्या | १ | १ | २ | २ | ३ | ३ | पालिकाको वार्षिक | कृषि पूर्वाधारको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | | | | | | | | प्रगति प्रतिवेदन | विकास भएको हुने |

## ४.२ पर्यटन तथा संस्कृति

### ४.२.१ पृष्ठभूमि

पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवम् प्राकृतिक स्रोतहरूको पहिचान, संरक्षण, प्रवर्धन र प्रसार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुनेगरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनता प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्त्व दिँदै गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रुपान्तरणका प्रमुख संवाहकका रूपमा ग्रहण गरिएको छ । त्यसैगरी नेपाललाई आकर्षक, सुरक्षित, मनोरञ्जनात्मक पर्यटकीयमैत्री गन्तव्यको रूपमा स्थापना गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विविधीकरण, पूर्वाधार विकासमा निजीक्षेत्रको प्रवर्धन गर्दै रोजगारीका अवसरहरू वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने परिकल्पना भएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्धनसम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने सांस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

| **समस्याहरू** | **चुनौतीहरू** |
|---|---|
| ❖ धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको पर्याप्त प्रचार-प्रसार हुन नसकेको । | ❖ आधुनिक प्रविधि, डिजिटल मिडिया र सञ्चार माध्यमको प्रयोग गरी स्थानीय पर्यटकीय स्थलहरूको व्यापक प्रवर्धन र बजारीकरण गर्नु। |
| ❖ पर्यटन पूर्वाधार (सडक, सङ्केत बोर्ड, विश्रामस्थल, शौचालय, खानेपानी)को अभाव रहेको । | ❖ पर्यटकहरूका लागि आवश्यक आधारभूत तथा गुणस्तरीय भौतिक पूर्वाधारहरूको शीघ्र निर्माण र व्यवस्थापन गर्नु। |
| ❖ ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण, व्यवस्थापन तथा सौन्दर्यीकरण कमजोर रहेको । | ❖ ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको मौलिकता जोगाउँदै दिगो संरक्षण, नियमित मर्मत र सौन्दर्यीकरण गर्नु। |
| ❖ पर्यटन क्षेत्रको दीर्घकालीन योजना, गुरुयोजना तथा एकीकृत विकास दृष्टिकोणको अभाव रहेको । | ❖ पर्यटनलाई गाउँपालिकाको आर्थिक आधार बनाउन स्पष्ट एकीकृत गुरुयोजना र दीर्घकालीन नीति तयार गरी लागू गर्नु। |
| ❖ स्थानीय संस्कृति, परम्परा तथा जातीय पहिचानलाई पर्यटनसँग जोड्न नसकिएको | ❖ स्थानीय सांस्कृतिक सम्पदा, परम्परा र जातीय पहिचानलाई सांस्कृतिक पर्यटन (Cultural Tourism) को अभिन्न अङ्गका रूपमा विकास गर्नु। |
| ❖ पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानी | ❖ पर्यटन क्षेत्रमा निजी क्षेत्र तथा स्थानीय उद्यमीहरूलाई |

| | |
|---|---|
| तथा उद्यमशीलता न्यून रहेको । | आकर्षित गरी लगानीमैत्री वातावरण सिर्जना गर्नु। |
| ❖ होटल, होमस्टे, गाइड तथा आतिथ्य सेवासम्बन्धी दक्ष जनशक्तिको अभाव रहेको । | ❖ स्थानीयवासीलाई आतिथ्य (Hospitality), होमस्टे सञ्चालन तथा पर्यटन गाइडसम्बन्धी तालिम दिएर दक्ष जनशक्ति तयार पार्नु। |
| ❖ पर्यटन क्षेत्रको तथ्याङ्क, अभिलेखीकरण तथा डिजिटल सूचना प्रणाली कमजोर रहेको । | ❖ पर्यटक आगमन र गन्तव्यसम्बन्धी तथ्याङ्कलाई प्रविधिमैत्री (डिजिटल) रूपमा अभिलेखीकरण र व्यवस्थापन गर्नु। |
| ❖ धार्मिक तथा सांस्कृतिक मेलाहरू व्यवस्थित र आर्थिक गतिविधिसँग जोडिन नसकेको । | ❖ स्थानीय मेला तथा पर्वहरूलाई व्यवस्थित गर्दै व्यावसायिक प्रवर्धन र स्थानीय आर्थिक वृद्धि (रोजगारी) सँग जोड्नु। |
| ❖ पर्यटक आकर्षण गर्ने गन्तव्यहरूबीच सडक तथा यातायात पहुँच सीमित रहेको । | ❖ विभिन्न पर्यटकीय गन्तव्यहरूलाई सडक सञ्जाल र सहज यातायात सेवामार्फत आपसमा जोड्नु (Connectivity बढाउनु)। |
| ❖ आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धनका लागि संस्थागत समन्वय कमजोर रहेको । | ❖ सङ्घ, प्रदेश, निजी क्षेत्र र स्थानीय समुदायबीच बलियो संस्थागत समन्वय स्थापित गरी एकीकृत रूपमा पर्यटन प्रवर्धन गर्नु। |

### ४.२.३ सम्भावना तथा अवसर

- छत्रदेवालय मन्दिर, कालिका मन्दिर, बलकोट पौवा, मस्जिद लगायत धार्मिक तथा सांस्कृतिक सम्पदाहरू पर्यटन प्रवर्धनका आधारका रूपमा रहेका ।
- महाभारतकालीन बारबरीक राजासँग जोडिएका पौराणिक तथा ऐतिहासिक कथाहरू धार्मिक पर्यटन विकासका लागि महत्त्वपूर्ण सम्भावना भएका ।
- विभिन्न जातजाति, विशेषगरी कुमाल, मगर, दलित तथा मुस्लिम समुदायको सांस्कृतिक विविधता पर्यटन आकर्षणको स्रोतका रूपमा रहेको ।
- माटाका भाँडा निर्माण, स्थानीय कला, परम्परा तथा मौलिक जीवनशैलीलाई सांस्कृतिक पर्यटनसँग जोड्न सकिने सम्भावना रहेको ।
- प्राकृतिक दृश्यावलोकन, ग्रामीण जीवनशैली तथा कृषि प्रणालीलाई ग्रामीण तथा कृषि पर्यटनसँग जोड्न सकिने अवसर रहेको ।
- धार्मिक मेला, जात्रा तथा स्थानीय पर्वहरूलाई पर्यटन गतिविधिसँग जोडेर आन्तरिक आय वृद्धि गर्न सकिने अवस्था रहेको ।
- सामुदायिक वन, पहाडी भू-दृश्य तथा जैविक विविधतामा आधारित इको-टुरिज्म विकास गर्न सकिने सम्भावना रहेको ।

- होमस्टे, स्थानीय परिकार तथा ग्रामीण आतिथ्य सेवामार्फत स्थानीय रोजगारी सिर्जना गर्न सकिने अवसर रहेको ।
- सङ्घ, प्रदेश तथा निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन पूर्वाधार विकास गर्न सकिने सम्भावना रहेको ।
- डिजिटल माध्यममार्फत धार्मिक तथा सांस्कृतिक गन्तव्यहरूको प्रचार-प्रसार विस्तार गर्न सकिने अवसर रहेको ।

४.२.४ **लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति,** कार्यक्रम तथा आयोजना

लक्ष्य : सांस्कृतिक (धार्मिक)एवम्पर्या पर्यटनको केन्द्रका रूपमा स्थापना भएको हुने

**उद्देश्य**

१. पर्यटकीय गन्तव्यहरूएवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण, प्रवर्धन गर्नु

**रणनीतिहरू**

१.१पर्यटकीय स्थलहरूमा सुधार ल्याउदै पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्ने

**कार्यनीति**

**१.१ पर्यटकीय पूर्वाधार विकास तथा स्तरोन्नति**

- ❖ छत्रदेवालय मन्दिर, कालिका मन्दिर, बलकोट पोवा, मस्जिद क्षेत्र लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरूमा पहुँचमार्ग, पदमार्ग, विश्रामस्थल, खानेपानी, शौचालय तथा पार्किङ निर्माण गरिने छ ।
- ❖ प्रमुख पर्यटकीय स्थलहरूमा सूचना बोर्ड, दिशासूचक बोर्ड तथा डिजिटल सूचना प्रणाली स्थापना गरिने छ ।
- ❖ धार्मिक तथा सांस्कृतिक सम्पदास्थलहरूको संरक्षण, पुनर्निर्माण तथा सौन्दर्यीकरण गरिने छ ।
- ❖ पर्यटकीय क्षेत्रहरूमा सडक स्तरोन्नति, ढल व्यवस्थापन तथा सडक बत्ती विस्तार गरिने छ ।
- ❖ पर्यटकहरूको सुरक्षाका लागि आवश्यक संरचना तथा व्यवस्थापन प्रणाली विकास गरिने छ ।

**१.२ धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन**

- ❖ महाभारतकालीन ऐतिहासिक तथा धार्मिक कथासँग सम्बन्धित स्थलहरूको अध्ययन, दस्तावेजीकरण तथा प्रचारप्रसार गरिने छ ।
- ❖ स्थानीय जातजातिका मौलिक संस्कृति, परम्परा, भाषा तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिने छ ।
- ❖ कुमाल समुदायको माटोका भाँडा बनाउने सीप तथा मुस्लिम समुदायको सांस्कृतिक पहिचानलाई पर्यटनसँग जोडेर प्रवर्धन गरिने छ ।
- ❖ स्थानीय जात्रा, मेला, पर्व तथा धार्मिक कार्यक्रमहरू को संरक्षण तथा व्यवस्थित सञ्चालन गरिने छ ।
- ❖ पुरातात्विक महत्त्वका क्षेत्रहरूको संरक्षणका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

*तालिका १७: पर्यटन सम्बन्धीकार्यक्रम तथा आयोजना*

| **पर्यटन, संस्कृति तथा सम्पदा** | एकाइ | याजनाकाे कुल लक्ष्य | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलवायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **पर्यटकीय सम्पदा संरक्षण तथा सम्वर्द्धन** | | | | | | | | | | | | |
| सांस्कृतिक सङ्ग्रहालय (छत्र देवालय, वलकाेट) | संख्या | ५ | २ | २ | २ | २ | २ | | २ | ३ | १ | २ |
| सम्पदाहरूको पार्श्वचित्र | संख्या | १ | ५ | २ | २ | २ | २ | १३ | १४ | २ | ३ | १ |
| **पर्यटकीय स्थल सुधार तथा पूर्वाधार निर्माण** | संख्या | | | | | | | | | | | |
| पर्यटकीय नक्सा निर्माण | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १० | २ | ३ | १ |
| पर्यटकीय पैदल मार्ग निर्माण तथा स्तरोन्नति | संख्या | १ | २ | २ | २ | ४ | २ | १२ | १३ | | | |
| **पर्यटन पर्वर्द्धन** | संख्या | | | | | | | | | | | |
| संक्षिप्त वृतचित्र निर्माण तथा प्रशारण | संख्या | १ | ७ | २ | ५ | २ | २ | १८ | १९ | २ | ३ | १ |
| पर्यटनमा आधारित उद्योग व्यावसायको क्षमता विकास | संख्या | १ | ३ | ७ | २ | २ | २ | १६ | १७ | २ | ३ | १ |
| पर्यटन तथा हस्पिटालीटी सम्वन्धि सीप विकास तालिम | संख्या | १ | २ | २ | ३ | ६ | २ | १५ | १६ | २ | ३ | १ |
| कृषि पर्यटन विकास कार्यक्रम | संख्या | १ | ४ | २ | २ | २ | २ | १२ | १३ | २ | ३ | १ |
| **नविनतम कार्यक्रम** | | | | | | | | | | | | |
| होमस्टे विकास तथा प्रवर्द्धन कार्यक्रम। | संख्या | १ | ५ | १ | २ | २ | २ | १२ | १३ | २ | ३ | १ |
| • छत्रदेव पर्यटन गुरुयोजना निर्माण। | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १० | २ | ३ | १ |
| • करेचुली क्षेत्रलाई पर्यटकीय पिकनिक स्पटका रूपमा विकास। | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १० | २ | ३ | १ |
| • छत्रदेव पर्यटन तथा सांस्कृतिक महोत्सव सञ्चालन। | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १० | २ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| • धार्मिक, सांस्कृतिक तथा पर्यटकीय पदमार्ग विकास। | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १० | २ | ३ | १ |
| **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | २७ | २१ | २० | २२ | १६ | ९६ | | | | |

*४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका*

*तालिका १५ : पर्यटन प्रवर्धन नतिजा खाकापर्यटन प्रवर्धनः नतिजा खाका*

| **प्रमुख नतिजा सूचक** | **एकाइ** | **आधार वर्ष ०८२/८३** | **लक्ष्य परिणाम** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| प्रभाव तह | पर्यावरणीय तथा सांस्कृतिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित भएको हुने | | | | | | | | |
| आन्तरिक पर्यटकको सङ्ख्यामा भएको वार्षिक वृद्धि | सङ्ख्या | १००० | २००० | ३००० | ५००० | ६००० | ७००० | वार्षिक प्रतिवेदन, | पर्यटकहरूको आवगमनमा अभिवृद्धि भएको हुने |
| **१असर तह** | सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन एवम् प्रवर्धन भएको हुने | | | | | | | | |
| संरक्षित संस्कृति तथा प्राकृतिक स्थल | सङ्ख्या | ० | २ | ४ | ५ | ७ | ८ | पालिकाको पार्श्वचित्र | संस्कृति एवम् प्राकृतिक संरक्षणमा अभिवृद्धि हुने |
| **१.१ प्रतिफल** | पर्यटकीय क्षेत्रको नक्साङ्कन भई सम्पदाहरू निर्माण भएको हुने | | | | | | | | |
| नक्साङ्कन भएका थप पर्यटकीय क्षेत्रहरू | सङ्ख्या | ० | २ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | पर्याप्त बजेट विनियोजन भएको हुने |
| १.२ प्रतिफल | पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धनात्मक सामग्रीहरूको विकास भई डिजिटल माध्यामबाट प्रचार प्रसार बएको हुने | | | | | | | | |
| प्रचारात्मक सामग्रीहरू (वृतचित्र, ई-पोष्टर, यु ट्युब) का किसिम | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | पालिकाको वार्षिक प्रगति समीक्षा | सरोकारवाल निकायसगँ प्रभावकारी समन्वय भएको हुने |

## ४.३ उद्योग, व्यापार तथा व्यवसाय

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्यलाई राज्यको निर्देशक सिद्धान्तको रूपमा अङ्गिकार गरेको छ । यसअनुसार साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवम्उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवम् सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अङ्गिकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रुपान्तरणका प्रमुख संवाहकका रूपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरूको सिर्जना, स्थानीय श्रम र सीमा आधारित उद्योगको प्रवर्धन र विकासका साथै निर्यात प्रवर्धन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ । स्थानीय सरकारस सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ उत्पादनमुखी तथा प्रशोधनमुखी उद्योगहरूको विकास न्यून रहेको अवस्था । | ❖ कच्चा पदार्थको प्रचुरता भए तापनि स्थानीय स्तरमा उत्पादनमूलक तथा प्रशोधन उद्योगहरूको स्थापना र प्रवर्धन गर्नु। |
| ❖ कृषि/पशुजन्य उत्पादन कच्चा रूपमा निर्यात हुने तर मूल्य अभिवृद्धि (Value Addition) हुन नसकेको । | ❖ स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई स्थानीयस्तर मै प्रशोधन गरी मूल्य अभिवृद्धि गर्दै बजारमा पठाउने वातावरण बनाउनु। |
| ❖ सीपमूलक तथा उद्यमशीलता तालिम प्राप्त व्यक्तिहरूले सिकेको सीपको प्रयोग गर्न नसकेको । | ❖ तालिम प्राप्त जनशक्तिलाई व्यवसाय सुरु गर्न पुँजी, प्रविधि र परामर्श उपलब्ध गराई सिकेको सीपलाई उद्यममा रूपान्तरण गराउनु। |
| ❖ युवाहरूमा वैदेशिक रोजगारप्रतिको आकर्षण उच्च भई स्थानीय उद्यममा संलग्नता कम रहेको । | ❖ स्थानीयस्तर मै आकर्षक कमाइ र अवसर सिर्जना गरी युवाहरूलाई स्वदेशमै उद्यमशीलता र स्वरोजगारतर्फ आकर्षित गर्नु। |
| ❖ उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक पुँजी, प्रविधि तथा बजार | ❖ नवउद्यमीहरूका लागि सुलभ ऋण (पुँजी), आधुनिक प्रविधि र दिगो बजार पहुँचको सहज व्यवस्था मिलाउनु। |

| | |
|---|---|
| पहुँचको अभाव रहेको । | |
| ❖ कृषि उत्पादनको सुनिश्चित बजार तथा मूल्य स्थिरताको अभाव रहेको । | ❖ किसान र उद्यमीहरूका लागि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण र सुनिश्चित बजारीकरणको ग्यारेन्टी गर्नु। |
| ❖ औद्योगिक क्षेत्र, सङ्कलन केन्द्र, चिस्यान केन्द्र (Cold Storage) तथा गोदामको अभाव रहेको । | ❖ उत्पादनको भण्डारण र सुरक्षाका लागि आवश्यक भौतिक पूर्वाधार (सङ्कलन केन्द्र, गोदाम, चिस्यान केन्द्र) को निर्माण तथा सञ्चालन गर्नु। |
| ❖ स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण कमजोर रहेको । | ❖ स्थानीय उपजहरूको गुणस्तर सुधार गर्दै आकर्षक प्याकेजिङ, ब्राण्डिङ र प्रतिस्पर्धी बजारीकरणको व्यवस्था गर्नु। |
| ❖ नीतिगत स्थायित्व तथा निजी क्षेत्रसँग प्रभावकारी समन्वयको अभाव रहेको । | ❖ लगानीमैत्री, दीर्घकालीन र स्थिर नीति निर्माण गरी निजी क्षेत्रलाई आकर्षित गर्न बलियो सार्वजनिक-निजी साझेदारी (PPP) कायम गर्नु। |

### ४.३.३ सम्भावना तथा अवसर

- ❖ गाउँपालिकामा कृषि, पशुपालन तथा वनजन्य उत्पादनमा आधारित उद्योग विकासको उच्च सम्भावना रहेको छ ।
- ❖ दूध, मह, अदुवा, बेसार, कफी, अचार, मसला, फलफूल तथा जडीबुटीजन्य उत्पादनहरूको प्रशोधन उद्योग स्थापना गर्न सकिने अवस्था रहेको छ ।
- ❖ कुमाल समुदायको माटोका भाँडा निर्माण कला तथा हस्तकलालाई घरेलु उद्योगका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- ❖ स्थानीय अर्गानिक उत्पादनहरूको ब्राण्डिङ तथा बजारीकरणमार्फत आयआर्जन वृद्धि गर्न सकिने अवसर रहेको छ ।
- ❖ युवा जनशक्तिलाई सीप, प्रविधि तथा वित्तीय पहुँचसँग जोडेर उद्यमशीलता विकास गर्न सकिने सम्भावना रहेको छ ।
- ❖ सहकारी, लघुवित्त तथा बैंकिङ संस्थामार्फत उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्न सकिने अवस्था रहेको छ ।

### ४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः** उद्योग व्यवसायहरूको प्रवर्धनबाट रोजगारीका अवसरहरू सिर्जना भई आयआर्जनमा सुधार आएको हुने

**उद्देश्य -**

१. स्थानीय साधन, स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरूको प्रवर्धन गर्नु

२. घरेलु तथा साना उद्योगको प्रवर्धनबाट रोजगारी एवम् आयआर्जन वृद्धि गर्नु

**रणनीतिहरू**

१.१ स्थानीय उत्पादनहरूको बजार प्रवर्धन गर्ने

**कार्यनीतिहरू**

- गाउँपालिकाका निर्यातजन्य उत्पादनहरूको बजार प्रवर्धन तथा बजार संरक्षणका लागि बौद्धिक सम्पत्ति अन्तर्गत व्यापार चिह्न, सामूहिक चिह्न, भौगोलिक सङ्केत एवम् कपि राइट लिन निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । यसका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- उत्पादित वस्तुहरूको बजारप्रवर्धन तथा संरक्षणका लागि व्यापार चिह्न लिन सम्बन्धित उद्योगलाई प्रोत्साहित गरिने छ ।
- गाउँपालिका क्षेत्रमा उत्पादित वस्तुहरूलाई सामाजिक सञ्जाल तथा वेवसाइड मार्फत प्रचार प्रसारको व्यवस्था मिलाइने छ ।
- गाउँपालिका बाहिरका ठूला उद्योग तथा व्यवसायहरूसँग सम्वन्ध विकासका लागि व्यवसायीहरूबिच अन्तरक्रिया, छलफल कार्यक्रमहरू आयोजना गरिने छ ।

*तालिका १६: **उद्योग व्यापार व्यवसायसम्बन्धीकार्यक्रम तथा आयोजना***

| उद्देश्य नं. | उद्योग व्यवसाय र आपुर्ति / कार्यक्रमहरू | एकाइ | याजनाका कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिकसङ्केत | जलवायुसङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| १ | **घरेलु तथा साना उद्योगको संरक्षण तथा प्रवर्धन** | | | | | | | | | | | | |
| १.१ | घरेलु तथा साना उद्योगहरूको क्षमता अभिवृद्धि | सङ्ख्या | १ | | ३ | ३ | ३ | ३ | १२ | ८.३९ | २ | ३ | १ |
| १.२ | उद्दमी व्यवसायीहरूका लागि करदाता शिक्षा कार्यक्रम | सङ्ख्या | २ | ३ | २ | २ | २ | २ | ११ | ७.६९ | २ | ३ | १ |
| २. | बेरोजगार युवाहरूको सीप तथा उद्यमशीलता विकास कार्यक्रम | सङ्ख्या | १० | २ | ३ | ३ | ३ | ३ | १४ | ९.७९ | २ | ३ | १ |
| ३. | प्रविधि हस्तान्तरण कार्यक्रम (व्यवसायीका लागि ) | सङ्ख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १०.४९ | २ | ३ | १ |
| ४. | कृषि, वन उद्यमशीलता विकास कार्यक्रम | सङ्ख्या | १ | ३ | | | | | ३ | २.१० | २ | ३ | १ |
| ५ | कृषि उपज तथा जडीबटी सङ्कलन, प्रशोधन, गोदाम, शित भण्डारको | | | ३ | | | | | ३ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्भाव्यता अध्ययन | | | | | | | | | | | | |
| ६. | **घरेलु, साना उद्योग बजारप्रवर्धन** | सङ्ख्या | १ | | ४ | ४ | ४ | ४ | १६ | | | | |
| ६.१ | व्यापार मेला तथा प्रदर्शनी, उत्कृष्ट उद्यमी पुरस्कृत तथा सम्मान कार्यक्रम | सङ्ख्या | १ | ४ | | | | | ४ | २.८० | २ | ३ | १ |
| ६.२ | निर्यातजन्य वस्तुहरूको गुणस्तर सुधार, लेवलिङ, प्याकेजिङ सहयोग | सङ्ख्या | १ | ५ | | | | | ५ | ३.५० | २ | ३ | १ |
| ७. | **सहकार्य तथा समन्वय** | | | | | | | | | | | | |
| ७.१ | घरेलु उद्योगको विकास का लागि कृषि सहकारी संग सहकार्य | सङ्ख्या | १० | १५ | २० | १५ | १० | १० | ७० | ४८.९५ | २ | ३ | १ |
| | जम्मा | | | ३८ | ३५ | ३० | १५ | २५ | १४३ | | | | |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**आगामी ५ वर्षका लागि उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ ।**

*तालिका १७ : उद्योग,व्यापार व्यवसाय: नतिजा खाका*

| प्रमुख नतिजा सूचक | एकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव तह | स्थानीय साधन, स्रोतमा आधारित उद्योग, व्यवसायहरूको प्रवर्धन भएको हुने | | | | | | | | |
| वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारिक रूपमा ब्रान्डिङ दर्ता भएका उत्पादनहरू | सङ्ख्या | ० | २ | २ | २ | २ | २ | पालिकाको पार्श्वचित्र, व्यापार चिह्न दर्ता वुलेटिन | उद्योग व्यवसायको प्रवर्धन भएको हुने |
| **१ असर** | प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ भएका स्थानीय उत्पादनहरूको पहिचान भई उद्यमशीलता विकास भएको हुने | | | | | | | | |
| वार्षिक आयात निर्यातको अनुपात(आयात निर्यात) | अनुपात | १:४ | १:४ | १:४ | १:४ | ३:४ | ३:४ | उद्योग व्यवसायको दर्ता अभिलेख किताब | उद्योग व्यवसायको प्रवर्धन भएको हुने |
| १.१ प्रतिफल | आयातको प्रतिस्थापित तथा निर्यातजन्य उद्योगहरूको प्रवर्धन भएको हुने | | | | | | | | |
| तुलनात्मक लाभ भएका क्रियाशील उद्योग व्यवसायहरू | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र, | उद्योग व्यवसायको प्रवर्धन भएको हुने |
| निर्यातजन्य वस्तुमा आधारित उद्योगहरू | सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ५ | | |

## ४.४ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १६ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रुपान्तरणका प्रमुख संवाहकको रूपमा लिएको छ ।नेपाल सरकारले स्वदेशमा रोजगारी सिर्जना र वैदेशिक रोजगारी दुवै पक्षलाई प्राथमिकतामाराखेको छ ।वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो बनाउनसीप विकास, गन्तव्य मुलुकका बारेमा आधारभूत जानकारी, वैदेशिक रोजगारीबाटप्राप्तसीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा वेरोजगारी श्रमशक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

### ४.४.२ समस्या चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ वैदेशिक रोजगारतर्फको आकर्षणका कारण स्थानीय श्रमशक्ति कमी । | ❖ स्वदेशमै सम्मानित काम र प्रतिस्पर्धी आम्दानीको अवसर सिर्जना गरी स्थानीय श्रमशक्तिलाई गाउँमै टिकाइ राख्नु। |
| ❖ कृषि तथा उत्पादनमूलक क्षेत्रमा श्रमिक अभाव देखिएको । | ❖ कृषि र उत्पादनमूलक क्षेत्रको आधुनिकीकरण एवं यान्त्रीकरण गरी श्रमिक अभावको परिपूर्ति गर्नु र श्रमको उत्पादकत्व बढाउनु। |
| ❖ सीपमूलक तालिम र रोजगारीबीच प्रभावकारी समन्वय हुन नसकेको । | ❖ बजारको माग अनुसारको व्यावहारिक सीपमूलक तालिम सञ्चालन गरी तालिम प्राप्त जनशक्तिलाई सिधै रोजगारी वा उद्यमशीलतासँग जोड्नु। |
| ❖ बेरोजगार तथा वैदेशिक रोजगारमा गएका व्यक्तिहरूको तथ्याङ्क व्यवस्थापन कमजोर रहेको । | ❖ रोजगार र वैदेशिक रोजगारमा रहेका नागरिकहरूको वस्तुनिष्ठ तथा अद्यावधिक तथ्याङ्क (Digital Data) प्रणाली निर्माण गर्नु। |
| ❖ स्वरोजगार तथा उद्यमशीलता प्रवर्धनका कार्यक्रम सीमित रहेका । | ❖ सीमित कार्यक्रमलाई विस्तार गर्दै नवप्रवर्तन (Innovation) र स्थानीय स्रोतमा आधारित व्यापक स्वरोजगार तथा उद्यमशीलताका अवसरहरू सिर्जना गर्नु। |
| ❖ सामाजिक सुरक्षा कार्यक्रमको पहुँच तथा प्रभावकारिता अझै कमजोर रहेको । | ❖ अनौपचारिक र योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गरी लक्षित वर्गसम्म यसको पहुँच र प्रभावकारिता सुनिश्चित गर्नु। |
| ❖ महिला, दलित, जनजाति तथा विपन्न समुदायको सम्मानजनक रोजगारीमा पहुँच न्यून रहेको । | ❖ लक्षित तथा सीमान्तकृत समुदायको क्षमता विकास र पहुँच वृद्धि गरी उनीहरूका लागि विभेदमुक्त, न्यायोचित र सम्मानजनक रोजगारीको ग्यारेन्टी गर्नु। |

### ४.४.३ सम्भावना अवसर

- ❖ कृषि, पशुपालन, पर्यटन तथा घरेलु उद्योगमार्फत स्थानीय रोजगारी सिर्जना गर्न सकिने ।
- ❖ सीपमूलक तथा प्राविधिक तालिममार्फत युवालाई स्वरोजगारसँग जोड्न सकिने ।
- ❖ सहकारी तथा वित्तीय संस्थामार्फत उद्यमशीलता विकास गर्न सकिने ।
- ❖ वैदेशिक रोजगारबाट फर्किएका युवाको सीप तथा अनुभव उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकिने ।
- ❖ महिला तथा युवा लक्षित आयआर्जन कार्यक्रम विस्तार गर्न सकिने ।
- ❖ सामाजिक सुरक्षा तथा रोजगार कार्यक्रमलाई स्थानीय विकाससँग आवद्ध गर्न सकिने ।

### ४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः** सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासबाट रोजगारीको सिर्जना भएको हुने

**उद्देश्यः**

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिकसीपअभिवृद्धि गर्दै रोजगारी सिर्जना गर्नु

**रणनीतिहरू**

१.१ युवाहरूमा व्यावसायिकसीप तथा क्षमता अभिवृद्धि गर्ने

१.२ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई दिगो रोगजारी सिर्जना हुने क्षेत्रमा प्रयोग गर्ने

**कार्यनीतिहरूः**

**रणनीति १.१ को सीप, क्षमता अभिवृद्धि अन्तर्गतको कार्यनीति**

- बेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरिने छ ।
- कृषि, पशुपंक्षीपालन, माछापालन एवम्बहुमूल्य जडीबुटीका क्षेत्रमा बेरोजगार युवाहरूलाई प्राविधिक ज्ञान तथा व्यावसायिक खेती सम्बन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरूसञ्चालन गरिने छ ।
- गाउँपालिकाको प्राविधिक शिक्षालयसंग सहकार्य गर्दै बेरोजगार युवाहरू व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिने छ ।
- बजारको मागका आधारमा छोटो अवधिका व्यावसायिकसीप विकास तालिमहरूसञ्चालन गरिने छ ।

**रणनीति १.२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कार्यनीति**

- प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत कामदारलाई दिगो पूँजी निर्माण हुने क्षेत्रमा परिचालन गरिने छ ।

*तालिका १८: श्रम रोजगारी सम्बन्धी कार्यक्रम तथा आयोजना*

| कार्यक्रमहरू | एकाइ | याेजनाकाे कुल लक्ष्य | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **उद्यमशील तथा पेशागत क्षेत्रमा संलग्न दक्ष जनशक्तिको तथ्यांक संकलन** | | | | | | | | | | | | |
| उद्यमशील क्षेत्रका उधमीको दक्षता विकास कार्यक्रम | संख्या | १ | १० | १० | १० | | | ३० | ३६ | २ | ३ | १ |
| राेजगार कार्यक्रम | संख्या | १ | ८ | ५ | ५ | ५ | ५ | २८ | ३४ | २ | ३ | १ |
| सहकारी, वैक मार्फत तथा अनाैपचारिक रुपमा वित्तिय काराेवार गर्ने कृषक तथा व्यवसायीकाे ऋण उपभाेग क्षमता अभिबृद्धी | | | ५ | ५ | ५ | ५ | ५ | २५ | ३० | २ | ३ | १ |
| जम्मा | | | २३ | २० | २० | १० | १० | ८३ | | | | |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**आगामी ५ वर्षका लागि श्रम, रोजगारी तथा सुरक्षित आप्रवासन क्षेत्रको नतिजा खाका यस प्रकार छ ।**

*तालिका १९:श्रम तथा रोजगार: नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| प्रभाव तह | दक्ष तथा सीप युक्त जनशक्तिको सङ्ख्या वृद्धि हुने | | | | | | | | |
| दक्ष तथा सीपयुक्त जनशक्ति | प्रतिशत | १ | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, | युवा स्वरोजगार कार्यक्रम प्रवर्धन हुने |
| **१.असर तह** | श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीपमा अभिवृद्धि हुनु | | | | | | | | |
| व्यावसायिक सीपमूलक तालिम प्राप्त दक्ष श्रम शक्तिको वार्षिक वृद्धि | प्रतिशत | ० | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, प्रगति समीक्षा | युवा स्वरोजगार कार्यक्रम प्रवर्धन हुने |
| १.१प्रतिफल | व्यावसायिक सीपयुक्त जनशक्तिहरूको विकास भएको हुने | | | | | | | | |
| सञ्चालनमा रहेका प्राविधिक शिक्षालयहरू | सङ्ख्या | १ | १ | १ | २ | ३ | ३ | | |
| **.१२ प्रतिफल** | रोजगारीता सिर्जना भएको हुने | | | | | | | | |
| गाउँपालिका र निजी क्षेत्रको सहकार्य भएको थप रोजगारी सिर्जना | प्रतिशत | ० | ० | १ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र | युवा स्वरोजगार कार्यक्रम प्रवर्धन हुने |
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट लाभान्वित | सङ्ख्या | | १०० | २०० | २५० | ३०० | ३५० | | |

## परिच्छेद पाँचः सामाजिक विकास

### ५.१ आधारभूत स्वास्थ्य

#### ५.१.१ पृष्ठभूमि

संविधानमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा एवम् स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकको रूपमा ग्रहण गरिएको छ भने स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाइ नागरिकको पहुँच स्थापित गर्ने नीति नेपाल सरकार लिएको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने औषत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवम् उपभोग सुनिश्चित गर्ने, स्वस्थ,सबल, उत्पादनशील, एवम् सुखी नागरिक बनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवम् रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

#### ५.१.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ बसाइँसराइका कारण लक्षित स्वास्थ्य सूचकअनुसार प्रगति हासिल गर्न कठिनाइ भएको । | ❖ जनसङ्ख्याको तीव्र उत्तरचढाव र बसाइँसराइका बाबजुद स्थानीय स्वास्थ्य सूचकहरू (Maternal/Child Health आदि) को लक्ष्य हासिल गर्नु। |
| ❖ स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको पदपूर्ति तथा नियमित उपलब्धता चुनौतीपूर्ण रहेको । | ❖ दरबन्दी अनुसारका डाक्टर तथा स्वास्थ्यकर्मीहरूको समयमै पदपूर्ति गरी दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा निरन्तर उपस्थिति ग्यारेन्टी गर्नु। |
| ❖ सबै स्वास्थ्य संस्थामा मापदण्डअनुसारका भवन तथा पूर्वाधार उपलब्ध नभएको । | ❖ आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि तोकिएको मापदण्ड (Standard) अनुसारका सुरक्षित भवन र पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्नु। |
| ❖ दुर्गम बस्तीमा स्वास्थ्य सेवा पहुँच तथा नियमित सेवा प्रवाहमा समस्या रहेको । | ❖ भौगोलिक विकटताका बाबजुद दुर्गम बस्तीका नागरिकसम्म नियमित, सर्वसुलभ र गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउनु। |
| ❖ स्वास्थ्य उपकरण तथा प्रयोगशाला सेवाको प्रभावकारी उपयोग सीमित रहेको । | ❖ उपलब्ध गराइएका मेडिकल उपकरण र प्रयोगशाला (Lab) सेवाको नियमित मर्मत-सम्भार र दक्ष प्राविधिकमार्फत् पूर्ण क्षमतामा उपयोग सुनिश्चित गर्नु। |

### ५.१.३ सम्भावना तथा अवसर

- ❖ उपलब्ध स्वास्थ्य जनशक्तिमध्ये धेरैजसो तालिमप्राप्त तथा अनुभवी रहेको ।
- ❖ बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमा सेवा लागु भएकाले सेवामा पहुँच विस्तार हुने अवस्था रहेको ।
- ❖ निर्माणाधीन आधारभूत अस्पताल सञ्चालनमा आएपछि थप स्वास्थ्य सेवाहरू विस्तार गर्न सकिने सम्भावना रहेको ।
- ❖ मातृ-शिशु स्वास्थ्य, खोप तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन सकिने अवस्था रहेको ।
- ❖ स्थानीय तह, प्रदेश तथा संघीय सरकारबीच समन्वयमार्फत् स्वास्थ्य पूर्वाधार तथा सेवा सुदृढ गर्न सकिने अवसर रहेको ।

### ५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि भई सेवामा गुणस्तरीयता कायम भएको हुने

**उद्देश्य**

१. आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ एवम् गुणस्तरीय बनाउने।

२. स्वास्थ्य एवम् पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्धन गर्ने ।

**रणनीतिहरू**

१.१ स्वास्थ्य सेवालाई विस्तार गर्दै गुणस्तरीय बनाउने ।

१.२ स्वास्थ्य संस्थाहरूको क्षमतामा अभिवृद्धि ल्याउने ।

२.१ स्वास्थ्य एवम् पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

२.२ प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को स्वास्थ्य सेवा विस्तार एवम् गुणस्तरीय बनाउने अन्तर्गतका कार्यनीतिहरू**

- स्वास्थ्य चौकीहरूको क्षमता अभिवृद्धि गर्दै वर्थिङ सेवा एवम् आपतकालीन (क्वारेण्टाइन) कक्षसहित चौबिसै घण्टा सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ ।
- प्रजननलाई अनिवार्य रूपमा स्वास्थ्य संस्थामा गराउन अभियान सञ्चालन गरिने छ ।
- गाउँपालिकाभित्रका सामुदायिक स्वास्थ्य एकाइको क्षमता (पूर्वाधार र सेवा प्रवाह) अभिवृद्धि गरिने छ ।
- स्वास्थ्य घुम्ती शिविर, गाउँघर क्लिनिकहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि ल्याइने छ ।
- अति गरिब, विपन्न, दलित वर्ग, समुदायहरूको नियमित स्वास्थ्य परीक्षण गर्दै ७० वर्ष माथिका नागरिकहरूको उपचार निःशुल्क गर्ने प्रबन्ध स्वास्थ्य चौकीहरू मिलाइने छ ।

**रणनीति १.२ को स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी, दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरूको व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसार दक्ष चिकित्सक, अहेव, नर्स लगायतका अनुभवी जनशक्ति व्यवस्था मिलाउँदै महिला स्वास्थ्य स्वयम् सेविकाहरूको क्षमता अभिवृद्धिका लागि तालिम, प्रशिक्षण आदिको प्रबन्ध गरिने छ ।
- स्वास्थ्य संस्था (चौकी तथा एकाइ) मा सूचना प्रविधिको व्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसारका भौतिक पूर्वाधार एवम्मेसिन उपकरणहरूको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिने छ । स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला, व्लड बैंङ्कर आपतकालीन सेवाका उपकरणहरूको प्रबन्ध मिलाइने छ ।
- अस्पताल पुग्नु अगावैको एम्बुलेन्समै सम्भव हुन सक्ने आपतकालीन उपचारका लागि पूर्व-अस्पताल सेवाको व्यवस्था गरिने छ ।
- जिल्ला अस्पतालसँग समन्वय गरी महामारी तथा सरुवा रोगहरूको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरूमा सबै प्रकारका सुविधा सहितको आइसोलेशन सेन्टरहरू स्थापना गरी उपचार व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को स्वास्थ्य एवम् पोषण सम्बन्धी चेतना अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- प्राणघातक तथा नसर्ने रोगहरू एचआईभी एड्स,लागुऔषध दुर्व्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका बारेमा जनचेतना अभिवृद्धि गरिने छ ।
- स्वास्थ्यका हानीकारक रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवम् पत्रु खाना, सूर्तीजन्य पदार्थ, मदिरा सेवन जस्ता विकृतिविरुद्ध अभियान सञ्चालन गरी चेतना अभिवृद्धि गर्दै रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने र पोषणयुक्त खाद्यपदार्थको उपभोगका लागि प्रोत्साहित गरिने छ ।
- बालविवाह, दुई सन्तानबिचको जन्मान्तर, परिवार नियोजन, मातृशिशु कल्याणका बारेमा सचेतनामूलक अभियान सञ्चालन गरिने छ ।

**रणनीति २.२ को प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिअन्तर्गतका कार्यनीतिहरू**

- प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) को प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गरिने छ ।
- सामुदायिक संस्थाहरूसँग सहकार्य गर्दै गाउँपालिकाका विभिन्न स्थानमा योग तथा ध्यान केन्द्रहरूसञ्चालनमा ल्याइने छ । विद्यालयहरूमा विशेष कक्षको व्यवस्था गरी बालबालिकाहरूलाई नियमित रूपमा योग तथा ध्यान गर्ने व्यवस्था मिलाइने छ ।
- आयुर्वेदिक चिकित्सालाई प्रवर्धन गर्दै अस्पताल एवम् औषधालयहरूको क्षमता अभिवृद्धि गरिने छ ।

- आयुर्वेदिक चिकित्सासम्बन्धी उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- जडीबुटी आधारित परम्परागत उपचार पद्धतिलाई प्रवर्धन गर्दै आधुनिक आयुर्वेदिक प्रणालीसँगआवद्ध गराइने छ ।

*तालिका २० :स्वास्थ्य तथा पोषण सम्बन्धीकार्यक्रम तथा आयोजना*

| स्वास्थ्य तथा पोषण | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू. मा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **गुणस्तरीय स्वास्थ्य सेवा एवं विस्तार** | | | | | | | | | | | | |
| स्वास्थ्य सेवा विस्तारःखोप तथा गाउँघर क्लिनिक बाट सेवा व्यवस्थापन | सङ्ख्या | २० | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| आधारमूत अस्पताल । प्राथमिक स्वास्थ्य केन्द्रमा आपतकालीन उपचार सेवा | सङ्ख्या | १ | २० | २० | २० | २० | २० | १०० | ५ | २ | ३ | १ |
| केरुङ्गा स्वास्थ चौकी भवन निर्माण | सङ्ख्या | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | २५ | २ | ३ | १ |
| वार्षिक नसर्ने रोगको स्कृनिङ अभियान सञ्चालन | सङ्ख्या | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| प्रजनन स्वास्थ्य, वर्थिङ सेवा निरन्तरता तथा सुदृढीकरणकार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| विद्यालय स्वास्थ्य कार्यक्रम (नर्स सेवा) | सङ्ख्या | ७ | ५० | ५० | ५० | ५० | ५० | २५० | १३ | २ | ३ | १ |
| किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था युक्त गाउँपालिका बनाउने | सङ्ख्या | ८ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| पूर्ण संस्थागत प्रसुती सेवा युक्त वडा तथा गाउँपालिका घोषणा | सङ्ख्या | ८ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| स्वास्थ्य संस्थामाप्रयोगशाला सेवा विस्तार | सङ्ख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| प्रत्येक स्वास्थ्य संस्थामागर्भवती | सङ्ख्या | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला का लागि ग्रामिण अल्ट्रासाउण्डसेवा नियमित गर्ने | | | | | | | | | | | | |
| लक्षित वर्ग (अति अशक्त तथा जेष्ट नागरिक)का लागि घर घरमा स्वास्थ्य कार्यक्रम | पटक | ३ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| क्षयरोग मुक्त अभियान सञ्चालन | नियमित | | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| प्रजनन रुग्णताको स्कृनिङ तथा व्यवस्थापन | पटक | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर कार्यक्रम | पटक | २ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| निशुल्क एम्बुलेन्स / यातायात कार्यक्रम सञ्चालन (प्राकृतिक प्रकोप, दुर्घटना तथा सुत्केरी महिलाका लागि) | भैपरी आउने | | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| **स्वास्थ्य संस्थाको क्षमता विकास** | | | | | | | | | | | | |
| स्वास्थ्य संस्थाको न्युनतम मापदण्ड निर्धारण तथा स्तरोन्नति | पटक | २ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धि | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| महिला स्वास्थ्य स्वयंसेविका क्षमता अभिवृद्धि | जना | १३० | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| **स्वास्थ्य एवं पोषण सम्वन्धी चेतना अभिवृद्धि** | | | | | | | | | | | | |
| महिला स्वास्थ्य अभिमुखीकरण | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| पाोषण मैत्री स्वास्थ्य संस्था निर्माण | सङ्ख्या | ८ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| कुपोषित वालवालिकाको खोजीका लागि पोषण लेखाजोखा अभियान सञ्चालन | सङ्ख्या | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| OTC सेवा विस्तार | सङ्ख्या | ७ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| बहु क्षेत्रिय पोषण कार्यक्रम | पटक | १ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| पोषणयुक्त खानेकुराः चेतना अभिवृद्धि | पटक | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| मातृ, शिशु, बाल्यकालीन खाद्य तथा पोषण सुरक्षाः चेतना वृद्धि | पटक | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| प्राण घातक रोगबारे जनचेतना | पटक | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| **प्राकृतिक एवं वैकल्पिक उपचार प्रवर्धन** | | | | | | | | | | | | |
| नागरिक आरोग्य केन्द्र सेवा व्यवस्थापन तथा सुदृढिकरण | पटक | १ | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| मानसिक स्वास्थ्य तथा आत्महत्या न्युनीकरण सम्वन्धी कार्यक्रम | नियमित | | १० | १० | १० | १० | १० | ५० | ३ | २ | ३ | १ |
| ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| योग शिविर सञ्चालन | पटक | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | १ | २ | ३ | १ |
| योग, ध्यान केन्द्र सञ्चालन सहयोग | पटक | ८ | ४० | ४० | ४० | ४० | ४० | २०० | १० | २ | ३ | १ |
| **स्वास्थ्य तथा पोषणको जम्मा** | | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | | | |

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका २१: आधारभूत स्वास्थ्य: नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच भएको हुने | | | | | | | | |
| गाउँपालिकास्तरीय अस्पतालमा पहुच | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ | ९७ | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि हुने |
| **१.असर तह** | आधारभूत स्वाथ्य सेवामा सहज पहुँच अभिवृद्धि भएको हुने | | | | | | | | |
| ३० मिनेटको दूरीमा नजिकको स्वास्थ्य संस्थामा पहुँच भएका घरधुरी | प्रतिशत | ७५ | ७७ | ८० | ८५ | ९० | ९५ | पालिकाको पार्श्वचित्र, | |
| **१ १.प्रतिफल** | स्वास्थ्य सेवाहरू विस्तार भई पहुँचमा सहजता भएको हुने | | | | | | | | |
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | सङ्ख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | सङ्ख्या | ७ | ७ | ८ | ८ | ८ | ८ | | |
| **१ २.प्रतिफल** | स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि भई गुणस्तरीय सेवा प्रदान भएको हुने | | | | | | | | |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | सङ्ख्या | ७६ | ७६ | ७६ | ७६ | ७६ | ७६ | पालिकाको पार्श्वचित्र | स्वास्थ्य संस्थाको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | सङ्ख्या | २१४ | २१० | २१० | २१० | २१० | २१० | | क्षमता अभिवृद्धि हुने |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरू | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | | |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | सङ्ख्या | २७४ | २७० | २६५ | २६० | २५५ | २५० | | |
| स्वाप्रश्वासको संक्रमण (ब्चक्ष्) दर प्रति हजारमा | सङ्ख्या | ५९२ | ५९० | ५८५ | ५८० | ५७५ | ५७० | | |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| मात्रृ मृत्युदर प्रतिलाख जिवित ) (जन्ममा | सङ्ख्या | | | | | | | | |
| स्वास्थ्य विमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ८३ | ८४ | ८५ | ८६ | ८७ | ८८ | | |
| **२ असर तह** | स्वास्थ्य एवम् पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्राकृतिक वैकल्पिक चिकित्सा पद्धतिको ,प्रवर्धनभएको हुने | | | | | | | | |
| कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाहरूको उमेर अनुसारको कम तौल भएकाहरू | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| **२.१प्रतिफलः** | स्वास्थ्य एवम् बहुपक्षीय पोषण सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने | | | | | | | | |
| जनस्वास्थ्य एवम् बहुपक्षीय पोषण सम्बन्धी चेतना अभियान | सङ्ख्या | ० | ० | ० | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि भएको हुने |
| झाडापखाला, महामारी एवम् भाईरस सङ्क्रमणबाटभएको मृत्यु | सङ्ख्या | ० | ० | ० | ० | ० | | | |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | सङ्ख्या | १२८ | १२८ | १३० | १३० | १३० | १३० | | |

| २.२प्रतिफल | वैकल्पिक चिकित्सा पद्धति प्रवर्धन भएको हुने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | वैकल्पिक चिकित्सामा निजी क्षेत्र प्रोत्साहित भएको हुने |

## ५.२ शिक्षा

### ५.२.१ पृष्ठभूमि

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक बनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूलक एवम् अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने र गुणस्तरीय शिक्षा प्रणालीलाई सामाजिक एवम् आर्थिक रुपान्तरणको रूपमा परिकल्पना गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवम् विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ बसाइँसराइ तथा निजी विद्यालयतर्फ आकर्षणका कारण सामुदायिक विद्यालयमा विद्यार्थी घटेको । | ❖ सामुदायिक विद्यालयको पठनपाठन र वातावरण सुधार गरी विद्यार्थी र अभिभावकको विश्वास जित्दै विद्यार्थी सङ्ख्या बढाउनु। |
| ❖ विद्यालय समायोजन (Merg) तथा शैक्षिक गुणस्तर सुधार चुनौतीपूर्ण रहेको । | ❖ विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूको उचित समायोजन (मापदण्ड अनुसार) गर्दै समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु। |
| ❖ भौतिक पूर्वाधारमा टिकाउपन तथा मर्मत-सम्भार कमजोर रहेको । | ❖ निर्मित विद्यालय भवन तथा पूर्वाधारहरूको नियमित मर्मत-सम्भार र दिगो संरक्षणको व्यवस्था मिलाउनु। |
| ❖ प्राविधिक तथा सीपमूलक शिक्षाको पहुँच सीमित रहेको । | ❖ परम्परागत शिक्षाको सट्टा व्यावहारिक, रोजगारमूलक र प्राविधिक शिक्षाको पहुँच विस्तार गर्नु। |
| ❖ बालशिक्षा तथा आधारभूत तहमा दक्ष जनशक्ति र सिकाइ सामग्रीको अभाव रहेको । | ❖ प्रारम्भिक बालविकास (ECED) र आधारभूत तहमा तालिम प्राप्त शिक्षक र बालमैत्री सिकाइ सामग्रीको पर्याप्त व्यवस्था गर्नु। |
| ❖ विपन्न, दलित तथा जनजाति बालबालिकाको शैक्षिक पहुँच र निरन्तरता चुनौतीपूर्ण रहेको । | ❖ सीमान्तकृत र विपन्न वर्गका बालबालिकालाई विद्यालय ल्याउने र उनीहरूको शिक्षालाई निरन्तरता दिने वातावरण बनाउनु। |

| | |
|---|---|
| ❖ सिकाइ उपलब्धि न्यून रहेको । | ❖ व्यवहारिक र नतिजामुखी शिक्षण विधि अपनाई समग्र सिकाइ उपलब्धिलाई माथि उठाउनु। |
| ❖ कक्षा १-५ सञ्चालित विद्यालयमा न्यून विद्यार्थी सङ्ख्या रहेको । | ❖ न्यून विद्यार्थी भएका प्रावि तहका विद्यालयहरूलाई व्यवस्थित रूपमा समायोजन गर्नु। |
| ❖ सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पर्याप्तता नहुँदा प्रविधिमैत्री शिक्षणमा कठिनाइ । | ❖ विद्यालयहरूमा सञ्चार प्रविधिको पहुँच वृद्धि गरी शिक्षकहरूलाई डिजिटल प्रविधिको प्रयोगमार्फत् शिक्षण गर्न सक्षम बनाउनु। |
| ❖ शिक्षाका लागि पर्याप्त बजेट व्यवस्थापन नभएको । | ❖ शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी आवश्यक स्रोत-साधन र पर्याप्त बजेटको सुनिश्चितता गर्नु। |
| ❖ संस्थागत विद्यालयहरूको उचित व्यवस्थापन नभएको । | ❖ संस्थागत विद्यालयहरूले तोकेको मापदण्ड, शुल्क र छात्रवृत्ति पालना गरे/नगरेको प्रभावकारी नियमन गर्नु। |
| ❖ विद्यार्थीहरूको उपस्थिति/ नियमिततामा कमी । | ❖ विद्यालयमा सिकाइलाई रोचक बनाई विद्यार्थीहरूको नियमित उपस्थितिलाई सुनिश्चित गराउनु। |
| ❖ सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता । | ❖ आधुनिक सिकाइका लागि आवश्यक स्मार्ट क्लासरुम, कम्प्युटर ल्याब र डिजिटल पूर्वाधारहरूको निर्माण गर्नु। |
| ❖ अङ्ग्रेजी, गणित र विज्ञान विषयको औसत सिकाइ उपलब्धि अन्य विषयभन्दा कमजोर रहेको । | ❖ कठिन मानिएका विषयहरू (गणित, विज्ञान, अङ्ग्रेजी) मा विषयगत दक्ष शिक्षक र विशेष शिक्षण विधिको व्यवस्था गरी सिकाइ सुधार्नु। |
| ❖ कतिपय भौतिक पूर्वाधार कच्ची र जीर्ण रहेको । | ❖ जोखिमपूर्ण र जीर्ण भवनहरूलाई हटाई विपद-उत्थानशील, पक्की र सुरक्षित विद्यालय भवनहरू निर्माण गर्नु। |
| ❖ लक्षित, निरक्षर तथा सीमान्तकृत वर्गका लागि विशेष शिक्षाको व्यवस्था नरहेको । | ❖ प्रौढ, निरक्षर र विद्यालय जान नपाएका वर्गका लागि विशेष तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु। |
| ❖ विद्यालयहरूमा पुस्तकालय र प्रयोगशालाको पर्याप्तता नभएको । | ❖ प्रत्येक विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय र विज्ञान/कम्प्युटर प्रयोगशालाको स्थापना गर्नु। |
| ❖ अभिभावक शिक्षा कार्यक्रमको प्रबन्ध नरहेको । | ❖ अभिभावकको भूमिका बढाउन नियमित अभिभावक सचेतना तथा शिक्षा कार्यक्रम सञ्चालन गर्नु। |
| ❖ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था नरहेको । | ❖ जेहेन्दार र आर्थिक रूपमा विपन्न विद्यार्थीका लागि शैक्षिक ऋण तथा लक्षित छात्रवृत्तिको प्रबन्ध गर्नु। |
| ❖ चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था नरहेको । | ❖ विद्यालय प्रशासनलाई चुस्त बनाउन नियमित, निष्पक्ष र नतिजामुखी अनुगमन प्रणाली कायम गर्नु। |

| | |
|---|---|
| ❖ परिवर्तित सन्दर्भअनुसार शिक्षक तालिमको पर्याप्तता नभएको । | ❖ नवीन शिक्षण विधि र प्रविधि अनुसार शिक्षकहरूलाई नियमित पेसागत तथा पुनर्ताजगी तालिम उपलब्ध गराउनु। |
| ❖ विद्यालयहरूमा प्रयोगात्मक कक्षाहरू व्यवस्थित नभएको । | ❖ प्रयोगात्मक (Practical) र परियोजनामा आधारित सिकाइलाई अनिवार्य गराउनु। |
| ❖ विद्यार्थीको सिकाइप्रति अभिभावकको चासो कमी रहेको । | ❖ अभिभावक-शिक्षक सम्बन्ध प्रगाढ बनाई छोराछोरीको सिकाइप्रति अभिभावकको चासो र दायित्व बढाउनु। |
| ❖ कक्षा ११-१२ सञ्चालित विद्यालयहरू व्यवस्थित तथा सुविधा सम्पन्न नरहेको । | ❖ मावि (११-१२) तहका विद्यालयहरूलाई विषयगत शिक्षक, प्रयोगशाला र पूर्वाधारसहित सुविधासम्पन्न बनाउनु। |

### ५.२.३ सम्भावना तथा अवसर

- संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,
- स्थानीय तहमा भएको रैथाने ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ।
- शिक्षामा राज्य बाहिरका संयन्त्रको लगानी भित्रनु,
- शिक्षाक्षेत्रमा क्रमशः बजेट बढाउँदै लगिनु,
- विद्यालयमा स्मार्ट कक्षा, पुस्तकालय तथा प्रयोगशाला विस्तार गर्न सकिने अवस्था रहेको ।
- प्राविधिक तथा सीपमूलक शिक्षा विस्तारमार्फत युवालाई रोजगारसँग जोड्न सकिने ।
- छात्रवृत्ति, पोषण तथा शैक्षिक सहयोग कार्यक्रममार्फत विद्यालय पहुँच वृद्धि गर्न सकिने ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी निजी विद्यालयसँग प्रतिस्पर्धी बनाउन सकिने ।
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विकास गर्न सकिने ।
- स्थानीय सरकार, समुदाय तथा विद्यालयबीच सहकार्यमार्फत शैक्षिक सुधारको अवसर रहेको ।

### ५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** शिक्षा क्षेत्रको क्षमता विकास गरी गुणस्तरीय तथा आधुनिक शिक्षामार्फत् सीपयुक्त, प्रतिस्पर्धी मानव स्रोतको विकास गर्ने ।

**उद्देश्य**

1. विद्यालय तहका सबै कक्षाहरूमा सबै बालबालिकाको पहुँच सुनिश्चित गरी अनिवार्य र निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा पूरा गर्ने वातावरण सिर्जना गर्नु,
2. सबै नागरिकका लागि साक्षरता र निरन्तर शिक्षाको अवसर उपलब्ध गराउनु,
3. गुणस्तरीय शिक्षाका लागि सबै विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधार विकास गरी प्रविधिमैत्री तथा तालिम प्राप्त जनशक्ति व्यवस्थापन गर्नु,
4. व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षाको व्यवस्थापन गर्नु,
5. सबै विद्यालयमा शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधिको पर्याप्ततासहित बालमैत्री वातावरण कायम गर्नु,
6. हरेक विद्यालयमा विपद् जोखिम न्यूनिकरणसहित सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,
7. विद्यालयहरूमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,

**रणनीतिहरू**

१.१ नक्साङ्कनका आधारमा विद्यालयहरू समायोजन तथा थप गर्ने ।

१.२ विपन्न परिवारका विद्यार्थीहरूलाई शिक्षाका लागि पर्याप्त हुने गरी छात्रवृत्ति व्यवस्थापन गर्ने ।

१.३ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्ने र समुदायलाई समेत जिम्मेवार बनाउने,

२.१ ६० वर्षभित्रका निरक्षर रहेका व्यक्तिहरूका लागि साक्षरता शिक्षाको व्यवस्था गर्ने ।

२.२ निरन्तर शिक्षा र विशेष शिक्षाको व्यवस्था मिलाउने ।

३.१ सबै विद्यालयमा सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारहरू(कम्प्युटर र इन्टरनेट) व्यवस्थापन गर्ने ।

३.२ सबै शिक्षकहरूलाई सूचना प्रविधिसँग सम्बन्धित आधारभूत सीप विकासका लागि कार्यक्रम गर्ने ।

३.३. शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।

३.४ शिक्षक दरबन्दी अभाव नगराउनका लागि स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने ।

४.१ प्राविधिक शिक्षामा आकर्षण वृद्धिका लागि कार्यक्रम गर्ने ।

४.२ स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गर्ने ।

४.३ विद्यालय शिक्षामा नैतिक शिक्षा तथा जीवनोपयोगी शिक्षाका विषयहरू समावेश गरी शिक्षण गर्ने ।

५.१ सबै विद्यालयमा आवश्यक पर्ने सबै शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

५.२ विद्यालयमा बालमैत्री वातावरण कायम गर्ने ।

५.३ हरेक विद्यालयमा सरसफाइ, फूलबारी निर्माण, पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्था गर्ने ।

६.१ विभिन्न किसिमका विपद्बाट सुरक्षित रहन सक्ने गरी आवश्यक विद्यालयका भौतिक पूर्वाधार पुनःनिर्माण गर्ने ।

६.२ हरेक विद्यालयमा विपद्को समयमा सुरक्षित रहनसक्ने क्षेत्र निर्धारण गर्ने र विपद्मा सुरक्षित रहने उपायहरूबारे सचेत गराउने ।

६.३ विपद्को अवस्थामा समेत शिक्षा प्राप्त गर्ने आवश्यक पूर्वाधार विकास गर्ने ।

७.१ विद्यालयमा सुशासन प्रवर्धन गर्ने ।

७.२ विद्यार्थीहरूलाई सिकाइका लागि उत्तरदायी बनाउने ।

७.३ अभिभावक, विद्यार्थी र शिक्षकको त्रिपक्षीय सम्बन्ध मजबुत बनाउने ।

७.४ विद्यालय-समुदाय सम्बन्ध मजबुत बनाउने ।

**कार्यनीतिहरू**

हरेक योजनमा लिइएका रणनीतिहरूलाई पूरा गर्न कार्यनीतिहरू आवश्यक पर्ने हुँदा यस गाउँ शिक्षा योजनाका रणनीतिहरूलाई हासिल गर्न तपसिलबमोजिमका कार्यनीतिहरू तयार पारिएको छ । यी कार्यनीतिले यस योजनालाई कार्यान्वयनमा लैजान सहजता ल्याउनेछ ।

- गाउँपालिकाभित्रका विद्यालयहरूको पुनः नक्साङ्कन गरी आवश्यकताका आधारमा नयाँ विद्यालयको स्थापना तथा पुराना विद्यालयको निश्चित मापदण्डका आधारमा विद्यालय समायोजन गरिनेछ ।
- विपन्न तथा आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीलाई पाठ्यपुस्तक तथा पठन-लेखन सामग्रीहरू, विद्यालय पोसाक तथा शिक्षण सिकाइका लागि अति आवश्यक सामग्री उपलब्ध गराउन छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।
- छत्रदेव गाउँपालिकाभित्रका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच, आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क रूपमा उपलब्ध गराउनका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।
- ६० वर्षभित्रका निरक्षरहररूको पहिचान गरी आवश्यकतानुसार साक्षरता शिक्षाका कक्षा सञ्चालन गरिनेछ ।
- निरन्तर तथा विशेष शिक्षाको व्यवस्थापनका लागि आवश्यक आर्थिक स्रोत तथा मानव संशाधनको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै विद्यालयहरूलाई सूचना तथा प्रविधिको पहुँचमा पुऱ्याउनका लागि आवश्यकतानुसार कम्प्युटर तथा इन्टरनेटको व्यवस्थापन गरी शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई सूचना तथा सञ्चार प्रविधिसँग जोडी कक्षाहरू सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

- शिक्षक विद्यार्थी सङ्ख्या र भौगोलिक बनावटका आधारमा शिक्षकको दरबन्दी मिलान गरिनेछ । शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा तहगत र विषयगत आधारमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गरिनेछ ।
- प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण वृद्धि गर्नका लागि विद्यार्थीलाई आवश्यक छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम समयसापेक्ष परिमार्जन तथा पाठ्यपुस्तकको विकास गरिनेछ ।
- विद्यालय शिक्षामा बालबालिकाहरूमा नैतिक शिक्षा र जीवनोपयोगी शिक्षा विकास गर्नका लागि आवश्यक विषयहरू समावेश गरी शिक्षण कार्य अगाडि बढाइनेछ ।
- सबै विद्यालयमा आवश्यकतानुसार शिक्षण सामग्रीको व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा बालमैत्री वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयलाई हरित विद्यालयमा रुपान्तरण गर्नका लागि सरसफाइ, फुलबारी निर्माण, पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्थापन गरिनेछ ।
- जोखिममा रहेका विद्यालय भवनहरूको मर्मत तथा पुनःनिर्माण गरिनेछ ।
- विद्यालयमा विपद्को समयमा सुरक्षित रहनका लागि विपद् जोखिम नक्साङ्कन गर्न तथा विपद्मा सुरक्षित रहन विद्यार्थीहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरूमा सुशासन प्रवर्धन गर्नका लागि गाउँपालिका-प्रधानाध्यापक करार सम्झौता, प्रधानाध्यापक- शिक्षक करार सम्झौता गरी कार्य सम्पादन मूल्याङ्कन गरिनेछ ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धि गराउनका लागि उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- अभिभावक, विद्यार्थी र शिक्षकको त्रिपक्षीय सम्बन्धलाई मजबुत बनाउनका लागि विद्यालयमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय समुदाय सम्बन्धलाई मजबुत बनाउनका लागि विद्यालयमा अभिभावक भेला नियमित गराउन विद्यालयहरूलाई प्रेरित गरिनेछ ।

*तालिका २२: शिक्षा सम्बन्धीकार्यक्रम तथा आयोजना*

| शिक्षा, विज्ञान तथा नवप्रर्वतन | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **शैक्षिक नीति तथा व्यवस्थापन** | सङ्ख्या | १ | २० | | | | | २० | ०.४९ | ४ | १ | ३ |
| विद्यालयको पूर्वाधार तथा गुणस्तरीयता को न्युनतम मापदण्ड निर्माण | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६१ | ४ | १ | ३ |
| बालबालिका पोषण निर्देशिका | सङ्ख्या | ३ | १० | १५ | २० | १५ | १५ | ७५ | | ४ | १ | ३ |
| **अभिभावक शिक्षा कार्यक्रम कार्यक्रम** | | | | | | | | | | | | |
| बाल विकास, बाल स्याहार प्रबर्धन , शिक्षा र संस्कार विकास | सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६१ | ४ | १ | ३ |
| अभिभावकसँग असल अभ्यास आदानप्रदान कार्यक्रम | सङ्ख्या | १ | १० | ५ | ५ | ५ | ५ | ३० | ०.७४ | ४ | १ | ३ |
| गाउँपालिकास्तरीय सुनौला हजार दिन कार्यक्रम | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६१ | ४ | १ | ३ |
| परिवारको जीवनशैली सर्वेक्षण | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| **विद्यालयमा आधारित उद्यमशीलता कार्यक्रम** | | | | | | | | | | | | |
| छोटो अवधिका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | सङ्ख्या | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| विद्यालयस्तरीय उद्यमशिलता विकास | सङ्ख्या | १ | २० | | २० | | २० | ६० | १.४७ | ४ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी लक्षित मूल्य सृङ्खला तथा बजारीकरण तालिम | सङ्ख्या | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| एक विद्यालय एक करेसाबारी कार्यक्रम | सङ्ख्या | १ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| पढ्दै कमाउदै व्यावसायिक शिक्षा कार्यक्रम | पटक | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| विद्यार्थी लक्षित कोष व्यवस्थापन | पटक | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| **गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षा** | | | | | | | | | | | | |
| तालिम तथा पुनर्ताजगी (बिशेषज्ञ तालिम, कम्पुटर, IEMIS, लेखा लगायतका तालिम कार्यक्रम) | पटक | २ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| पूर्ण प्रविधिमा आधारित शिक्षण क्रियाकलाप | पदक | २ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| शिक्षकको क्षमता विकास (अनुसन्धान, बौद्धिक क्रियाकलाप, लेख प्रकाशन, आदि) | पटक | ३ | २० | | २० | | २० | ६० | १.४७ | ४ | १ | ३ |
| शिक्षकको बौद्धिकता/ ज्ञान सर्वेक्षण | सङ्ख्या | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| शिक्षकको पेसागत विकास सहायता कार्यक्रम | सङ्ख्या | १ | २० | | | | | २० | ०.४९ | ४ | १ | ३ |
| पाठ्यक्रम परिमार्जन, संशोधन (आधारभूत तह कक्षा ६ देखि ८ सम्म का लागि स्थानीय पाठ्यक्रम निर्माण ) | सङ्ख्या | ५ | २० | २० | २० | २० | २० | १०० | २.४६ | ४ | १ | ३ |
| माध्यमिक तहका किशोरकिशोरीको | सङ्ख्या | १६ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १२.२९ | ४ | १ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सूचना प्रविधिसम्बन्धी ज्ञान सीप अभिवृद्धि कार्यक्रम | | | | | | | | | | | | |
| **भौतिक पूर्वाधारको व्यवस्था** | | | | | | | | | | | | |
| विद्यालयका संरचनाको सवलीकरण | सङ्ख्या | १६ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६.१४ | ४ | १ | ३ |
| न्युनतम शैक्षिक सामग्रीको निर्धारण, अनुगमन र व्यवस्थापन | सङ्ख्या | ५ | ३० | | ३० | | | ६० | १.४७ | ४ | १ | ३ |
| विज्ञान, कम्प्युटर, प्रयोगशाला | सङ्ख्या | ६ | ३० | | ३० | | | ६० | १.४७ | ४ | १ | ३ |
| नमुना बाल विकास कक्षा कार्यक्रम | सङ्ख्या | १६ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३.६९ | ४ | १ | ३ |
| प्रारम्भिक वालविकास केन्द्रको भौतिक व्यवस्था तथा सहजकर्तालाई आधारभूत तालिम | सङ्ख्या | ८ | ५ | ५ | ५ | ५ | ५ | २५ | | | | |
| पूर्वाधार स्तरोन्नति कार्यक्रम (बाल, अपाङ्ग तथा जेष्ठ मैत्री पूर्वाधार विकास) | सङ्ख्या | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १२.२९ | ४ | १ | ३ |
| **प्राविधिक,दक्ष जनशक्ति विकास** | | | | | | | | | | | | |
| कृषि क्याम्पस सवलीकरण कार्यक्रम | सङ्ख्या | ३ | ६० | ६० | ६० | ६० | ६० | ३०० | ७.३७ | ४ | १ | ३ |
| आवासीय विद्यालय विकास कार्यक्रम | सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ०.६१ | ४ | १ | ३ |
| १० कक्षाका विद्यार्थीलाई करियर काउन्सिलिङ | सङ्ख्या | १ | २० | २० | २० | २० | २० | १०० | २.४६ | ४ | १ | ३ |
| **अतिरिक्त कार्यक्रमहरू** | | | | | | | | | | | | |
| विद्यालयमा खेलकुद लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन | सङ्ख्या | १६ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय स्थास्थ्यकर्मी कार्यक्रम | पटक | १६ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| अन्तर विद्यालय प्रतियोगिता खेलकुद, वक्तृत्वकला, हाजिरीजवाफ, गीत लोक नृत्य, कथा, कविता तथा निवन्ध, चित्रकला | सङ्ख्या | १ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| विद्यालय कक्षाकोठा सुधार कार्यक्रम | सङ्ख्या | १ | २० | २० | २० | २० | २० | १०० | २.४६ | ४ | १ | ३ |
| विद्यालय बस सञ्चालन तथा व्यवस्थापन। | सङ्ख्या | १६ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| हरित विद्यालय अभियान। | पटक | १६ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| शिक्षक दरबन्दी तथा विद्यालय समायोजन। | सङ्ख्या | १ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| प्रत्येक माध्यमिक विद्यालयले कम्तीमा एक प्रतिभा प्रस्फुटन कार्यक्रम सञ्चालन गर्ने। | सङ्ख्या | १ | २० | २० | २० | २० | २० | १०० | २.४६ | ४ | १ | ३ |
| विद्यालय निरीक्षक (School Inspector) व्यवस्था। | सङ्ख्या | १६ | १० | १० | १० | १० | १० | ५० | १.२३ | ४ | १ | ३ |
| School Quality Index (SQI) लागू। | पटक | १६ | १० | | | | | १० | ०.२५ | ४ | १ | ३ |
| **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | **९०५** | **७५५** | **८६०** | **७५५** | **७९५** | **४०७०** | | | | |

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका २३: शिक्षा विकास: नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/ ८४ | ८४/ ८५ | ८५/ ८६ | ८६/ ८७ | ८७/ ८८ | | |
| **प्रभाव तह** | प्राविधिक एवम् गुणस्तर ीय शिक्षामा सबैको पहुँच अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुने | | | | | | | | |
| उच्चस्तरको प्राविधिक क्षमता भएका जनसङ्ख्या | प्रतिशत | ३ | ३ | ४ | ५ | ८ | १० | पालिकाको पार्श्वचित्र, | जनचेतना अबिवृद्धि भएको हुने |
| **११.असर तह** | शिक्षामा अति गरिब ,विपन्न तथा सीमान्तकृत वर्गलगायत सबैको सहज एवम् समान पहँच सुनिश्चित भएको हुने | | | | | | | | |
| १५ मिनेटको दूरीमा आधारभूत तह सम्मको विद्यालय पहुँच भएका घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ | १०० | पालिकाको पार्श्वचित्र, | |
| १.१प्रतिफल | विद्यालयमा उमेर समूहका सबै बालबालिकाहरूको पहुँच वृद्धि भएको हुने | | | | | | | | |
| आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | १% | ०.५% | ०% | ०% | ०% | | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | अबिभावक एवम् चेतना अभिवृद्धि कार्यक्रम प्रभावकारी बएको हुने |
| बालविकासको अनुभवसहित कक्षा १ मा भर्नादर | प्रतिशत | ९४.७ | ९६ | ९८ | १०० | १०० | | | |
| कक्षा ५ मा भर्ना भएका कुन विद्यार्थीको सङ्ख्या | | ३०८ | ३१५ | ३३५ | ३५० | ३७० | | | |
| १.२ प्रतिफल | माध्यामिक तहसम्मको शिक्षा अनिवार्य एवम् निःशुल्क भएको हुने | | | | | | | | |
| विद्यालय छाड्ने दर | प्रतिशत | - | - | - | - | - | - | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति | शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन भएको हुने |
| माध्यामिक तहसम्म दिवा खाजा खुवाउने विद्यालय | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९८ | ९८ | | |
| विपन्न विद्यार्थीका लागि आर्थिक | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सहायता | | | | | | | | समीक्षा | |
| **२.असर तह** | विद्यालयमा आधारभुत भौतिक एवम् शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवम् प्राविधिक शिक्षा प्रदान भएको हुने | | | | | | | | |
| माध्यामिक तहको सिकाइ उपलब्धि दर | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | पार्श्वचित्र तथा वार्षिक प्रगति समीक्षा | गुणस्तरीय शिक्षा प्रवर्धित भएको हुने |
| उच्च शिक्षा अध्यापन गर्ने शिक्षण संस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| **२.१प्रतिफल** | विद्यालयहरूमा शैक्षिक एवम् भौतिक पूर्वाधारहरूको व्यवस्था सर्वसुलभ भएको हुने | | | | | | | | |
| सबै प्रकारका भौतिक पूर्वाधार भएकाविद्यालय(खेल मैदान, शौचालय,फर्निचर, कक्षाकोठा, भवन, खानेपानी,विद्युत्, ई-हाजिरी) | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | पार्श्वचित्र तथा वार्षिक प्रगति समीक्षा | शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन भएको हुने |
| आईसिटी, कम्प्युटर तथा विज्ञान प्रयोगशाला, नर्ससेवा, स्यानिटरी | प्रतिशत | २० | २५ | ३० | ४० | ४५ | ५० | | |
| २.१प्रतिफल | सक्षम र व्यावसायिक प्राविधिक जनशक्ति उत्पादन भएको हुने | | | | | | | | |
| विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय | सङ्ख्या | १ | -- | - | - | - | - | पालिकाको पार्श्वचित्र | व्यावसायिक एवम् प्राविधिक शिक्षा प्रवर्धित भएको हुने |
| सिटिइभिटीबाट मान्यता प्राप्त प्राविधिक शिक्षालय | सङ्ख्या | १ | - | - | - | - | - | | |
| प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी | सङ्ख्या | ३६ | **३६** | ४० | ४४ | ४६ | **५०** | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ५.३.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ लिफ्टिङ खानेपानी प्रणाली सञ्चालन तथा मर्मत-सम्भार खर्चिलो रहेको । | ❖ नवीकरणीय ऊर्जाको प्रयोग र उपभोक्ता समिति कोष सुदृढ गरी सञ्चालन तथा मर्मत खर्च गर्नु । |
| ❖ सबै बस्तीमा सुरक्षित तथा नियमित खानेपानी सेवा अझै पूर्ण रूपमा नपुगेको । | ❖ "एक घर, एक धारा" को अवधारणा अनुसार सबै बस्तीमा वर्षैभरी स्वच्छ, गुणस्तरीय र नियमित खानेपानी पुऱ्याउनु। |
| ❖ खानेपानीका संरचनाहरूको दीर्घकालीन व्यवस्थापन तथा संरक्षणमा समस्या रहेको । | ❖ निर्मित खानेपानी आयोजना तथा संरचनाहरूको नियमित मर्मत, दायित्व हस्तान्तरण र दिगो सञ्चालन प्रणाली बनाउनु। |
| ❖ पानीका मुहान संरक्षण तथा जलस्रोत व्यवस्थापन कमजोर रहेको । | ❖ सुक्दै गएका पानीका मुहानहरूको पुनरुत्थान, वृक्षारोपण र जलाधार क्षेत्रको वैज्ञानिक संरक्षण गर्नु। |
| ❖ केही क्षेत्रमा पाइपलाइन, ट्याङ्की तथा वितरण प्रणाली स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको । | ❖ पुराना तथा जीर्ण भइसकेका पाइपलाइन र ट्याङ्कीहरूको सामयिक मर्मत, विस्तार तथा स्तरोन्नति गर्नु। |
| ❖ सरसफाइसम्बन्धी व्यवहार परिवर्तन तथा फोहोर व्यवस्थापन प्रभावकारी हुन नसकेको । | ❖ नागरिकमा सरसफाइसम्बन्धी बानी व्यवहारमा सुधार ल्याउँदै फोहोरको स्रोत मै वर्गीकरण र वैज्ञानिक व्यवस्थापन गर्नु। |

### ५.३.३सम्भावना तथा अवसर

- लिफ्टिङ तथा ग्राभिटि प्रविधिमार्फत् अधिकांश बस्तीमा खानेपानी सेवा विस्तार भएको अवस्था रहेको ।

- खानेपानी उपभोक्ता समितिमार्फत स्थानीयस्तरमै व्यवस्थापन प्रणाली विकास भएको ।
- सुरक्षित शौचालय तथा सरसफाइको पहुँच उच्च रहेको ।
- सङ्घ, प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा खानेपानी आयोजना विस्तार गर्न सकिने ।
- मुहान संरक्षण, वर्षातको पानी सङ्कलन तथा वैकल्पिक प्रविधिमार्फत दिगो पानी व्यवस्थापन गर्न सकिने ।
- सरसफाइ तथा स्वच्छता सचेतनामार्फत जनस्वास्थ्य सुधार गर्न सकिने अवसर रहेको ।

**५.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य :**

गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ एवम् पूर्ण सरसफाइयुक्तगाउँपालिका भएको हुने ।

**उद्देश्य**

१. स्वच्छ, सफा र सुरक्षित खानेपानीमा नागरिकहरूको पहुँच अभिवृद्धि भई सर्वसुलभ बनाउनु ।
२. सरसफाइलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम राख्नु ।

**रणनीतिहरू**

१.१ खानेपानीका मुहान तथा स्रोतहरूको संरक्षण एवम्संवर्धन गर्ने ।
१.२ आधारभूत खानेपानीमा सबैको सहज पहुँच अभिवृद्धि गर्ने ।
२.१ सरसफाइलाई व्यवस्थित गर्दै फोहोरमैलालाई सुरक्षित विसर्जन गर्ने ।
२.२ सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

**कार्यनीतिहरू**

**रणनीति १.१ को खानेपानीका मुहान स्रोतको संरक्षण अन्तर्गतका कार्यनीतिहरू**

- खानेपानीका मुहान तथा स्रोतहरूको पहिचान गरी नक्साङ्कन गरिने छ ।
- खानेपानीका संरचनाको स्तरोन्नति, मुहान सुधार एवम् संरक्षण गदै पानी प्रशोधनको व्यवस्था मिलाइने छ ।
- तारबार तथा पर्खालहरू निर्माण गरी मुहान क्षेत्रको संरक्षण गरिने छ ।

**रणनीति १.२ को खानेपानीमा सबैको सहज पहुँच अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- हरेक घरमा पाइपलाइन मार्फत सुरक्षित तवरले खानेपानी वितरणको व्यवस्था मिलाउँदै एकघर एकधाराको व्यवस्था गरिने छ ।
- पानी मुहान र खानेपानी संरचनाहरूको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवस्थित गर्दै थप क्षेत्रहरूमा खानेपानी सुविधा उपलब्ध गराइने छ ।
- सार्वजनिक स्थल, कार्यालय,बस्तीआदि क्षेत्रमा सार्वजनिक धाराहरू निर्माण गरी खानेपानीमा पहुँच वृद्धि ल्याइने छ ।

**रणनीति २.१ को व्यवस्थित सरसफाइ व्यवस्थित बनाउने अन्तर्गतका कार्यनीतिहरू**

- शौचालयको व्यवस्था प्रत्येक घरमा हुनुपर्ने नीतिगत व्यवस्था गरिनेछ। शौचालय निर्माण गर्न नसक्ने अति गरिबएवम्विपन्नघरहरूमा शौचालय निर्माणका लागि सहयोग तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- फोहोरको मुख्य स्रोतहरू घर, पसल, व्यवसाय, कार्यालय एवम् सार्वजनिक स्थलहरूमा फोहोरलाई वर्गीकरण गरी सङ्कलन गर्ने व्यवस्था मिलाइने छ । सङ्कलित फोहोरलाई सुरक्षित विसर्जनको व्यवस्था गरिने छ ।

**रणनीति २.२ को जनचेतना अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- खानेपानी संरक्षण, स्वच्छ खानेपानीबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक संस्थाको सहकार्यमा सरसफाइ अभियान सञ्चालन गरिने छ ।
- महिला सञ्जाल तथा आमासमूह मार्फत फोहोरबाट कम्पोष्ट मल बनाउनेसम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिने छ ।
- फोहोरमैला सम्बन्धी चेतनामूलक प्रचार सामग्रीहरू बनाइ वितरण गरिने छ ।

*तालिका २४: खानेपानी तथा सरसफाइ : कार्यक्रम तथा आयोजना*

| **खानेपानी तथा सरसफाई** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमहरू** | **एकाइ** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा )** | | | | | | **बजेट प्रतिशत** | **दिविल सङ्केत** | **लैङ्गिक सङ्केत** | **जलवायु सङ्केत** |
| | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौ आ.व** | **जम्मा** | | | | |
| **खानेपानी मुहान तथा स्रोत संरक्षण** | | | | | | | | | | | | |
| खानेपानी संरचना स्तरोन्नति | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | २३.८ | ४ | १ | ३ |
| **खानेपानीमा पहुँच अभिवृद्धि** | | | | | | | | | | ४ | १ | ३ |
| एक घर एक धारा | | | | | | | | ० | ०.० | ४ | १ | ३ |
| लिफ्टिङ तथा ग्राभिटिखानेपानी आयोजना स्तरोन्नति, मर्मत सम्भार | सङ्ख्या | ६ | ३ | ३ | ३ | ३ | ३ | १५ | १४.३ | ४ | १ | ३ |
| वर्षात पानी सङ्कलन तथा शुद्धीकरण, | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | २३.८ | ४ | १ | ३ |
| **खानेपानी उपभोक्ता समितिक्षमता वृद्धि** | | | | | | | | | | ४ | १ | ३ |
| **व्यवस्थित सरसफाइ सचेतना** | सङ्ख्या | ५ | २ | २ | २ | २ | २ | १० | ९.५ | ४ | १ | ३ |
| मुख्य वस्ती मासार्वजनिक शौचालय कोव्यवस्था | सङ्ख्या | ५ | २ | २ | २ | २ | २ | १० | ९.५ | ४ | १ | ३ |
| **सरसफाइ जनचेतना अभिवृद्धि** | | | | | | | | ० | ०.० | ४ | १ | ३ |
| टोल, वस्ती सरसफाइ अभियान | सङ्ख्या | ७ | २ | २ | २ | २ | २ | १० | ९.५ | ४ | १ | ३ |
| कम्पोष्ट मल बनाउने प्राविधिक तालिम | सङ्ख्या | ७ | २ | २ | २ | २ | २ | १० | ९.५ | ४ | १ | ३ |
| **खानेपानी तथा सरसफाईको जम्मा** | | | **२१** | **२१** | **२१** | **२१** | **२१** | १०५ | | ४ | १ | ३ |

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका २५ :खानेपानी तथा सरसफाइ नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह :** | गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ एवम् सरसफाइ गाउँपालिका भएको हुने | | | | | | | | |
| सुरक्षित एवम् उपचार गरिएको खानेपानी सुविधामा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ० | ० | ० | ० | ३ | ४ | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | उपलब्ध पानीको उपयुक्त सदुपयोग हुने |
| १.असर तह | स्वच्छ सफा र सुरक्षित खानेपानीमा नागरिकहरूको पहुँच अभिवृद्धि भईसर्वसुलभ भएको हुने | | | | | | | | |
| आधारभूत खानेपानी सेवामा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | पालिकाको पार्श्वचित्र, | उपलब्ध पानीको उपयुक्त सदुपयोग हुने |
| १ १.प्रतिफल | खानेपानीको मुहान तथा स्रोतहरूको संरक्षण भई दिगोरूपमाविकास भएको हुने | | | | | | | | |
| उपलब्ध खानेपानीको मुहान तथा जलस्रोतहरू | सङ्ख्या | ११ | १३ | १५ | १६ | १६ | १७ | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | पानी मुहानहरूको संरक्षण भएको हुने |
| तारबार लगाई संरक्षित गरिएको खानेपानी मुहान | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८७ | ८८ | | |
| स्रोत संरक्षणका लागि बाढी पहिरो नियन्त्रण | सङ्ख्या | ० | ० | २ | ३ | ४ | ५ | | |
| १ २.प्रतिफल | खानेपानी पूर्वाधारको स्तरोन्नति भई घरघरमा सुरक्षित खानेपानी उपलब्ध भएको हुने | | | | | | | | |
| नियमित मर्मत, स्तरोन्नतिभएका खानेपानीकापूर्वाधार(पाइपलाइन,धारा) | प्रतिशत | ५० | ५२ | ५६ | ६० | ६४ | ६८ | पालिकाको पार्श्वचित्र | खानेपानीउपभोक्ता समितिहरूको क्षमता विकास भई क्रियाशील भएको हुने |
| क्रियाशील खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १७ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २असर तह | सरसफाइलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम भएको हुने | | | | | | | | |
| व्यवस्थित रूपमा फोहोर व्यवस्थापन गर्ने ठाउँ | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |
| २१.प्रतिफल | पोहोरलाई सदुपयोग गर्दै फोहोरबाट आर्जन भएको हुने | | | | | | | | |
| घर,पसल,कार्यालयका फोहोरलाई वर्गीकरण गरी विसर्जन गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ५ | ७ | ८ | पालिकाको पार्श्वचित्र | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |
| शौचालय भएका घरधुरी | प्रतिशत | ९० | ९० | ९४ | ९६ | ९८ | १०० | | |
| व्यवस्थित ढल प्रणालीमा जोडिएका घरधुरी | प्रतिशत | ० | ० | ० | ० | ५ | १० | | |
| २ २.प्रतिफल | फोहोरलाईसदुपोग गर्दै फोहोरबाट आय आर्जन भएको हुने | | | | | | | | |
| जैविकमल बनाउने सम्बन्धी प्राविधिक तालिम लिने | सङ्ख्या | ० | ० | २० | ४० | ६० | ८० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |
| जैविक मल उत्पादनमा आवद्ध घरधुरी | सङ्ख्या | ० | ० | २०० | ४०० | ५०० | ७०० | | |

## ५.४ लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपाल संविधान, २०७४ ले समानता (कानुनी आधारमा समान), सामाजिक न्याय (समानुपातिक सहभागिताका आधारमा), सामाजिक सुरक्षा (कानुनद्वारा सुरक्षा), ज्येष्ठ नागरिकको संरक्षण, दलित छुवाछुत तथा भेदभाव विरुद्ध (जातीय आधारमा), महिला, बालबालिका, दलित (समानुपातिक समावेशी सिद्धान्तका आधारमा) को हकलाई मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । १६ औं राष्ट्रिय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रूपमा अङ्गिकार गरेको छ भने गरिवी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालनएवम् पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरूसङ्घएवम् प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ कुमाल तथा मुस्लिम समुदायको शिक्षा, स्वास्थ्य तथा आर्थिक अवसरमा पहुँच कमजोर रहेको । | ❖ लक्षित कार्यक्रममार्फत् सीमान्तकृत (कुमाल तथा मुस्लिम) समुदायलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र आर्थिक मूलधारमा समेट्नु । |
| ❖ कुमाल समुदायको परम्परागत माटोका भाँडा बनाउने पेसा तथा सीप संरक्षण हुन नसकेको । | ❖ परम्परागत माटोका भाँडा बनाउने पेसालाई आधुनिक प्रविधि, बजारीकरण र ब्राण्डिङसँग जोडी मौलिक सीपको संरक्षण र व्यावसायिक प्रवर्धन गर्नु। |
| ❖ मुस्लिम तथा कुमाल समुदायमा बालविवाह तथा चेतनास्तरसम्बन्धी चुनौती विद्यमान रहेको । | ❖ सामाजिक सचेतना अभियान, कानुनी साक्षरता र बालिका शिक्षा प्रवर्धन गरी बालविवाहजस्ता कुप्रथालाई पूर्ण रूपमा अन्त्य गर्नु । |
| ❖ विपन्न तथा सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा सहभागिता सीमित रहेको । | ❖ योजना तर्जुमादेखि स्थानीय शासनका हरेक तह र निर्णय प्रक्रियामा सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु । |
| ❖ महिला तथा लक्षित वर्गको सीप, उद्यमशीलता तथा रोजगारीमा पहुँच न्यून रहेको । | ❖ महिला तथा लक्षित वर्गलाई बजारयोग्य सीप र प्रविधि हस्तान्तरण गरी आत्मनिर्भर, उद्यमी र रोजगार बनाउनु । |

### ५.४.३ सम्भावना तथा अवसर

- कुमाल समुदायको परम्परागत हस्तकला तथा माटोका भाँडालाई उद्यम तथा पर्यटनसँग जोड्न सकिने ।
- मुस्लिम समुदायको व्यापारिक सीप तथा उद्यमशीलतालाई स्थानीय आर्थिक विकाससँग आवद्ध गर्न सकिने ।
- लक्षित वर्गका लागि शिक्षा, सीपमूलक तालिम तथा आयआर्जन कार्यक्रम विस्तार गर्न सकिने ।
- महिला, दलित, जनजाति तथा अल्पसंख्यक समुदायको नेतृत्व तथा सहभागिता अभिवृद्धि गर्न सकिने ।
- सामाजिक समावेशीकरण तथा लक्षित वर्गमैत्री नीति तथा कार्यक्रममार्फत सामाजिक सशक्तीकरण गर्न सकिने ।

### ५.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

सबै क्षेत्रमा समान सहभागिता एवम् अवसरहरूको उपयोग गर्दै विभेद रहित समाज निर्माण भएको हुने।

**उद्देश्य**

१. लक्षित वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सीमान्तकृत एवम् अति विपन्न) को क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण गर्नु ।

२. नीति निर्माण एवम् नेतृत्व तह लगायतका क्षेत्रहरूमा समतामूलक समावेशीकरण भई विभेद रहितको समाज निर्माण गर्नु ।

**रणनीतिहरू**

१.१ लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याउने ।

१.२ लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण गर्ने ।

२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन गर्ने ।

२.२ सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चितता गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को क्षमता विकासबाट लक्षित वर्गको आर्थिक सामाजिक स्थितिमा सुधार अन्तर्गतका कार्यनीतिहरू**

- अतिगरिब तथा विपन्नलाई आवश्यक सहयोग उपलब्ध गराउँदै कृषि, स्वास्थ्य, इन्जिनियरिङ लगायतका प्राविधिक क्षेत्रमा उच्च शिक्षाका लागि प्रोत्साहित गरिने छ ।
- व्यावसायिक सीप तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी महिला, अपाङ्गता भएका, दलित लगायतका लक्षित वर्ग, समुदायहरूको क्षमता अभिवृद्धि गर्दै स्वरोजगारीका लागि प्रोत्साहित गरिने छ ।
- वित्तीय पहुँचमा सहजता, सहुलियतपूर्ण ऋण, अनुदान आदिको व्यवस्था गर्दै अपाङ्गता भएका व्यक्ति लगायतका लक्षित वर्गको आय आर्जनका लागि प्रोत्साहित गरिने छ ।

- आर्थिक तथा सामाजिक रूपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसख्याक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याङ्क अद्यावधिक गरिने छ । सोका आधारमा सामाजिक तथा आर्थिक उत्थान कार्यमक्रम सञ्चालन गरिने छ ।
- किशोरी तथा युवतीहरूलाई बजारको मागमा आधारित रोजगारीमूलक तालिमहरू प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल बनाइने छ ।

**रणनीति १.२ को लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरू**

- पूर्ण अपाङ्गता भएका व्यक्ति एवम् असक्त, वेसहारा, विपन्न, असहाय ज्येष्ठ नागरिक तथा एकल महिला एवम् बालबालिकाहरूका लागि स्याहार केन्द्र, आश्रय केन्द्रजस्ता कार्यक्रम निर्माण गरी संरक्षण गरिने छ ।
- नागरिक सम्मान, भ्रमण, निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार, बीमा जस्ता कार्यक्रमहरू सञ्चालन गरी ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरूको बाँकी जीवन यापनका लागि सहजपूर्ण वातावरण तयार पारिने छ ।
- ज्येष्ठ नागरिकका ज्ञान, सीप, अनुभवहरूलाई उपयोग गर्दै सीप हस्तान्तरण, छलफल एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- बस्तीहरूमा सुविधायुक्त सामुदायिक भवन निर्माण गरी सञ्चालनमा ल्याइने छ ।
- अपाङ्गता भएका व्यक्तिका लागि विशेष शिक्षा एवम्व्यावसायिकसीप प्रदान गरी सशक्त बनाइने छ ।

**रणनीति २.१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन अन्तर्गतका कार्यनीतिहरू**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति, ऐन, नियम तथा कानुनहरू निर्माण गरी कार्यान्वयन गरिने छ ।
- नीति निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा लक्षित वर्ग तथा लाभान्वित समुदायिकको सहभागिता अनिवार्य गरिने छ ।
- लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आमा समूह, महिला सञ्जाल मार्फत सचेतना कार्यक्रम सञ्चालन गर्दै अभियानहरू आयोजना गरिने छ ।
- महिलालगायत लक्षित वर्ग, समुदायलाई आर्थिक, सामाजिक, राजनीतिक रूपमा सशक्तीकरण गरी गाउँपालिकाका विभिन्न संरचनाहरूमा सार्थक र अर्थपूर्ण सहभागिता गराइने छ ।

**रणनीति २.२ को सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चित अन्तर्गतका कार्यनीतिहरू**

- महिला, बालबालिका, अपाङ्गता भएका, दलित, विपन्न लगायतका लक्षित वर्गको संवैधानिक अधिकार संरक्षण एवम् संवर्धन गरिने छ ।
- बालबालिकाहरूको शारीरिक र मानसिक विकासका लागि आवश्यक सबै प्रकारका व्यवस्थाहरू मिलाउदै बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ ।

- महिला, एकल महिला, दलित एवम् अल्पसंख्यक लगायतका पिछडिएका वर्ग, समुदायलाई विकासका हरेक चरण तथा तहहरूमा समान सहभागिको व्यवस्था मिलाइने छ ।
- महिला, बालबालिका, किशोरकिशोरी, दलित लगायतका वर्ग समुदाय विरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार, शोषण, उपेक्षा, हिंसाको अन्त्य गरिने छ । यसका लागि स्थानीय नीति, ऐन, नियम तथा कानुनहरूबनाई कार्यान्वयनमा ल्याइने छ ।
- लैङ्गिक हिंसा, विभेद तथा शोषण विरुद्ध परामर्श एवम् अनुशिक्षणहरू सञ्चालन गर्दै कानुनी उपचारको व्यवस्था मिलाइने छ ।

*तालिका २६ : महिला बालबालिका सम्बन्धीकार्यक्रम तथा आयोजना*

| महिला, बालबालिका तथा लक्षित वर्ग<br>कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **लक्षित वर्गको अवस्था सुधार, सशक्तीकरण** | | | | | | | | | | | | |
| लक्षित वर्ग व्यावसायिक सीप विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३.४२ | ४ | १ | ३ |
| अपाङ्गता भएका व्यक्तिको व्यावसायिक सीप विकास | पटक | ५ | ८ | ८ | ८ | ८ | ८ | ४० | ५.४८ | ४ | १ | ३ |
| ग वर्गका अपाङ्गका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | पटक | ५ | १२ | १२ | १२ | १२ | १२ | ६० | ८.२२ | ४ | १ | ३ |
| महिला उद्यमशीलता विकास | पटक | ५ | १२ | १२ | १२ | १२ | १२ | ६० | ८.२२ | ४ | १ | ३ |
| लक्षित वर्गको लोकसेवा तयारी कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |
| ज्येष्ठ नागरिक सम्मान | सङ्ख्या | ५ | १० | | १० | | | २० | २.७४ | ४ | १ | ३ |
| जेष्ठ नागरिक आराम फल्चा | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | ३४.२५ | ४ | १ | ३ |
| सामुदायिक भवन निर्माण | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३.४२ | ४ | १ | ३ |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन** | | | | | | | | | | ४ | १ | ३ |
| महिला सञ्जाल, आमा समुह क्षमता विकास (पूर्वाधार सहित | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ) | | | | | | | | | | | | |
| स्थानीय क्लब, समूह, सञ्जाल आदिको क्षमता विकास कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |
| **सामाजिक न्याय सहित विभेद रहितको समाज सुनिश्चित** | | | | | | | | | | | | |
| बालमैत्री सुशासन प्रवर्धन (बाल मैत्री पालिका घोषणा) | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |
| सांस्कृतिक सुधार कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |
| **अतिरिक्त कार्यक्रम** | | | | | | | | | | | | |
| पालिकास्तरीय बाल सम्मेलन। | पटक | १ | २ | २ | २ | २ | २ | १० | १.३७ | ४ | १ | ३ |
| उत्कृष्ट बाल क्लब सम्मान तथा बाल सुनुवाइ कार्यक्रम। | पटक | १ | ३ | ३ | ४ | ३ | २ | १५ | २.०५ | ४ | १ | ३ |
| ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई तीर्थाटन कार्यक्रम। | पटक | १ | २ | २ | २ | २ | २ | १० | १.३७ | ४ | १ | ३ |
| महिला उद्यमशीलता तथा आयआर्जन कार्यक्रम। | पटक | ५ | ३ | ३ | ४ | ३ | २ | १५ | २.०५ | ४ | १ | ३ |
| सामाजिक समावेशीकरण तथा संरक्षण कार्यक्रम। | पटक | १ | १० | १० | १० | १० | १० | ५० | ६.८५ | ४ | १ | ३ |
| **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | **१७२** | **१६२** | **१७४** | **१६२** | **१६०** | **७३०** | | | | |

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**आगामी ५ वर्षका लागि लक्षित वर्ग तथा सामाजिक समावेशी क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।**

*तालिका २७ :लक्षित वर्ग तथा सामाजिक समावेशीः नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | सबै क्षेत्रमा समान सहभागिता एवम् अवसरहरूको उपयोग गर्दै विभेद रहित समाज निर्माण भएको हुने | | | | | | | | |
| निर्णायक तहमा लक्षित वर्गको उपस्थिति | प्रतिशत | ५० | **५५** | ६० | ६५ | ७० | ७५ | पालिकाको पार्श्वचित्र, | लक्षित वर्गको सशक्तीकरण |
| १.असर तह | लक्षित वर्ग (महिला,बालबालिका,ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका,लोपोन्मुख, सीमान्तकृत एवम् अति विपन्न) को क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण भएको हुने | | | | | | | | |
| प्राथमिक स्तरको रोजगारीमा लक्षित वर्गको आवद्धता | प्रतिशत | २ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र, | लक्षित वर्गको सशक्तीकरण भएको हुने |
| १ १.प्रतिफल | सामाजिक एवम् आर्थिक क्षेत्रमा लक्षित वर्गको अवस्थामा सुधार आएको हुने | | | | | | | | |
| लक्षित वर्गमा भएको वार्षिक बजेट विनियोजन )(कूल विनियोजन) | प्रतिशत | | | | | | | पालिकाको पार्श्वचित्र , वार्षिक समीक्षा | लक्षित वर्गको सशक्तीकरण भएको हुने |
| व्यावसायिक सीप विकास तालिमबाट स्वरोजगार भएका सीमान्तकृत, महिला एवम् विपन्न वर्ग (कूल तालिम प्राप्त गर्ने सङ्ख्याको) | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गता भएको व्यक्तिको सीप तथा दक्षता अभिवृद्धिका लागि सम्पन्न कार्यक्रमहरू | सङ्ख्या | ५ | ६ | ७ | ७ | ८ | ९ | | |
| १ २.प्रतिफल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धन भएको हुने | | | | | | | | |
| कृषि, स्वास्थ्य,इन्जिनियरिङ जस्ता क्षेत्रमा महिला प्राविधिकहरूको वृद्धि | सङ्ख्या | ३० | ३२ | ३३ | ३४ | ३५ | ३६ | | |
| २असर तह | नीति निर्माण एवम् नेतृत्व तह लगायतको क्षेत्रहरूमा समतामूलक समावेशिकरण भई विभेद रहितको समाजको सुनिश्चितता भएको हुने | | | | | | | | |
| सभामा महिला जनप्रतिनिधिको उपस्थति | प्रतिशत | | | | | | | जनप्रतिनिधिको नामावली | महिला वर्ग मूल प्रवाहीकरण भएको हुने |
| २१.प्रतिफल | गाउँपालिकाको सबै तहतप्काहरू समानता एवम् समावेशीकरण भएको हुने | | | | | | | | |
| कृषि, स्वास्थ्य,इन्जिनियरिङ जस्ता क्षेत्रमा महिला प्राविधिकहरूको वृद्धि | प्रतिशत | २ | २ | २ | ३ | ४ | ५ | समितिका सदसयहरूको नामावली | लक्षित वर्ग मूलप्रवाहीकरण भएको हुने |
| २ २.प्रतिफल | सामाजिक एवम् सांस्कृतिक रूपमा हुने सबै प्रकारका विभेद अन्त्य भएको हुने | | | | | | | | |
| वञ्चितीकरणमा परेका जातजाति, वर्ग, समुदायहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि भएका कार्यक्रमहरू | सङ्ख्या | ० | २ | ४ | ६ | ७ | ८ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | लक्षित वर्ग मूलप्रवाहीकरण भएको हुने |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार युवाहरूको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गीण विकासमा युवाहरूलाई उपयुक्त अवसरहरू प्रदान गर्ने नीति अवलम्बन गरेको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवम्सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरूमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ । त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनावद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकता रूपमा सदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यबाटअवलम्बन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवम्प्रवर्धन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ५.५.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ युवाहरूमा वैदेशिक रोजगारतर्फ आकर्षण बढ्दो रहेकाले स्थानीय क्षेत्रमा सक्रिय सहभागिता घट्दै गएको । | ❖ स्वदेशमै सम्मानित अवसर र वातावरण सिर्जना गरी युवाहरूलाई स्थानीय विकास, उद्यम र सामाजिक गतिविधिहरूमा सक्रिय रूपमा परिचालन गर्नु । |
| ❖ खेलमैदान, कभर्ड हल तथा खेल पूर्वाधारको अभाव रहेको । | ❖ युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि प्रत्येक वडा/गाउँपालिकास्तरमा सुविधा सम्पन्न खेलमैदान तथा कभर्ड हलहरूको निर्माण गर्नु । |
| ❖ सीप, उद्यमशीलता तथा रोजगारीसँग युवालाई प्रभावकारी रूपमा जोड्न नसकिएको । | ❖ युवाहरूको रुचि र बजारको माग अनुसार व्यवहारिक सीप प्रदान गरी उनीहरूलाई सिधै उद्यमशीलता र रोजगारीसँग जोड्नु । |
| ❖ खेलकुद गतिविधि तथा प्रतिभा विकास कार्यक्रम सीमित रहेका । | ❖ गाउँपालिका तथा वडा स्तरमा नियमित खेलकुद प्रतियोगिताहरू आयोजना गरी लुकेका खेल प्रतिभाहरूको पहिचान र विकास गर्नु । |
| ❖ सामाजिक विचलन (लागुऔषध दुर्व्यसन, कुलत आदि) को जोखिम बढ्दो रहेको । | ❖ युवाहरूलाई रचनात्मक कार्य, खेलकुद र चेतनामूलक अभियानमा व्यस्त गराई सामाजिक विचलन एवं कुप्रथाबाट जोगाउनु । |

### ५.५.३ सम्भावना तथा अवसरहरू

- युवा लक्षित सीपमूलक तालिम तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न सकिने ।
- विद्यालय तथा समुदायस्तरमा खेलकुद गतिविधि विस्तार गर्न सकिने ।

- अध्यक्ष कप तथा स्थानीय खेल प्रतियोगितामार्फत खेल प्रतिभा विकास गर्न सकिने ।
- खेलमैदान तथा खेल पूर्वाधार निर्माणमार्फत युवाको सहभागिता वृद्धि गर्न सकिने ।
- कृषि, पर्यटन तथा प्रविधिमूलक क्षेत्रमा युवालाई स्वरोजगारसँग जोड्न सकिने ।
- युवा क्लब तथा सामुदायिक संस्थामार्फत सामाजिक नेतृत्व विकास गर्न सकिने ।

**५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य :**

युवाहरूमा व्यावसायिकता विकास गर्दै खेलकुद लगायत सबै क्षेत्रमा युवाको सहभागिता प्रभावकारी भएको हुने ।

**उद्देश्य**

१. खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणबाट प्रतिस्पर्धी युवा खेलाडीहरूको विकास गर्नु ।
२. युवा उद्यमशीलताको विकास गरि रोजगारीका अवसरहरू सिर्जना गर्नु ।

**रणनीतिहरू**

१.१ युवाहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास गर्ने ।
१.२ राजनीति लगायत सबै क्षेत्रमा युवाहरूको सहभागिता अभिवृद्धि गर्ने ।
२.१ खेलकुद विकासका लागि पूर्वाधार संरचनाहरूको निर्माण गर्ने ।
२.२ सक्षम, प्रतिस्पर्धी एवम्व्यावसायिक खेलाडीहरूको विकास गर्ने ।

**कार्यनीति**

**रणनीति १.१ को युवाहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास अन्तर्गतका कार्यनीतिहरू**

- उद्योग, व्यवसाय लगायतका क्षेत्रमा प्रभावकारी उपस्थितिका लागि युवाहरूलाई प्रोत्साहित गरिने छ ।
- व्यावसायिक परियोजनाका आधारमा परियोजना कार्यान्वयनका लागि व्यावसायिकसीप हासिल प्राप्त युवाहरूलाई आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- युवाहरूको क्षमता विकास, व्यावसायिकसीप विकास, उद्यमशीलता विकासका लागि गाउँपालिकाबाट विविध कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- वित्तीय संस्थाहरूसँग सहकार्य गर्दै उद्योग व्यवसाय सञ्चालन गर्न युवाहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिने छ ।
- गाउँपालिकामा प्राविधिक शिक्षालय सञ्चालन एवम् विद्यालयमा प्राविधिक धारको अध्यापनलाई प्रभावकारी बनाउँदै युवाहरूमा उद्यमशीलता विकास गरिने छ ।

**रणनीति १.२ को राजनीति लगायत सबै क्षेत्रमा युवाहरूको सहभागिता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- आर्थिक, सामाजिक, सांस्कृतिकएवम् राजनीतिक क्षेत्रमा युवाहरूको आवद्धता एवम् भूमिकामा वृद्धि ल्याइने छ । यसका लागि विविध प्रकारका तालिम, प्रशिक्षणहरू सञ्चालन गरी युवाहरूको क्षमतामा अभिवृद्धि ल्याइने छ ।

- युवा क्लव, समूह तथा सञ्जालहरूको विकास, विस्तार गर्दै गाउँपालिकाको विभिन्न क्षेत्रमा प्रतिनिधित्व तथा सहभागिता गराइने छ ।
- बेरोजगार युवाहरूलाई व्यावसायिकसीप तालिम प्रदान गर्दै स्टार्टअप लोन कार्यक्रममा आवद्ध हुन प्रोत्साहित गरिने छ ।

**रणनीति २.१ को खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास अन्तर्गतका कार्यनीतिहरू**

- युवाहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापनका लागि खेलकुदको विकास गरिने छ । यसका लागि खेलकुदसम्बन्धी विविध कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालन गरी विद्यालयबाटै खेलाडीहरू उत्पादन एवम् विकासका लागि प्रोत्साहित गरिने छ ।
- खेलकुदलाई व्यवस्थित रूपमा सञ्चालनका लागि गाउँपालिकामा खेलकुद समिति गठन गरिने छ ।

**रणनीति २.२ को सक्षम, प्रतिस्पर्धी एवम्व्यावसायिक खेलाडीहरूको विकास अन्तर्गतका कार्यनीतिहरू**

- युवा खेलाडीहरूमा भएको सीप, ज्ञान अभिवृद्धिका लागि विभिन्न तालिम एवम् प्रशिक्षणहरूमा सहभागी गराई खेलाडीमा भएको सीपमा अभिवृद्धि ल्याइने छ ।
- राष्ट्रियस्तरका खेलाडी एवम् प्रशिक्षकहरूबाट दिइने लामो एवम् छोटो समयावधिका व्यावसायिक प्रशिक्षण दिई व्यवस्था मिलाई सक्षम, प्रतिस्पर्धी खेलाडीहरूको उत्पादन गरिने छ ।
- हरेक वर्ष अन्तरविद्यालय, अन्तरवडा र अन्तरपालिका खेलकुद प्रतियोगिताहरू आयोजना गरिने छ र विजेता टिमहरूलाई पुरस्कृत गरिने छ ।

*तालिका २८ : युवा खेलकुद सम्बन्धीकार्यक्रम तथा आयोजना*

| युवा तथा खेलकुद कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **खेलकुद पूर्वाधार निर्माण** | सङ्ख्या | २ | ५ | | ५ | | | १०.०० | २.८८ | ४ | १ | ३ |
| खेलमैदान निर्माण स्तरोन्नती | पटक | **५** | ५ | | ७ | ४ | ४ | २०.०० | ५.७६ | ४ | १ | ३ |
| खेलकुदका सामाग्री व्यवस्था | सङ्ख्या | २ | ५ | | | | | ५.०० | १.४४ | ४ | १ | ३ |
| विद्यालय खेलकुद प्रवर्धन | सङ्ख्या | २ | ५ | १२ | १२ | १२ | १२ | ५३.०० | १५.२७ | ४ | १ | ३ |
| खेलाडी तालिम तथा प्रशिक्षण, | पटक | २ | ३ | | ३ | | ३ | ९.०० | २.५९ | ४ | १ | ३ |
| **खेल प्रतियोगितामा सहभागिता** | पटक | **५** | ३० | ३० | ३० | ३० | ३० | १५०.०० | ४३.२३ | ४ | १ | ३ |
| अन्तरपालिका खेल प्रतियोगिता | पटक | **५** | १० | १० | १० | १० | १० | ५०.०० | १४.४१ | ४ | १ | ३ |
| पालिकास्तरीय खेल प्रतियोगिता (राष्ट्रपति रनिङ शिल्ड) | | | १० | १० | १० | १० | १० | | | ४ | १ | ३ |
| **युवा तथा खेलकुदको जम्मा** | | | ७३ | ६२ | ७७ | ६६ | ६९ | ३४७ | | | | |

५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्षका लागि यवा तथा खेलकुद क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

*तालिका २९ :युवा तथा खेलकुद विकास नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/ ८४ | ८४/ ८५ | ८५/ ८६ | ८६/ ८७ | ८७/ ८८ | | |
| **प्रभाव तह** | खेलकुद लगायत सबै क्षेत्रहरूमा युवाको सहभागिता प्रभावकारी भएको हुने | | | | | | | | |
| दिगो रोजगारीमा संलग्न युवा | प्रतिशत | १० | ११ | १३ | १५ | १७ | २० | | |
| १ असर तह | युवाहरूमा क्षमता विकास एवम् उद्यमशीलता विकासबाट स्व-रोजगारितामा वृद्धि भएको हुने | | | | | | | | |
| युवा बेरोजगार | प्रतिशत | ९० | ८५ | ८० | ७५ | ७० | ६५ | पालिकाको पाश्वचित्र | उद्योग व्यवसायको प्रवर्धन हुने |
| १ १.प्रतिफल | युवामा उद्यमशीलता विकासबाट स्व-रोजगारीतामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| पालिकाबाट सञ्चालित व्यावसायिक कार्यक्रमबाट लाभान्वित युवाहरू | सङ्ख्या | - | - | ३० | ४० | ५० | ६० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति विवरण | युवा स्टार्ट अप लोन कार्यक्रम प्रभावकारी हुने |
| व्यावसायिक सीप विकास तालिम लिई स्व-रोजगारी भएका | सङ्ख्या | - | - | १०० | २०० | ३०० | ४०० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति विवरण | युवा स्टार्ट अप लोन कार्यक्रम प्रभावकारी हुने |
| २ असर तह | खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माणबाट प्रतिस्पर्धी युवा खेलाडीहरूको विकास भएको हुने | | | | | | | | |
| खेलकुदका कुनैपनि राष्ट्रिय पदक विजेता खेलाडी | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | प्रतियोगितात्मक खेलको विकास हुने |
| २ १.प्रतिफल | खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण भएको हुने | | | | | | | | |
| सञ्चालित खेलकुद मैदानहरू | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोट्स हलको सूपमा विकास भएको हुने |
| खेलकुद प्रशिक्षण प्रदान गर्ने विद्यालय | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोट्स हलको सूपमा विकास भएको हुने |
| २ २.प्रतिफल | सक्षम प्रतिस्पर्धी एवम् व्यावसायिक खेलाडीहरू विकास भएको हुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पालिका,वडास्तरीयखेलकुदप्रतियोगिताहरू | सङ्ख्या | ६ | ७ | ८ | ९ | १० | | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोट्स हलको सूपमा विकास भएको हुने |
| व्यावसायिक खेलाडीहरू | सङ्ख्या | २ | ३ | ५ | ७ | १० | १५ | | |
| राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा सहभागी खेलाडीहरू | सङ्ख्या | १० | १२ | १५ | १८ | २० | २५ | | |

# परिच्छेद छः पूर्वाधार विकास

## ६.१ आवास तथा बस्ती विकास एवम् सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

आवासलाई संविधन प्रदत्त मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्धरूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गिकार गरेको छ भने १५ औं राष्ट्रिय योजनाले आन्तरिक एवम् अन्तरदेशीय अन्तर आवद्धता वृद्धि गर्ने र दिगो शहरी तथा बस्ती विकास गर्नेलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गिकार गरेको छ । १६ औँ योजनामा आधुनिक, दिगो, व्यवस्थित सहर, आवास र बस्ती विकासलाई रुपान्तरणका प्रमुख संवाहकको रूपमा ग्रहण गरिएको छ भने बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील, एवम्सांस्कृतिक तथा पुरातात्विक महत्त्व कायम हुने गरी सुरम्य सहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशीलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन सहर, नयाँ सहर र सहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने,व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, सङ्घ र प्रदेशको मापदण्डको अधिनमा रही एकीकृत बस्ती विकासका लागि जग्गा एकीकरण गर्ने, जग्गा विकास एवम् व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.१.२ समस्या तथाचुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ केही बस्तीहरू भूकम्प, पहिरो तथा अन्य विपद्का हिसाबले जोखिमयुक्त अवस्थामा रहेका। | ❖ जोखिमयुक्त बस्तीको स्थानान्तरण तथा पुनर्वास गर्नु । |
| ❖ भूकम्प प्रतिरोधी तथा मापदण्डअनुसार घर निर्माणको अभ्यास पर्याप्त नभएको। | ❖ भूकम्प प्रतिरोधी घर निर्माण तथा मापदण्डको पालना गर्नु/गराउनु । |
| ❖ अव्यवस्थित बस्ती विस्तार तथा कमजोर सडक पहुँचका कारण सेवा प्रवाहमा समस्या रहेको। | ❖ व्यवस्थित बस्ती विकास तथा सेवा विस्तार गर्नु । |
| ❖ विपन्न तथा सीमान्तकृत समुदायका सुरक्षित आवासमा पहुँच सीमित रहेको। | ❖ विपन्न तथा सीमान्तकृत वर्गको आवासमा पहुँच |
| ❖ बस्ती क्षेत्रमा ढल, नाली तथा फोहोर व्यवस्थापन पर्याप्त हुन नसकेको। | ❖ ढल, नाली तथा फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु । |
| ❖ सार्वजनिक भवन तथा संरचनाहरूको मर्मत-सम्भार कमजोर रहेको। | ❖ सार्वजनिक संरचनाको संरक्षण र मर्मत-सम्भार गर्नु। |
| ❖ ग्रामीण क्षेत्रमा सुरक्षित तथा गुणस्तरीय आवास पहुँच सीमित रहेको। | ❖ ग्रामीण आवासको गुणस्तर अभिवृद्धि गर्नु। |

| | |
|---|---|
| ❖ सार्वजनिक निर्माण कार्यमा गुणस्तरतथा दीर्घकालीन दिगोपना कमजोर रहेको। | ❖ निर्माण कार्यको गुणस्तर र दिगोपना कायम गर्नु। |

**६.१.३ सम्भावना, अवसर**

- व्यवस्थित तथा योजनाबद्ध बस्ती विकासको सम्भावना रहेको ।
- भूकम्प प्रतिरोधी तथा वातावरणमैत्री भवन निर्माण प्रवर्धन गर्न सकिने ।
- सडक, पुल, नाली तथा सार्वजनिक संरचनाको स्तरोन्नतिमार्फत् सेवा पहुँच विस्तार गर्न सकिने ।
- सार्वजनिक निर्माणमा स्थानीय स्रोत, श्रम तथा प्रविधिको उपयोग गर्न सकिने ।
- सङ्घ, प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा पूर्वाधार विकास तीव्र बनाउन सकिने ।
- एकीकृत बस्ती विकासमार्फत सुरक्षित, स्वच्छ तथा व्यवस्थित आवास वातावरण निर्माण गर्न सकिने ।

**६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्यः**

सुरक्षित, व्यवस्थित आवास तथा बस्ती विकास विस्तार गर्दै ग्रामीण नमुना बस्तीहरू निर्माण भएको हुने

**उद्देश्य ः**

१. सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु ।

२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।

**रणनीतिहरू**

१.१ जोखिम क्षेत्रमा बसोबास गर्ने तथा अतिविपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने ।

२.१ वातावरणमैत्री, भुकम्प तथाप्रकोप प्रतिरोधात्मक भवन तथा संरचना निर्माण गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को जोखिम क्षेत्रमा बसोबास गर्ने तथा अतिविपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्नेअन्तर्गतका कार्यनीतिहरू**

- आवास तथा बस्ती विकासको प्रवर्धनका लागि आवश्यक सबै प्रकारका सुरक्षाको प्रबन्ध मिलाइने छ ।
- प्राकृतिक प्रकोप, संवेदनशील एवम् असुरक्षित क्षेत्रमा बसोबास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित बस्ती विकास गरिने छ ।
- ग्रामीण बस्तीहरूमा सबैप्रकारका आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउँदै सम्भाव्यताका आधारमा एकीकृत बस्ती विकास गरिने छ ।
- गाउँपालिका क्षेत्रका अति बिपन्न समुदायको पहिचान गरी त्यस्ता परिवारका लागि आवास सुविधाको व्यवस्था गरिने छ ।

**रणनीति २.१ को वातावरणमैत्री, प्रकोप प्रतिरोधात्मक भवन तथा संरचना निर्माण अन्तर्गतका कार्यनीतिहरू**

- सार्वजनिक एवम् निजी भवनहरूलाई अनिवार्य रूपमा प्रकोप प्रतिरोधात्मक बनाइने छ । ढुङ्गाको प्रयोगबाट बन्ने आवासलाई भूकम्प प्रतिरोधी बनाउन समुदायलाई आवश्यक तालिम र प्राविधिक सहयोगको व्यवस्था गरिने छ ।
- राष्ट्रिय भवन निर्माण संहितालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने छ ।
- नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचबुझ एवम् निर्माण अनुमति जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिने छ ।
- ढुङ्गा माटोबाट बनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवम् संरचनाहरूको प्रवलीकरण गर्न स्थानीयहरूलाई प्रोत्साहित गरिने छ ।
- सार्वजनिक भौतिक संरचनाहरू बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइने छ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइने छ ।

*तालिका ३० : आवास बस्तीसम्बन्धीकार्यक्रम तथा आयोजना*

| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | **एकाइ** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा )** | | | | | | **बजेट प्रतिशत** | **दिविल सङ्केत** | **लैङ्गिक सङ्केत** | **जलवायु सङ्केत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कार्यक्रमहरू** | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौ आ.व** | **जम्मा** | | | | |
| १. | **आवास तथा बस्ती विकास** | | | | | | | | | | | | |
| १.१ | जोखिम युक्त वस्ती पहिचान | | | १० | १० | १० | १० | १० | ५० | ०.७ | ११ | २ | ३ |
| १.२ | खुल्ला सार्वजनिक क्षेत्र संरक्षण | सङ्ख्या | ८ | २० | २० | २० | २० | २० | १०० | १.४ | ११ | २ | ३ |
| २. | **सार्वजनिक भवन निर्माण** | | | | | | | | | | | | |
| २.१ | वडा नं ४ को स्वास्थ्य चौकी निर्माण | सङ्ख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | १४.० | ११ | २ | ३ |
| २ | निर्माणाधीन १५ सैया को अस्पताल | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६९.९ | ११ | २ | ३ |
| २.३ | प्रशासनिक भवन निर्माण | सङ्ख्या | ३ | २०० | २०० | २०० | २०० | २०० | १००० | १४.० | ११ | २ | ३ |
| | **आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | **१४३५** | **१४३५** | **१४३५** | **१४३५** | **१४३५** | **७१५०** | | | | |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३१ :आवास तथा बस्ती विकास, सार्वजनिक पूर्वाधार : नतिजा खाका

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| प्रभाव तह | सुरक्षित, व्यवस्थित आवास तथा बस्ती विकास विस्तार भएको हुने | | | | | | | | |
| भुकम्प प्रतिरोधी घरमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ० | २ | ३ | ५ | १० | २० | पालिकाको पार्श्वचित्र | शहरीकरण विस्तार हुने |
| १ असर तह | सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित भएको हुने | | | | | | | | |
| प्रवर्धित आवास तथा बस्तीहरू | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | पालिकाको पार्श्वचित्र | ल्याण्ड पुलिङ विकास |
| १ १.प्रतिफल | व्यवस्थित आवास तथा बस्ती विकास भएको हुने | | | | | | | | |
| ल्याण्ड पुलिङ क्षेत्र | सङ्ख्या | ० | ० | ० | १ | १ | २ | पालिकाको पार्श्वचित्र | |
| जोखिमयुक्त क्षेत्रमा बसोबास हुँदै आएका घर तथा बस्तीहरू | सङ्ख्या | ५ | २ | १ | ० | ० | ० | | |
| १.२ प्रतिफल | जोखिममा रहेका तथा विपन्न वर्गलाई सुरक्षित आवास व्यवस्था भएको हुने | | | | | | | | |
| आश्रय भवन तथा सामुदायिक भवन केन्द्रहरू | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | प्रदेशको सहयोगमा आवास कार्यक्रम सञ्चालन हुने |
| २ असर तह | वातावरणमैत्री एवम् प्रकोप प्रतिरोधात्मक भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता भएको हुने | | | | | | | | |
| | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | वार्षिक प्रगति समीक्षा | लगानी गर्न निजी क्षेत्र प्रोत्साहित हुने |
| २ १.प्रतिफल | भूकम्प लगायत प्रकोप प्रतिरोधी भवन /आवासको पूर्वाधार विकास भएको हुने | | | | | | | | |
| प्रकोप प्रतिरोधात्मक सार्वजनिक भवनहरू | सङ्ख्या | ० | १ | १ | २ | ३ | ५ | पालिकाको पार्श्वचित्र | प्रकोप न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुने |
| प्रक्रिया पूरा गरी निर्माण तथा | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रवलीकरण गरिएका निजी घर तथा संरचनाहरू | | | | | | | | | |
| निर्मित अपाङ्गमैत्री, महिलामैत्री बालमैत्री संरचनाहरू | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |
| २ २.प्रतिफल | सार्वजनिक पूर्वाधारहरूको निर्माण एवम् परिचालनमा गाउँपालिका प्रोत्साहित भएको हुने | | | | | | | | |
| सञ्चालितबसपार्क तथा सार्वजनिक संरचनाहरू | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | | |

## ६.२ सडक, यातायात तथा पुलपुलेसा

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थितर अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अङ्गिकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रुपान्तरणका लागि बलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाइ र रज्जुमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय बनाउने परिकल्पना १६ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल रपुलेसाहरूको मर्मत सम्भार एवम्स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवम् नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ वडा नं. ६ बाहेक सबै वडा कार्यालय पक्की सडकसँग जोडिए पनि भित्री तथा ग्रामीण सडकहरू अझै कच्ची, साँघुरा तथा जोखिमयुक्त रहेका ।<br>❖ सडक सुरक्षासम्बन्धी संरचना, नाली, कल्भर्ट, सङ्केत चिह्न तथा सडक बत्तीको अभाव रहेको ।<br>❖ वर्षायाममा सडक क्षति, पहिरो तथा हिलोका कारण आवागमन प्रभावित हुने गरेको ।<br>❖ सडकको नियमित मर्मत-सम्भार तथा गुणस्तर व्यवस्थापन चुनौतीपूर्ण रहेको ।<br>❖ पुल तथा पुलपुलेसाको अभावले केही क्षेत्रमा आवागमन तथा कृषि उपज ढुवानीमा समस्या रहेको । | ❖ ग्रामीण तथा भित्री सडकको स्तरोन्नतिगरी सडकहरूलाई पक्की, फराकिलो र सुरक्षित बनाउनु।<br>❖ सुरक्षात्मक संरचनाहरूको पर्याप्त निर्माण तथा व्यवस्थापन गर्नु।<br>❖ बाह्रैमास सहजरूपमा यातायात सञ्चालन हुनसक्ने सडक पूर्वाधार तयार गर्नु।<br>❖ निर्माण भइसकेका सडकहरूको दिगोपनाका लागि नियमित मर्मत-सम्भार गर्ने संयन्त्र बनाउनु र सडक निर्माणमा गुणस्तरीयता कायम राख्नु।<br>❖ आवश्यक स्थानहरूमा झोलुङ्गे तथा पक्की पुलहरू निर्माण गरी वर्षैभरि निर्वाध आवागमन र स्थानीय कृषि उपजको बजारसम्म सहज ढुवानी सुनिश्चित गर्नु। |

### ६.२.३ सम्भावना तथा अवसर

- वडा केन्द्रदेखि बस्ती तथा कृषि क्षेत्रसम्म सडक सञ्जाल विस्तार तथा स्तरोन्नति गर्न सकिने ।

- सडक सुरक्षामैत्री पूर्वाधार निर्माणमार्फत् दुर्घटना न्यूनीकरण गर्न सकिने ।
- ग्रामीण सडक कालोपत्रे तथा स्तरोन्नतिमार्फत् बजार, स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि गर्न सकिने ।
- पुल, कल्भर्ट तथा नाली निर्माणमार्फत सुरक्षित तथा दिगो यातायात सेवा विस्तार गर्न सकिने ।
- सङ्घ, प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा सडक पूर्वाधार विकासलाई तीव्र बनाउन सकिने ।

### ६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

सडक सञ्जालको विस्तार एवम्स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवम् सहज यातायात सेवाको विकास हुने ।

**उद्देश्य**

१. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवम्स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आवद्धता बढाउनु ।

**रणनीतिहरू**

१.१ सडक, पुलहरूको गुणस्तर सुधार, मर्मत सम्भार एवम्स्तरोन्नति गर्ने ।

१.२ सडक सञ्जालविकास विस्तार गर्दै अन्तरपालिका आवद्धता बढाउने ।

**कार्यनीति**

**रणनीति १.१ को सडक, पुलको गुणस्तर सुधार अन्तर्गतका कार्यनीतिहरू**

- स्थानीय यातायात कानून तर्जुमा गरिने छ ।
- सडक मापदण्डलाई प्रभावकरी रूपमा कार्यान्वयन गरिने छ ।
- सडक निर्माणमा वायो इन्जिनियरिङ प्रणालीलाई प्राथमिकता दिइने छ ।
- पूर्वाधार विकास समिति र सम्बन्धित शाखालाई पूर्ण जनशक्ति सहित प्रविधिमैत्री बनाइने छ ।
- सडक खण्डहरू नियमित रूपमा मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तर कायम राखिने छ ।
- आवश्यकता एवम् भू-बनोटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कल्भर्ट निर्माण गर्दै वर्षे भलपानी पनि व्यवस्थित हुनेगरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय बनाइने छ
- सडक किनारा दायाँबायाँ आवश्यकताका आधारमा वायोइन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवम् वातावरणमैत्री बनाइने छ ।
- मुख्य सडक आसपास बिसौनी तथा आराम गृह निर्माण गरिने छ ।
- विद्यालय क्षेत्र भित्र गति सिमित, जेब्रा क्रसीङ साथै सडक वाल निर्माण गरिने छ ।

**रणनीति १.२ को सडक सञ्जाल विकास तथा अन्तरआवद्धता अन्तर्गतका कार्यनीतिहरू ।**

- गाउँपालिका भित्र मुख्य सडकबाट बस्तीतर्फ कृषि सडक विस्तारलाई जोड दिइने छ ।
- अन्तरपालिका जोड्ने सडकहरू विस्तार, स्तरोन्नति गरी सडक सञ्जाल विकास गरिने छ ।
- जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवम् राष्ट्रिय सडकसञ्जालसँग जोडिने गरी सडक विस्तार गर्दै बाह्य क्षेत्रसँगको अन्तरआवद्धता बढाइने छ ।

- सडक सञ्जाललाई सुदृढ एवम् प्रभावकारी बनाउन यातायात गुरुयोजना निर्माण गरिने छ ।

*तालिका ३२ : सडक पुलसम्बन्धीकार्यक्रम तथा आयोजना*

| | सडक, पुल तथा यातायात | एकाइ | योजनाको | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमहरू | | कुल लक्ष्य | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| | **नियमित मर्मत सम्भार तथा स्तरोन्नति** | सङ्ख्या | | | | | | | ० | ०.०० | ११ | २ | ३ |
| | एकीकृत पूर्वाधार विकास गुरुयोजना निर्माण। | सङ्ख्या | १ | १५ | | | | | १५ | ११.११ | ११ | २ | ३ |
| | •GISआधारित सडक अभिलेखीकरण प्रणाली। | सङ्ख्या | | | २० | | | | २० | १४.८१ | ११ | २ | ३ |
| | •घना बस्ती तथा पर्यटकीय क्षेत्रमा CCTV जडान। | सङ्ख्या | | १० | १० | | | | २० | १४.८१ | ११ | २ | ३ |
| | •एकीकृत Monitoring Dashboard Systemसञ्चालन। | सङ्ख्या | | | १५ | | | | १५ | ११.११ | ११ | २ | ३ |
| | •आवश्यकता आधारित सडक, पुल तथा सार्वजनिक पूर्वाधार विकास। | कि.मि. | १०० | १५ | १० | १० | १० | २० | ६५ | ४८.१५ | ११ | २ | ३ |
| **उद्देश्य नं.** | **सडक तथा यातायात जम्मा** | | | ४० | ५५ | १० | १० | २० | १३५ | | | | |
| | | | | | | | | | ० | | | | |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३३ :सडक, यातायात पुलपुलेसाः नतिजा खाका

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | सडक सञ्जालको विस्तार एवम् स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवम् सहज यातायात सेवाको विकास भएको हुने | | | | | | | | |
| १५ मिनेटको दूरीमा सार्वजनिक यातायात पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालनमा अभिवृद्धि हुने |
| १ असर तह | सुरक्षित र वातावरण मैत्री सडक पूर्वाधारको विकास, विस्तार एवम् स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आवद्धता बढेको हुने | | | | | | | | |
| हरित सडक | कि.मि. | ० | ५ | १० | १५ | २० | २५ | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालनमा अभिवृद्धि हुने |
| १.१प्रतिफल | सडक पूर्वाधारहरू स्तरोन्नति भई सुरक्षित भरपर्दो र वातावरण मैत्री भएको हुने | | | | | | | | |
| कच्ची सडकको लम्वाइ | कि.मि. | ४९५ | ४८० | ४७० | ४६० | ४५० | ५३० | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसँग प्रभावकारी समन्वय भएको हुने |
| युटिलिटि कोरिडरको लम्बाइ | कि.मि. | ० | ० | ५ | १० | २० | ४० | | |
| १.२प्रतिफल | सङ्घ, प्रदेश एवम् अन्तरपालिकासँग सडक अन्तरआवद्धतामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| राष्ट्रिय (अन्तर पालिका, प्रदेश जोड्ने) हाइवेसँग जोडिएका सडकहरू | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसँग प्रभावकारी समन्वय भएको हुने |
| २. असर | यातायात सेवा सहज, सर्वसुलभ एवम् व्यवस्थित भएको हुने | | | | | | | | |
| दिगो, सुरक्षित, नियमित यातायात सेवाबाट लाभान्वित | प्रतिशत | ५ | १० | १५ | ३० | ५० | ७० | पालिकाको पार्श्वचित्र | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | | | | | | | | | |
| २.१प्रतिफल | सार्वजनिक यातायातमा पहुँच अभिवृद्धि भई सर्वसुलभ भएको हुने | | | | | | | | |
| सार्वजनिक यातायात सेवापुगेका बस्तीहरू(कुल बस्तीको सङ्ख्या) | प्रतिशत | ७५ | ७८ | ८४ | ८८ | ९२ | ९४ | पालिकाको पार्श्वचित्र | पालिकाको नियमन प्रभावकारी भएको हुने |

## ६.३ जलस्रोत, सिचाइ, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले नवीकरणीय ऊर्जा उत्पादन, सुरक्षित तथा भरपर्दो ऊर्जा आपूर्ति, र प्राकृतिक स्रोतहरूको दिगो उपयोगलाई राज्यको प्राथमिक दायित्वका रूपमा स्थापित गरेको छ। सोही अनुरूप १६ औं आवधिक योजनाले जलविद्युत् विकास, स्वच्छ ऊर्जा प्रवर्धन तथा हरित अर्थतन्त्रलाई रूपान्तरणको प्रमुख आधारका रूपमा लिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा प्रविधि विकास, वितरण प्रणाली व्यवस्थापनतथा सिँचाइ प्रणालीको सञ्चालन, मर्मत र विस्तार गर्ने अधिकार प्रदान गरिएको छ।

यस सन्दर्भमा जलस्रोत, विद्युत्, वैकल्पिक ऊर्जा तथा सिँचाइलाई एकीकृत रूपमा विकास गर्दा ऊर्जा सुरक्षा, कृषि उत्पादन वृद्धि, जलवायु अनुकूलता तथा ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ।

### ६.३.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ विद्युत् पहुँच विस्तार भए पनि पूर्वाधार (पोल, तार, ट्रान्सफर्मर) को मर्मत-सम्भार कमजोर रहेको।<br>❖ केही बस्तीमा विद्युत् क्षमता विस्तार र भोल्टेज स्थिरता आवश्यक रहेको।<br>❖ अव्यवस्थित विद्युत् लाइन र पुराना संरचनाले सुरक्षा जोखिम बढाएको।<br>❖ वैकल्पिक ऊर्जा प्रवर्धन अपेक्षाकृत न्यून रहेको।<br>❖ सिँचाइका लागि परम्परागत कुलो तथा नहर जीर्ण अवस्थामा रहेका।<br>❖ वर्षा निर्भर कृषि प्रणालीका कारण नियमित सिँचाइ सुनिश्चित हुन नसकेको।<br>❖ लिफ्टिङ सिँचाइमा विद्युत् लागत उच्च रहेको। | ❖ जीर्ण तथा पुराना पूर्वाधारहरू (पोल, तार, ट्रान्सफर्मर) को नियमित मर्मत-सम्भार गरी गुणस्तरीय र भरपर्दो विद्युत् सेवा कायम गर्नु ।<br>❖ विद्युत् आपूर्तिमा हुने भोल्टेजको उतारचढाव नियन्त्रण गर्दै मागअनुसार बस्तीहरूमा विद्युत् क्षमता विस्तार गर्नु ।<br>❖ अव्यवस्थित तार तथा पुराना संरचनाहरूलाई व्यवस्थित गरी सम्भावित दुर्घटना र सुरक्षा जोखिम न्यूनीकरण गर्नु ।<br>❖ नवीकरणीय तथा वैकल्पिक ऊर्जा (जस्तैः सौर्य ऊर्जा) को प्रयोग र पहुँचलाई व्यापक बनाउनु ।<br>❖ जीर्ण बनेका परम्परागत कुलो तथा नहरहरूको पुनर्निर्माण र स्तरोन्नति गरी बाह्रैमास सिँचाइ सुविधा पुऱ्याउनु।<br>❖ आकासे पानीमा आधारित कृषि प्रणालीलाई विस्थापित गर्दै दिगो र नियमित सिँचाइ प्रणालीको विकास गर्नु।<br>❖ लिफ्ट सिँचाइ प्रणालीमा लाग्ने उच्च विद्युत् महसुललाई अनुदान वा सहुलियत मार्फत् किसानका लागि सर्वसुलभ बनाउनु।<br>❖ जलस्रोतको दिगो व्यवस्थापनका लागिमुहान संरक्षण, |

| | |
|---|---|
| ❖ जलस्रोत संरक्षण र दीर्घकालीन जल व्यवस्थापन कमजोर रहेको।<br>❖ सिँचाइ उपभोक्ता समितिको संस्थागत क्षमता सीमित रहेको।<br>❖ जलवायु परिवर्तनका कारण पानी स्रोतको अनिश्चितता बढ्दै गएको। | पुनर्भरण (Recharge) र दीर्घकालीन योजना बनाएर जलस्रोतको संरक्षण गर्नु।<br>❖ सिँचाइ प्रणालीको सही सञ्चालन र रेखदेखका लागि उपभोक्ता समितिको संस्थागत तथा प्राविधिक क्षमता वृद्धि गर्नु।<br>❖ जलवायु परिवर्तनका कारण सुक्दै गएका पानीका मुहान र सिँचाइमा परेको असरलाई न्यूनीकरण गर्न अनुकूलनका उपायहरू अपनाउने । |

### ६.३.३ सम्भावना तथा अवसर

- विद्युतीय पहुँच विस्तार भइसकेकाले उत्पादनमूलक क्षेत्रमा ऊर्जा उपयोग बढाउनसकिने।
- सौर्य, बायोग्यास तथा अन्य नवीकरणीय ऊर्जा प्रविधि विस्तार गर्न सकिने सम्भावना।
- सिँचाइ र कृषि उत्पादनलाई विद्युत् तथा वैकल्पिक ऊर्जासँग जोड्न सकिने।
- लिफ्टिङ सिँचाइ प्रणाली विस्तारको उच्च सम्भावना।
- जलाधार संरक्षणमार्फत् दिगो पानी आपूर्ति सुनिश्चित गर्न सकिने।
- कृषि, प्रशोधन तथा कोल्ड स्टोरेज जस्ता ऊर्जा-आधारित उद्योग विस्तारको अवसर।
- सङ्घ, प्रदेश र निजी क्षेत्रसँग साझेदारीमार्फत पूर्वाधार विकासको सम्भावना।
- आधुनिक सिँचाइ प्रविधि (ड्रिप, स्प्रिंकलर) प्रवर्धन गर्ने अवसर।

### ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

*लक्ष्य :*

जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाको दिगो उपयोगमार्फत् उत्पादनशील क्षेत्र (विशेषतः कृषि र उद्योग) मा ऊर्जा तथा सिँचाइ पहुँच अभिवृद्धि गर्ने।

*उद्देश्य*

१. विद्युत् तथा ऊर्जा आपूर्तिलाई दिगो, सुरक्षित र भरपर्दो बनाउनु।
२. उत्पादनशील क्षेत्रमा विद्युत् खपत वृद्धि गर्नु।
३. वैकल्पिक ऊर्जा प्रवर्धन गर्दै ऊर्जा पहुँच विस्तार गर्नु।
४. जलस्रोत संरक्षणमार्फत् दिगो सिँचाइ सेवा सुनिश्चित गर्दै आधुनिक सिँचाइ प्रविधिको विस्तार गर्नु।

*रणनीति*

१.१ विद्युत् पूर्वाधार सुधार गरी आपूर्ति प्रणालीलाई भरपर्दो बनाउने।
२.१ ऊर्जा उपयोगलाई कृषि, उद्योग र सेवामूलक क्षेत्रमा विस्तार गर्ने।

३.१ नवीकरणीय तथा वैकल्पिक ऊर्जा प्रविधि प्रवर्धन गर्ने।

४.१ जलाधार संरक्षण र सिँचाइ प्रणाली सुदृढीकरण गर्ने।

**कार्यनीति**

**रणनीति १.१ को विद्युत् आपूर्तिलाई नियमित र भरपर्दो बनाउने अन्तर्गतका कार्यनीतिहरू**

- विद्युत् उत्पादन कार्यमा लागत सहभागिता को व्यवस्थापन गरिने छ
- स्थानीय स्तरमा उत्पादित बिजुलीलाई केन्द्रीय प्रसारणमा आवद्ध गरिने छ ।
- विद्युत् ट्रान्फरमर, पोल तथा पावर पोलहरूको मर्मत सम्भार, पुराना काठका पोलहरूलाई फलामका पोलले विस्थापित गर्दै विद्युत् लाइनलाई सुरक्षित र भरपर्दो बनाइने छ ।
- विद्युत् लाइनलाई युटिलिटि कोरिडरहरू निर्माण गरी सुरक्षित वितरणको व्यवस्था मिलाइने छ ।
- सार्वजनिक भवन, स्वास्थ्य चौकी लगायतका क्षेत्रहरूमा विद्युत् सेवालाई नियमित र भरपर्दो बनाइने छ ।

**रणनीति २.१ को विद्युत् खपतमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- खाना पकाउन दाउराको सट्टामा विद्युतीय उपकरणहरूको प्रयोगलाई प्रोत्साहित गरिने छ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइसकुकरको बिक्री वितरणलाई सहज बनाइने छ ।
- गाउँपालिकाले भविष्यमा निर्माण गर्ने चिस्यान केन्द्र, प्रशोधन केन्द्र आदिजस्ता बढी विद्युत् खपत हुने प्रकृतिका उद्योग व्यवसायहरूलाई विशेष प्राथमिकता दिइने छ ।
- विद्युत् खपत गर्ने उद्योग व्यवसाय स्थापना र विकासका लागि विशेष प्रकारको प्रोत्साहन तथा सुविधाहरू प्रदान गरिने छ ।

**रणनीति ३.१ को नवीकरणीय ऊर्जाको प्रयोग अन्तर्गतका कार्यनीतिहरू**

- विद्युतीय सेवा पुऱ्याउन कठिन हुने घरधुरी तथा गोठहरूमा सहुलियत दरमा नवीकरणीय तथा वैकल्पिक ऊर्जाको सेवाविस्तार गरिने छ ।

**रणनीति ४.१ जलाधार संरक्षण र सिँचाइ प्रणाली सुदृढीकरण गर्ने।**

- परम्परागत कुलो, नहर तथा सिँचाइ संरचनाहरूको स्तरोन्नति तथा नियमित मर्मत-सम्भार गरिने छ ।
- नयाँ सिँचाइ आयोजना निर्माण गरी सिँचाइ पहुँच नपुगेका कृषियोग्य क्षेत्रहरूमा सेवा विस्तार गरिने छ ।
- लिफ्टिङ तथा ग्राभिटि प्रणालीमार्फत् बहुवर्षीय सिँचाइ सुविधा विस्तार गरिने छ ।
- सिँचाइ उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गरिने छ ।
- सिँचाइ आयोजनाहरूमा नियमित अनुगमन, प्राविधिक परीक्षण तथा दिगोपनाको व्यवस्था गरिने छ ।
- सङ्घ, प्रदेश तथा विकास साझेदार संस्थासँग समन्वय गरी ठूला सिँचाइ पूर्वाधार विकास गरिने छ ।
- सिँचाइ प्रणालीसँग कृषि उत्पादन तथा बजार व्यवस्थापनलाई एकीकृत गर्दै उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिने छ ।

*तालिका ३४: जलस्रोत सिचाइ विद्युत् तथा वैकल्पिक ऊर्जासम्बन्धी कार्यक्रम तथा आयोजना*

| **जलस्रोत, सिचाइ, विद्युत् तथा वैकल्पिक ऊर्जा** | **एकाइ** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा )** | | | | | | **बजेट प्रतिशत** | **दिविल सङ्केत** | **लैङ्गिकसङ्केत** | **जलवायुसङ्केत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमहरू** | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौ आ.व** | **जम्मा** | | | | |
| नवीकरणीय ऊर्जा अभिवृद्धि | सङ्ख्या | १ | १० | २० | २० | २० | २० | ९० | ३.८६ | ७ | ३ | ३ |
| ग्यास र सुधारिएको चुलो विस्तार | सङ्ख्या | ३ | २० | १५ | २० | १५ | १२ | ८२ | ३.५२ | ७ | ३ | ३ |
| सौर्य सडक वत्ती मर्मत सम्भार | सङ्ख्या | २ | ३० | ३० | ३० | ३० | ३० | १५० | ६.४३ | ७ | ३ | ३ |
| सौर्यऊर्जा विस्तार तथा प्रवर्धन सार्वजनिक निजी साझेदारी | सङ्ख्या | ५ | १० | १५ | १५ | १० | १० | ६० | २.५७ | ७ | ३ | ३ |
| विद्यालय एवं सार्वजनिक भवन सौर्य ऊर्जा प्रवर्धन | सङ्ख्या | ७ | १०० | १०० | १०० | १०० | १०० | ५०० | २१.४४ | ७ | ३ | ३ |
| **सिचाइ** | | | | | | | | | ०.०० | | | |
| दुग्दी-भुङ्भुडे-नेदवाङ-सुकौटा कुलो तथा तटबन्ध निर्माण कार्य | सङ्ख्या | १ | ६० | ६० | ६० | ६० | ६० | ३०० | १२.८६ | २ | ३ | १ |
| नयाँबजार-चारघरे-क्वाडिगढी-नौबिसे कुलो तथा तटबन्ध निर्माण | सङ्ख्या | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | २१.४४ | २ | ३ | १ |
| सेरीखोला-मथुरा-दर्लाम कुलो तथा तटबन्ध निर्माण कार्य | सङ्ख्या | १ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | १३.९४ | २ | ३ | १ |
| पाँचसये-वलीफाँट-दुग्दी कुलो तथा तटबन्ध निर्माण कार्य | सङ्ख्या | १ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | १३.९४ | २ | ३ | १ |
| **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | ४६० | ४७० | ४७५ | ४६५ | ४६२ | २३३२ | | | | |

### ६.३.५अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३५ : विद्युत् तथा वैकल्पिक ऊर्जा :नतिजाखाका

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | विद्युतीय स्रोतहरूको अधिकतम सदुपयोग भई उत्पादनशील क्षेत्रमा विद्युत् खपतमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| उत्पादनशील क्षेत्रमा विद्युत् को प्रयोग | प्रतिशत | ० | ० | ० | २ | ४ | ८ | पालिकाको पार्श्वचित्र | |
| असर तह | विद्युत् आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै विद्युत् खपतमा वृद्धि आएको हुने | | | | | | | | |
| विद्युतीय सुविधा प्राप्त घर धुरी | प्रतिशत | ९७ | ९८ | ९८ | ९८ | ९९ | ९९ | पालिकाको पार्श्वचित्र | नियमित विद्युत् आपूर्ति हुने |
| १ १.प्रतिफल | विद्युत् आपूर्ति दिगो र भरपर्दो भएको हुने | | | | | | | | |
| केन्द्रिय विद्युत् प्रशारण लाइन पुगेको घरधुरी | प्रतिशत | ९७ | ९८ | ९८ | ९८ | ९९ | ९९ | पालिकाको पार्श्वचित्र | ने.वि.प्रा.सँग प्रभावकारी समन्वय भएको हुने |
| विस्थापित काठका पोल | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ | १०० | | |
| १ २.प्रतिफल | उत्पादनशील क्षेत्रमा विद्युत् खपतमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| अन्य प्राविधिक क्षेत्रमा विद्युत् को प्रयोग | प्रतिशत | २ | ५ | ७ | १० | १३ | १६ | पालिकाको पार्श्वचित्र | विद्युतीय प्रयोगमा वृद्धि हुने |
| २ असर तह | नवीकरणीय ऊर्जाको प्रवर्धन गर्दै उपयोगमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| नवीकरणीय ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३.६ | ३ | ३ | ३ | ३ | ३ | | |
| २ १.प्रतिफल | नवीकरणीय ऊर्जा उपभोगमा अभिवृद्धि भएको हुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सडक बत्तीहरू | प्रतिशत | ० | ० | ० | ३ | ५ | ७ | पालिकाको पार्श्वचित्र | सडक बत्ती को प्रयोग बढ्ने |
| सौर्य विद्युत् प्रणाली जडित घरधुरी | प्रतिशत | १ | १ | ० | ० | ० | ० | पालिकाको पार्श्वचित्र | विद्युतीय प्रयोगमा वृद्धि हुने |
| सौर्य विद्युत प्रणाली जडित सार्वजनिकसङ्घ संस्था, कार्यालय, निकाय | प्रतिशत | ० | ० | ० | ३ | ५ | ७ | पालिकाको पार्श्वचित्र | विद्युतीय प्रयोगमा वृद्धि हुने |
| १ असर तह | जलाधार संरक्षण र उपयोग भएको हुने | | | | | | | | |
| सिँचाइका लागि प्रयोगमा आएको जलाधार क्षेत्र(खोला/खोल्सा) | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, | स्थानीय समुदायसँग सहकार्य हुने |
| १.१ प्रतिफलसिँचाइका संरचनाहरूको मर्मत सम्भार तथा स्तरोन्नति भएको हुने | | | | | | | | | |
| कुलो तथा नहरको निर्माण / स्तरोन्नतिबाट थप सिञ्चित भूमि | हेक्टर | ० | ० | १०० | २०० | ३०० | ४०० | पालिकाको पार्श्वचित्र | लाभान्वित समूहसँग समन्वय र सहकार्य प्रभावकारी भएको हुने |

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्धन गर्ने नीति राज्यले अङ्गिकार गरेको छ । १५ औं योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत सञ्जालीकरणलाई रुपान्तरणको प्रमुख संवाहकको रूपमा ग्रहण गरेको छ । सतप्रतिसत जनसङ्ख्या आधुनिक सञ्चारको पहुँचभित्र आवद्ध हुने, सरकारी तथा निजी कारोवारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुर्‍याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चाम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना १६ औं योजनामा गरिएको छ । त्यसैगरी एफ.एम रेडियो (१००बाटसम्मको) सञ्चालन, अनुमति,नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्कसङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आवद्धगर्ने,स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवम्प्रवर्धन गर्ने र सङ्घ प्रदेशको कानुनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेण्टर, केवुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ६.४.२ समस्या तथाचुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ ग्रामीण तथा दुर्गम बस्तीहरूमा गुणस्तरीय इन्टरनेट तथा सञ्चार सेवाको पहुँच सीमित रहेको ।<br>❖ सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्ति तथा डिजिटल साक्षरताको अभाव रहेको ।<br>❖ सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग पर्याप्त रूपमा विस्तार हुन नसकेको ।<br>❖ विद्यालय तथा संस्थाहरूमा सूचना प्रविधि पूर्वाधार सीमित रहेको ।<br>❖ डिजिटल प्रणालीको नियमित मर्मत-सम्भार तथा व्यवस्थापन चुनौतीपूर्ण रहेको । | ❖ इन्टरनेट र सञ्चार सेवाको विस्तार गरी इन्टरनेट तथा सञ्चार सेवाको पहुँच सबैका लागि सुनिश्चित गर्नु।<br>❖ डिजिटल साक्षरतामार्फत् दक्ष जनशक्ति उत्पादन तथा परिचालन गर्नु।<br>❖ सरकारी तथा सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन सूचना प्रविधिको प्रयोगलाई व्यापक र प्रभावकारी रूपमा विस्तार गर्नु।<br>❖ विद्यालय, स्वास्थ्य चौकी लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूमा आवश्यक कम्प्युटर, इन्टरनेट तथा अन्य सूचना प्रविधि पूर्वाधारको पर्याप्त व्यवस्था गर्नु।<br>❖ सूचना प्रविधि प्रणाली र उपकरणहरूको नियमित मर्मत-सम्भार, तथ्याङ्क सुरक्षा र दिगो व्यवस्थापनका लागि प्रभावकारी संयन्त्र निर्माण गर्नु। |

### ६.४.३ सम्भावना तथा अवसरहरू

- स्थानीय तहको सेवा प्रवाहलाई डिजिटल प्रणालीमार्फत् प्रभावकारी बनाउन सकिने ।
- विद्यालय तथा समुदायस्तरमा सूचना प्रविधि तथा डिजिटल साक्षरता विस्तार गर्न सकिने ।
- अनलाइन सेवा, डिजिटल अभिलेखीकरण तथा सूचना व्यवस्थापन प्रणाली विकास गर्न सकिने ।
- युवालाई सूचना प्रविधिमा आधारित सीप तथा रोजगारीसँग जोड्न सकिने ।
- इन्टरनेट तथा सञ्चार पूर्वाधार विस्तारमार्फत् शिक्षा, स्वास्थ्य तथा प्रशासनिक सेवामा पहुँच सुधार गर्न सकिने ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** स्थानीयहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्दै इ-गभरनेन्स कायम भएको हुने

**उद्देश्य**

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवम् भरपर्दो बनाउनु
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्धन गर्नु

**रणनीतिहरू**

१.१ सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवम् निर्माण गर्ने
१.२आइसिटि सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने
२.१सार्वजनिक सेवाहरूलाई अनलाई गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने
२.२सूचना तथा सञ्चार प्रविधिको विकासमा विद्यालयसँग सहकार्य गर्ने

**कार्यनीतिहरू**

**रणनीति १.१ सञ्चार पूर्वाधारको निर्माण अन्तर्गतका कार्यनीतिहरू**

- गाउँपालिकाका सम्पूर्ण वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी र सिसिटिभी जडान गरी कार्यान्वयनमा ल्याइने छ ।
- टेलिफोन र इन्टरेनट सेवाको गुणस्तर अभिवृद्धिको लागि सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिने छ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाको लागि विद्युतीय भुक्तानी प्रणालीमा आवद्ध गरिने छ ।
- मोबाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोबाइल टावरहरू थप एवम् विस्तार गर्न नेपाल टेलिकम एवम् सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरिने छ ।

**रणनीति १.२ को आइसिटि सेवा विस्तार गर्दै पहुँचमा सहजता अन्तर्गतका कार्यनीतिहरू**

- मुख्यमुख्य सार्वजनिक क्षेत्रहरूमा निःशुल्क वाइफाइको व्यवस्था मिलाई इन्टरनेट पहुँचमा सहजता ल्याइने छ ।
- स्वास्थ्य चौकी, सुरक्षा चौकीजस्ता सार्वजनिक एवम् संवेदनशील क्षेत्रहरूमा बढी क्षमताका इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइने छ ।

- विद्यालयहरूमा आइसिटिलाई प्रभावकारी बनाउँदै ई-पुस्तकालय, ई-हाजिरी, सिसिटिभी, डिजिटल बोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइने छ ।

**रणनीति २.१ को सार्वजनिक सेवालाई अनलाइन गर्दै आइसिटि उपयोगमा वृद्धि अन्तर्गतका कार्यनीतिहरू**

- सार्वजनिक सेवाहरूलाई अनलाइन गरी गाउँपालिकाका सेवाहरू कुनैपनि क्षेत्र स्थानमा रही सहजै लिन सक्ने बनाइने छ । यसका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा प्रबन्ध मिलाइने छ ।
- गाउँपालिकाको खरिद प्रक्रिया, राजश्वसङ्कलन, सिफारिस लगायतका सेवाका लागि बेग्लाबेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवम् पारदर्शी बनाइने छ ।
- मोबाइल एप्स निर्माण एवम् अद्यावधिक गर्दै गाउँपालिकाका सबै गतिविधिहरू प्रवाह गरिने छ ।
- गाउँपालिकाको वेवसाइटलाई अद्यावधिक गर्दै नियमित रूपमा सूचना तथा प्रकाशनहरू अपलोड गर्ने, स्वत प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिने छ ।

**रणनीति २.२ को सूचार तथा सञ्चार प्रविधिमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरू**

- दक्ष, सीपयुक्त जनशक्ति विकासका लागि माध्यमिक विद्यालयमा आइसिटिमा आधारित प्रशिक्षण केन्द्रसञ्चालन गर्न प्रोत्साहित गर्दै सहकार्य गरिने छ ।

तालिका ३६ :सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम तथा आयोजना

| सूचना, सञ्चार तथा प्रविधि | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमहरू** | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौ आ.व** | **जम्मा** | | | | |
| निःशुल्क वाइफाइ व्यवस्था - | सङ्ख्या | १ | २० | | | | | २० | १२.१२ | १६ | ३ | ३ |
| विद्यालय एवं सार्वजनिक कार्यालय आइसिटि प्रवर्धन | सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५.१५ | १६ | ३ | ३ |
| **सार्वजनिक सेवा अनलाइन गर्ने** | | | | | | | | | | | | |
| सिसिटीभी जडान | सङ्ख्या | १ | १० | १० | | १५ | | | | १६ | ३ | ३ |
| मोबाइल एप्स निर्माण | पटक | १ | २० | | | | | २० | १२.१२ | १६ | ३ | ३ |
| विद्युतीय सुशासन प्रवर्धन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५.१५ | १६ | ३ | ३ |
| **सूचना तथा सञ्चार प्रविधिमा निजी क्षेत्र लगानी वृद्धि** | | | | | | | | | | | | |
| आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय, तथा कलेज सञ्चालन सहयोग कार्यक्रम | सङ्ख्या | १ | | ४० | | | | ४० | २४.२४ | १६ | ३ | ३ |
| **सूचना र सञ्चार प्रविधिको जम्मा** | | | ६० | ६० | १० | २५ | १० | १६५ | | १६ | ३ | ३ |

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ३७: सूचना तथा सञ्चार प्रविधिःनतिजाखाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | सु;चना तथा सञ्चार प्रविधिहरूमा स्थानीयहरूको सहक पहुँच अभिवृद्धि भएको हुने | | | | | | | | |
| आइसिटिमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | पालिका पार्श्वचित्र | |
| १.असर तह | सुचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीयभएको हुने | | | | | | | | |
| इन्टरनेट सेवामा पहुँच | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | २५ | पालिका पार्श्वचित्र | आइसिटि विस्तार हुने |
| १.१प्रतिफल | आइसिटिमा आधारित उपकरण पूर्वाधारहरूको विकास विस्तार भएको हुने | | | | | | | | |
| स्थानीय इन्टरनेट सेवा प्रदायक संस्था | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | पालिका पार्श्वचित्र | आइसिटि विस्तार हुने |
| आइसिटि सम्बन्धी कुनै पनि साधन उपकरण नभएको घरधुरी | प्रतिशत | ८० | ७० | ६० | ५० | ३० | १० | | |
| १.२प्रतिफल | आइसिटि सेवामा पहुँचमा सहजता अभिवृद्धि भएको हुने | | | | | | | | |
| निःशुल्क वाइफाइ क्षेत्रहरू | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | पालिका पार्श्वचित्र | आइसिटिको विस्तार भएको हुने |
| आइसिटि उपलब्ध सामुदायिक तथा संस्थागत विद्यालयहरू | सङ्ख्या | २ | | | | - | २ | | |
| मोबाइल इन्टरनेट चलाउने सङ्ख्या | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ८० | | |
| २ असर तह | सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्धन भएको हुने | | | | | | | | |
| अनलाइन भएका सार्वजनिक सेवाहरू | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | समीक्षा | |
| २.१प्रतिफलः | सेवाहरू अनलाइन हुँदै आइसिटि उपयोगमा वृद्धि भएको हुने | | | | | | | | |
| वेवसाइट अद्यावधिक भएको पटक | प्रतिशत | ० | ० | ० | ० | ० | २ | समीक्षा | आइसिटिको विस्तार |
| सूचना केन्द्रबाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | ० | ० | ० | ० | ३ | | |

## परिच्छेद सात : वन वातारण तथा विपद्व्यवस्थापन

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रूपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगमी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवम् लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवम् प्रमुख कार्यक्रमहरू को तर्जुमा भएका छन् ।

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकरात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरण प्रभाव निर्मूल पार्ने उपयुक्त उपायहरूअवलम्बन गर्ने नीति राज्यले ग्रहण गरेको छ । १५ औं राष्ट्रिय योजनाले प्राकृतिक स्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रूपमा विकास गर्ने,संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोबाटप्राप्त लाभको समन्यायीक बाँडफाँड गर्ने, कृषिवनको अत्याधिक प्रयोगबाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीबुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना १६ औं योजनामा गरिएको छ । त्यसैगरीसङ्घ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती, साझेदारी वनको संरक्षण, संवर्धन, उपयोग गर्ने, वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने, वन प्रवर्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्धन, प्रशोधन, बजार व्यवस्थापन गर्ने, वनवीऊ बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्धन गर्ने, नर्सरी स्थापना गर्ने, बिरूवा उत्पादन, वितरण, रोपण तथा प्रवर्धन गर्ने, वन्यजन्तु एवम् चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यावसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने, आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्धन गर्ने एवम् मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ वन क्षेत्रमा डढेलो जोखिम रहेको ।<br>❖ वन्यजन्तु विशेषगरी बाँदर तथा बँदेलका कारण कृषि बालीमा क्षति हुने समस्या बढ्दो रहेको ।<br>❖ वन स्रोतको वैज्ञानिक व्यवस्थापन तथा दिगो उपयोग पर्याप्त हुन नसकेको ।<br>❖ जैविक विविधता संरक्षण तथा वनजन्य स्रोतको मूल्य अभिवृद्धिमा कमी रहेको ।<br>❖ सामुदायिक वन व्यवस्थापनमा प्राविधिक तथा वित्तीय स्रोत सीमित रहेको । | ❖ वन डढेलो नियन्त्रण तथा रोकथाम गर्नु।<br>❖ बाँदर, बँदेल लगायतका वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति न्यूनीकरण तथा उचित क्षतिपूर्तिको व्यवस्था गरी किसानको जीविकोपार्जनको सुरक्षा गर्नु।<br>❖ वनको उत्पादकत्व बढाउन वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागू गर्दै काठ तथा गैरकाठ वन पैदावारको दिगो रूपमा सङ्कलन र प्रयोग सुनिश्चित गर्नु।<br>❖ दुर्लभ वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्नुका साथै वनजन्य जडीबुटी र कच्चा पदार्थको प्रशोधन र व्यवसायीकरण गर्नु।<br>❖ सामुदायिक वन उपभोक्ता समूहहरूलाई आवश्यक प्राविधिक ज्ञान, तालिम तथा वित्तीय स्रोतसाधन उपलब्ध गराई तिनीहरूको कार्यक्षमता अभिवृद्धि गर्नु। |

### ७.१.३ सम्भावना तथा अवसर

- सामुदायिक वनमार्फत् वन संरक्षण तथा आयआर्जन प्रवर्धन गर्न सकिने ।
- जडीबुटी, दालचिनी, बाँस, खोटो तथा अन्य वनजन्य उत्पादनको व्यावसायिक विकास गर्न सकिने ।
- वन तथा जैविक विविधतालाई पर्यटन तथा वातावरण संरक्षणसँग जोड्न सकिने ।
- वृक्षारोपण तथा हरियाली प्रवर्धनमार्फत् वातावरणीय सन्तुलन कायम गर्न सकिने ।
- सामुदायिक सहभागितामार्फत् दिगो वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण गर्न सकिने ।

### ७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य :** जैविक विविधताको दिगो संरक्षण एवम्संवर्धन भएको हुने ।

**उद्देश्य**

१. जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।

२. बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य स्रोतको रूपमा विकास गर्नु ।

**रणनीतिहरू**

१.१जैविक विविधताको संरक्षण, संवर्धनएवम्प्रवर्धन गर्ने ।

१.२वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

२.१ वनक्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने ।

२.२ गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको स्रोतको रूपमा विकास गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को जैविक विविधताको संरक्षण र प्रवर्धन अन्तर्गतका कार्यनीतिहरू**

- सङ्घीयएवम् प्रदेश कानुनका आधारमा वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, ऐन नियम तथा कानुनहरूबनाई जैविक विविधताको संरक्षण गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समूह मार्फत समुदायमा जैविक विविधता, वन क्षेत्रको संरक्षण सम्बन्धी चेतनामा अभिवृद्धि ल्याउदै सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणाहरूअवलम्बन गरिने छ ।
- चराचुरुङ्गी एवम् वन्यजन्तुहरूको बासस्थान संरक्षण, जङ्गल क्षेत्रमा आहार व्यवस्थापनएवम् चोरी सिकारीलाई नियन्त्रण गरिने छ ।
- जैविक विविधतालाई पर्यटन प्रवर्धनसँग जोड्दै पर्यटन क्षेत्रको रूपमा विकास गरिने छ ।

**रणनीति १.२ को वन क्षेत्रलाई वैज्ञानिक व्यवस्थापन गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- मिचाहा प्रजातिका वनस्पतिको नियन्त्रण तथा आयमूलकवनस्पतिको विस्तार जस्ता क्रियाकलापहरूसञ्चालन गर्दै वन क्षेत्रलाई वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरिने छ ।
- चरनका लागि निश्चित क्षेत्रहरू निर्धारण गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समूह तथा महिला समूहहरूको वैज्ञानिक वन व्यवस्थापनमा क्षमता वृद्धि गर्दै वन क्षेत्रको दिगो संरक्षण गरिने छ ।
- वन क्षेत्रमा फलफूल लगायतका वोटबिरूवाहरूको रोपण गरी हरियाली विकास गरिने छ ।

**रणनीति २.१ को वनजङ्गल क्षेत्रलाई विकास विस्तार गर्दै उत्पादनमुखी बनाउने अन्तर्गतका कार्यनीतिहरू**

- जडीबुटी लगायत बहुमूल्य प्रजातिहरूको व्यावसायिक खेतीका लागि स्थानीयहरूलाई प्रोत्साहन गरिने छ । सम्भाव्यताका आधारमा जडीबुटीसङ्कलन तथा प्रशोधन केन्द्र निर्माण गरिने छ ।
- औषधीजन्य सुगन्धित तेल उत्पादन हुने वनस्पतिहरूको व्यावसायिक खेती गर्न सामुदायिक वन उपभोक्ता समूहलाई प्रोत्साहित गरिने छ ।
- गाउँपालिकाका भित्रका ऐलानी तथा पर्ति जग्गा कृषिवनको व्यावसायिक खेतीका लागि सहकारी संस्था/ युवा क्लब आदिलाई प्रोत्साहित गरिने छ ।
- जडीबुटीमा आधारित उत्पादनहरूको बजार विकास, विस्तार एवम्प्रवर्धनका लागि आवश्यक सहयोग अनुदानको व्यवस्था मिलाइने छ ।

**रणनीति २.२ को गैरकाष्ठवन पैदावरलाई आयआर्जनको स्रोतको रूपमा विकास अन्तर्गतका कार्यनीतिहरू**

- वनमा आधारित उपभोक्ता समूहसँगको सहकार्यमा गैरकाष्ठ वन पैदावर सङ्कलन, उद्योग तथाप्रशोधन केन्द्रहरूसञ्चालन गरिने छ ।
- गैरकाष्ठ वन पैदावर तथा स्थानीय जडीबुटीहरूको व्यावसायिक खेती तथा उद्यमशीलता विकास गर्दै उत्पादित सामानहरूको मूल्य सृङ्खलाअभिवृद्धि गर्दै बजारको विस्तार एवम्प्रवर्धन गरिने छ ।
- स्थानीय जडीबुटीहरूको बौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिह्नहरू दर्ता गरी निकासी बजारप्रवर्धन गरिने छ ।
- सम्भाव्यताका आधारमा कृषि-वनको व्यावसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवम् दलित वर्ग समुदायलाई प्रोत्साहित गरिने छ ।

*तालिका ३८ : वन तथा जैविक विविधताकार्यक्रम तथा आयोजना*

| वन तथा जैविक विविधता | | | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
| **जैविक विविधतको संरक्षण** | पटक | **५** | ५ | ५ | ५ | ५ | ५ | ३० | ३.८७ | १३ | ३ | २ |
| जनचेतना अभिवृद्धि | पटक | **१** | | २० | | | | २१ | २.७१ | १३ | ३ | २ |
| जैविक विविधताको प्रोफाइल निर्माण | पटक | **२** | ७ | | | | | ९ | १.१६ | १३ | ३ | २ |
| **वन क्षेत्र दिगो एवं वैज्ञानिक व्यवस्थापन** | | | | | | | | | | | | |
| मिचाहा प्रजाति नियन्त्रण | पटक | **१** | ५० | | ५० | | | १०१ | १३.०२ | १३ | ३ | २ |
| खुल्ला क्षेत्र फलफुल तथा आय मुलक वनस्पति रोपण | पटक | **२** | २० | | | २० | | ४२ | ५.४१ | १३ | ३ | २ |
| सामुहिक वन उपभोक्ता समुह क्षमता अभिवृद्धि | पटक | **१** | २० | | | | | ० | ०.०० | १३ | ३ | २ |
| **वन सम्पदालाई उत्पादनमुखी वनाउने** | | | | | | | | | | | | |
| वन सम्पदाहरुको व्यवसायिक खेती सम्भाव्यता अध्ययन | संख्या | **३** | ३० | ३० | ३० | ३० | ३० | १५३ | १९.७२ | १३ | ३ | २ |
| वन सम्पदाहरुको व्यवसायिक खेती प्रवद्र्घन | | | | | | | | ० | ०.०० | १३ | ३ | २ |
| **गैरकाष्ठ वन पैदावरवाट आय आर्जन** | हे | | | | | | | | | | | |
| वहुमूल्य जडीवुटीको व्यवसायिक खेती प्रवद्र्घन | संख्या | **३** | २५ | २५ | २५ | २५ | २५ | १२८ | १६.४९ | १३ | ३ | २ |
| जडीवुटीको वजार प्रवद्र्घन | संख्या | **१** | ५० | ५० | ५० | ५० | ५० | २५१ | ३२.३५ | १३ | ३ | २ |
| जडीवुटी सङ्कलन प्रशोधन | पटक | **१** | २० | | २० | | | ४१ | ५.२८ | १३ | ३ | २ |
| **वन र जैविक विविधता जम्मा** | | | २२७.०० | १३०.०० | १८०.०० | १३०.०० | ११०.०० | ७७६.०० | | | | |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ३९ : वन तथा जैविक विविधताःनतिजाखाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | जैविक विविधताको दिगो संरक्षण एवम् संवर्धन भएको हुने | | | | | | | | |
| वन उपभोक्ता समितिसँगको सहकार्यमा संरक्षित एवम् व्यवस्थित वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ० | २ | ५ | १० | १५ | २० | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समितिको सहभागिता प्रभावकारी भएको हुने |
| .१. असर तह | वन क्षेत्रको विकस विस्तार गर्दै बहुमूल्य जडीबुटीको व्यावसायिक खेतीलाई आय आर्जनको रूपमा विकास भएको हुने | | | | | | | | |
| जडिबुटी एवम् गैर काष्ठ वन पैदावरमा आधारित उद्योगबाट सिर्जित रोजगारी | प्रतिशत | ० | ३ | ५ | ८ | १० | १२ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| १.१प्रतिफल | वन क्षेत्रको विकास तथा विस्तार भएको हुने | | | | | | | | |
| औषधीजन्य जडीबुटीहरूको थप विस्तार क्षेत्र | हे. | - | १० | २० | ४० | ८० | १६० | | |
| १ २.प्रतिफल | बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेती गर्दै आय आर्जनको स्रोतको रूपमा विकास भएको हुने | | | | | | | | |
| बहुमूल्य वनस्पतिहरूको व्यावसायिक खेतीले ढाकेको भूमि | हे. | - | ५० | ७५ | १०० | १५० | २०० | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| सञ्चालित जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | | |
| जडीबुटीको आधिकारिक निकायमादर्ता भएका वौद्धिक सम्पत्ति (व्यापार चिह्न) दर्ता | सङ्ख्या | ० | ० | ० | १ | १ | ३ | | |

## ७.२ वातावरण तथा फोहोर व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना अभिवृद्धि गर्दै औद्योगिक एवम् भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदुषण गर्नेले दायित्व व्यहोर्नु पर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवम् पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति राज्यबाटअङ्गिकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ फोहोर सङ्कलन, व्यवस्थापन तथा विसर्जनको व्यवस्थित प्रणाली विकास हुन नसकेको ।<br>❖ बजार तथा बस्ती क्षेत्रमा प्लास्टिकजन्य फोहोर व्यवस्थापन चुनौतीपूर्ण रहेको ।<br>❖ वातावरणीय प्रदूषण तथा प्राकृतिक स्रोतको अव्यवस्थित उपयोग बढ्दो रहेको ।<br>❖ डढेलो, पहिरो तथा भू-क्षयजस्ता वातावरणीय जोखिमहरू बढ्दै गएको ।<br>❖ वातावरण संरक्षणसम्बन्धी जनचेतना तथा संस्थागत क्षमता सीमित रहेको । | ❖ फोहोरलाई स्रोतमै वर्गीकरण गरी सङ्कलन, पुनःप्रयोग, प्रशोधन र अन्तिम विसर्जनका लागि व्यवस्थित प्रणालीको विकास गर्नु।<br>❖ प्लास्टिकजन्य फोहोर नियन्त्रण र प्रभावकारी व्यवस्थापन गर्नु।<br>❖ जल, थल र वायु प्रदूषणलाई नियन्त्रण गर्दै प्राकृतिक स्रोतहरूको अनियन्त्रित दोहनलाई रोक्नु।<br>❖ जलवायु परिवर्तन, डढेलो, पहिरो तथा भू-क्षयजस्ता जोखिमहरूलाई कम गर्न पूर्वतयारी तथा वातावरणमैत्री विकास पूर्वाधार निर्माण गर्नु।<br>❖ वातावरण संरक्षण र सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालनगरी संस्थागत प्राविधिक र कार्यगत क्षमता अभिवृद्धि गर्नु। |

### ७.२.३ सम्भावना तथा अवसर

- समुदायमा आधारित फोहोर व्यवस्थापन तथा सरसफाइ प्रणाली विकास गर्न सकिने ।
- फोहोरको वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रण प्रवर्धन गर्न सकिने ।
- वृक्षारोपण तथा हरियाली प्रवर्धनमार्फत वातावरण संरक्षण गर्न सकिने ।
- विद्यालय तथा समुदायमार्फत वातावरणीय सचेतना अभिवृद्धि गर्न सकिने ।
- वातावरणमैत्री प्रविधि तथा दिगो विकास अवधारणालाई स्थानीय योजनासँग आवद्ध गर्न सकिने ।

### ७.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्यः**

फोहोरमैलालाई सुरक्षित विसर्जन एवम् प्रदूषणहरून्यूनीकरण गरीसन्तुलित एवम् स्वच्छ वातावरण प्रवर्धन भएको हुने ।

**उद्देश्य :**

१. वातावरण प्रदुषण न्यूनीकरणका उपायहरूअवलम्बनबाट स्वच्छ वातावरण प्रवर्धन राख्ने।

**रणनीतिहरू**

१.१ फोहोरको व्यवस्थित रूपलेसङ्कलन तथा सुरक्षित विसर्जन गर्ने ।

१.२ सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण र नियन्त्रण गर्ने ।

**कार्यनीति**

**रणनीति १.१ को फोहोरको व्यवस्थित रूपमा फोहोरहरूसङ्कलन तथा सुरक्षित विसर्जन अन्तर्गका कार्यनीतिहरू**

- घर, आँगन, चोक, बजार क्षेत्रका फोहोरमैलाको प्रभावकारी व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःप्रशोधन, न्यूनीकरण र प्लाष्टिकजन्य वस्तुको निषेध विधि अवलम्बन गर्दै फोहोर उत्पादनलाई स्रोतमै न्यूनीकरण गरिने छ ।
- घर, पसल, कार्यालय एवम् सार्वजनिक स्थल आदिमा उत्पादित फोहोरलाई व्यवस्थित रूपमा सङ्कलनका लागि निर्धारित रङ्गका डष्टविनहरूमा राखिने छ ।
- फोहोरहरूको सुरक्षित विसर्जनका लागि आवश्यक क्षेत्रमा ल्याण्ड फिल्ड साइडको व्यवस्था गर्दै सो क्षेत्रलाई स्यानिटरी पार्कको रूपमा विकास गरिने छ ।

**रणनीति १.२ को सबै प्रकारका प्रदूषणहरू न्यूनीकरण र नियन्त्रण गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- घरआँगन, विद्यालय, कार्यालय, सडक किनारा लगायतका खुल्ला तथा सार्वजनिक क्षेत्रमा फोहोरमैला विसर्जन गर्ने प्रक्रियालाई कडाईका साथ कार्यान्वयन गरिने छ ।
- हरेक वडाका उपयुक्त क्षेत्रमा हरियाली पार्क, वालउद्यान तथा मनोरञ्जन पार्कहरू निर्माण गरिने छ ।
- सार्वजनिक स्थल एवम्बजारक्षेत्रहरूमा सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालनमा ल्याउन स्थानीय सामुदायिक संस्था तथा महिला समूहहरूसँग सहकार्य गरिने छ ।
- वातावरण सरसफाइ समूह तथासमिति परिचालन गर्दै नियमित सरसफाइजस्ता कार्यहरूसञ्चालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिने छ ।
- जनस्तरमा वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि स्थानीय सामुदायिक सङ्घसंस्था तथा टोल सुधार संस्थाहरूसँग सहकार्य गरिने छ ।

तालिका ४०: वातारण तथा फोहोर मैला व्यवस्थापनकार्यक्रम तथा आयोजना

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | एकाइ | याेजनाकाे कुल लक्ष्य | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| फोहोर न्यूनीकरण, पुनप्रशोधन, पुनप्रयोग, प्लाष्टिकजन्य वस्तुको निषेध कार्यक्रम | ठाउ | ७ | २ | २ | २ | २ | २ | १७ | ६.९४ | १३ | ३ | २ |
| प्लास्टिक झोलामुक्त सरकारी कार्यालय तथा विद्यालय अभियान। | संख्या | ७ | १० | १० | १० | १० | १० | ५७ | २३.२७ | १३ | ३ | २ |
| पानीका प्लास्टिक बोतलमुक्त गाउँपालिका अभियान। | अनुदान | १ | २० | २० | २० | २० | २० | १०१ | ४१.२२ | १३ | ३ | २ |
| वृक्षारोपण तथा जलाधार संरक्षण कार्यक्रम। | संख्या | १ | ५ | ५ | ५ | | | १६ | ६.५३ | १३ | ३ | २ |
| घरआँगन एवं परिसर फलफुल रोपण कार्यक्रम | संख्या | ३ | २० | २० | २५ | | | ६८ | २७.७६ | १३ | ३ | २ |
| वालउद्यान, हरियालीपार्क तथा मनोरञ्जनपार्क निर्माण | संख्या | १ | ५ | | | | | ५ | २.०४ | १३ | ३ | २ |
| **वातावरण तथा फाेहरमैला व्यवस्थापनकाेे जम्मा** | | | ६२ | ५७ | ६२ | ३२ | ३२ | २४५ | | | | |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ४१ :वातावरण तथा फोहोर व्यवस्थापनः नतिजाखाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | फोहोर मैलालाई सुरक्षित विसर्जन एवम् प्रदुषण नियन्त्रण भई सन्तुलित एवम् स्वच्छ वातावरण प्रवर्धन भएको हुने | | | | | | | | |
| वातारणमैत्री बस्ती तथा आवास | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९७ | ९८ | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समूहको सहभागिता हुने |
| १.असर तह | फोहोरमैला व्यवस्थित तवरले विसर्जन गर्दै पूर्ण सरसफाइयुक्त भएको हुने | | | | | | | | |
| व्यवस्थित रूपमा फोहोर विसर्जनको व्यवस्था भएका बस्ती | सङ्ख्या | ० | २ | ३ | ४ | ५ | ६ | निर्माण सम्पन्न प्रतिवेदन | यथेष्ट बजेट व्यवस्था,स्थानीयको सहयोग |
| १.१प्रतिफल | फोहोरमैला व्यवस्थित रूपमा सङ्कलन भई सुरक्षित विसर्जन भएको हुने | | | | | | | | |
| वितरित कम्पोष्ट तथा डष्टविनहरू | सङ्ख्या | ० | ० | १०० | २०० | ३०० | ५०० | वार्षिक प्रतिवेदन | बस्ती क्षेत्रमा सरसफाइ प्रवर्धन भएको हुने |
| ढल निकास व्यवस्थासँग जोडिएका घरधुरी | प्रतिशत | ० | ० | ५ | १० | १५ | २५ | | ढल निकासमा समुदायको सहभागिता भएको हुने |
| २.असर तह | वातावरण प्रदुषण नियन्त्रणका उपायहरू अवलम्बनबाट स्वच्छ वातावारण प्रवर्धन | | | | | | | | |
| सार्वजनिक क्षेत्रहरूमा भएको थप वृक्षारोपण | सङ्ख्या | - | - | २ | ३ | ४ | ५ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट व्यवस्था भएको हुने |
| २.१.प्रतिफल | वातावरण प्रदुषण नियन्त्रण तथा न्यूनीकरण भएको हुने | | | | | | | | |
| खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९५ | ९३ | ९२ | ९० | ९० | ८५ | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| विद्युत् ऊर्जा प्रयोग गर्ने उद्योग व्यवसायहरू | सङ्ख्या | ० | ० | ० | २ | ४ | ६ | | |

| २.२ असर तह | हरियाली क्षेत्र बिस्तार गर्दै स्वच्छ वातावरण प्रवर्धन भएको हुने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालउद्यान, मनोरञ्जन तथा हरियाली पार्कहरू | सङ्ख्या | ० | ० | ० | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| सुविधायुक्त सार्वजनिक शौचालयहरू | सङ्ख्या | ० | ० | १ | २ | ४ | ५ | | |

## ७.३ भू तथा जलाधार व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलस्रोतको बहुपउयोगी विकास गर्ने नीति अङ्गिकार गरेको छ । नदी किनारहरूमा बाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनबाट जलस्रोतको उपलब्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना १६ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सीमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.३.२समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ भू-क्षय, पहिरो, नदी कटान तथा माटो क्षयीकरणका समस्या बढ्दै गएको । | ❖ बढ्दो भू-क्षय, पहिरो, नदी कटान र माटोको क्षयीकरणलाई जैविक तथा प्रविधियुक्त उपायहरू अपनाएर नियन्त्रण गर्नु। |
| ❖ जलाधार क्षेत्र, मुहान तथा सार्वजनिक जग्गाको संरक्षण पर्याप्त हुन नसकेको । | ❖ पानीका प्राकृतिक मुहानहरू र जलाधार क्षेत्रहरूको वैज्ञानिक संरक्षण गर्नुका साथै अतिक्रमित सार्वजनिक जग्गाको रेखाङ्कन र संरक्षण गर्नु। |
| ❖ अव्यवस्थित भू-उपयोग तथा खेती प्रणालीका कारण उत्पादनशील जमिनमा असर परेको । | ❖ अव्यवस्थित भू-उपयोगलाई रोकी भू-उपयोग नीतिको पूर्ण पालना गराउनु र उत्पादनशील जमिनको संरक्षणका लागि दिगो तथा उपयुक्त खेती प्रणाली अपनाउनु। |
| ❖ तटबन्ध, संरक्षण संरचना तथा भू-संरक्षण कार्यक्रम सीमित रहेका । | ❖ कटान तथा भू-क्षय रोक्न आवश्यक पर्ने तटबन्ध, चेकड्याम लगायतका जैविक-इन्जिनियरिङ आधारित संरक्षण संरचनाहरूको निर्माण तथा विस्तार गर्नु। |
| ❖ जलवायु परिवर्तनका प्रभावले पानीका स्रोत तथा कृषि प्रणाली प्रभावित हुँदै गएको । | ❖ जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूसँग जुध्न अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्दै सुख्खा हुँदै गएका पानीका स्रोतहरूको पुनर्भरण (Recharge)र कृषि प्रणालीको रूपान्तरण गर्नु। |

### ७.३.३सम्भावना तथा अवसर

- जलाधार संरक्षणमार्फत् सिँचाइ, खानेपानी तथा कृषि उत्पादनमा सुधार गर्न सकिने ।
- नदी नियन्त्रण, तटबन्ध तथा भू-संरक्षण कार्यक्रम विस्तार गर्न सकिने ।
- भू-उपयोग योजना तथा भूमिवर्गीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने ।
- वृक्षारोपण तथा हरित प्रवर्धनमार्फत् भू-क्षय नियन्त्रण गर्न सकिने ।
- सामुदायिक सहभागितामार्फत् जलाधार तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न सकिने ।

**७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्यः** दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको संरक्षण र संवर्धन भएको हुने ।

**उद्देश्य :**

१. बाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भू-क्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु ।

२. जलस्रोत क्षेत्रहरूको संरक्षण, संवर्धन गर्दै जलस्रोतबलाई आयआर्जनको स्रोतबनाउनु।

**रणनीतिहरू**

१.१ बाढी पहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम गर्ने।

१.२ भू-संरक्षण एवम्संवर्धन गर्ने ।

२.१जलस्रोतको दिगो संरक्षण, संवर्धन गर्ने ।

२.२ जलस्रोतहरूलाई बहुउपयोगी बनाउँदै आयस्रोतको रूपमा विकास गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को बाढीपहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम अन्तर्गका कार्यनीतिहरू**

- भू-क्षय , बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिने छ ।
- भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भू-क्षयको जोखिम भएका क्षेत्रहरूमा बाँस, बाबियो, अम्रिसो रोपण गर्दै वायोइन्जिनियरिङ भू-क्षय नियन्त्रण गरिने छ ।
- अतिसंवेदनशील क्षेत्रका बस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्दै सम्भावित क्षतिबाट सुरक्षित राखिने छ ।

**रणनीति १.२ को भू-क्षय एवम्संवर्धन गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- भू-क्षय योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।
- सडक छेउमा नाली निर्माण, बायोइन्जिनियरीङ प्रविधि, खेतका गरासुधार जस्ता कार्यबाट भूमिको दिगो संरक्षण गरिने छ ।

**रणनीति २.१ को जलास्रोतको दिगो संरक्षण, संवर्धन अन्तर्गतका कार्यनीतिहरू**

- गाउँपालिका क्षेत्रभित्र जलस्रोत तथा जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्कसङ्कलन, अभिलेखीकरण, नियमन एवम् संरक्षण गरिने छ । यसका लागि जलाधार संरक्षण ऐन, कानुनहरू निर्माण गरिने छ ।
- पानीमुहान, पानीपोखरीलगायतकास्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारबार, पर्खाल निर्माण गरी संरक्षण एवम्संवर्धन गरिने छ ।
- आवश्यक क्षेत्रमा नदी तथा खोला किनारामा तटबन्ध निर्माण गरिने छ ।

**रणनीति २.२ को जलस्रोतलाई बहुउपयोगी बनाउने आयआर्जनको रूपमा विकास गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- नदी तथा खोला किनारमा व्यावसायिकरूपमा कृषि-वन खेती गर्न स्थानीयहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलब्ध गराइने छ ।

*तालिका ४२ : भू तथा जलाधार सम्बन्धीकार्यक्रम तथा आयोजना*

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | एकाइ | योजनाको | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट | दिविल | लैङ्गिक | जलवायु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | | कुल लक्ष्य | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | प्रतिशत | सङ्केत | सङ्केत | सङ्केत |
| भूसंरक्षण तथा व्यवस्थापन | सङ्ख्या | १ | २० | | | | | २० | ०.०४३ | १३ | ३ | २ |
| सार्वजनिक जग्गाको अध्ययन पहिचान तथा नक्साङ्कन | सङ्ख्या | १ | २० | | | | | २० | ०.०४३ | १३ | ३ | २ |
| भू उपयोग योजना निर्माण | | | | | | | | ० | ०.००० | १३ | ३ | २ |
| भू-क्षय नियन्त्रण | कि.मि. | २० | २० | १५ | १० | १० | | ५५ | ०.११८ | १३ | ३ | २ |
| वायोइन्जिनियरिङ प्रवर्धन | सङ्ख्या | ७ | २० | २५ | १२ | १५ | १८ | ९० | ०.१९३ | १३ | ३ | २ |
| जलस्रोत संरक्षण एवं सम्वद्र्घन | पटक | १ | २० | | | | | २० | ०.०४३ | १३ | ३ | २ |
| पानी मुहान, पोखरी, सीमसार, खोलानदी अधिकार क्षेत्र निर्धारण | कि.मि. | १००० | ५ | १० | १२ | १५ | २० | ६२ | ०.१३३ | १३ | ३ | २ |
| खोलानदी तटवन्ध (तारजाली) निर्माण, वृक्षारोपण | | | | | | | | ० | ०.००० | १३ | ३ | २ |
| जलस्रोतको दिगो सदुपयोगबाट आयआर्जन | सङ्ख्या | ३ | १५ | २० | २५ | ३० | ४० | १३० | ०.२७८ | १३ | ३ | २ |
| खोलानदी किनार कृषिवन खेती प्रवर्धन | सङ्ख्या | २ | ४० | ३० | | | | ७० | ०.१५० | १३ | ३ | २ |
| **भूमि तथा जलाधार व्यवस्थापनकोजम्मा** | | | **१६०** | **१००** | **५९** | **७०** | **७८** | ४६७ | | | | |

### *७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका*

*आगामी ५ वर्षका लागि भू तथा जलाधार व्यवस्थापन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।*

*तालिका ४३ : भू तथा जलाधार व्यवस्थापनः नतिजा खाका*

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२/८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | | |
| **प्रभाव तह** | दिगो व्यवस्थापनबाट भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र संवर्धन भएको हुने | | | | | | | | |
| भू तथा जलाधारको उत्पादनशील प्रयोग | प्रतिशत | १ | ३ | | ५ | | १५ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| १ असर तह | बाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकर गर्न भू-क्षयरोकथाम तथा नियन्त्रण भएको हुने | | | | | | | | |
| भूक्षय, बाढी पहिरोबाट संरक्षित भएका क्षेत्रहरू | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| १.१प्रतिफल | बाढी पहिरो तथा भू-क्षय नियन्त्रण भई क्षति न्यूनीकरण भएको हुने | | | | | | | | |
| नदी तटबन्ध भएका क्षेत्रहरू | सङ्ख्या | ० | ० | | ० | १ | २ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| ग्याविन जाली निर्माण | सङ्ख्या | ० | ० | ३ | ४ | ५ | ६ | | |
| रिटेनिङवाल, पर्खाल निर्माण | कि.मि. | ० | ० | ३ | ४ | ५ | ६ | | |
| वायोइन्जिनियरिङ भएका क्षेत्र | सङ्ख्या | ० | ० | ३ | ४ | ५ | ६ | | |
| आइइइ, इआइए को अध्ययनबाट संरक्षित क्षेत्र | सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | | |
| २असर तह | जलस्रोत संरक्षण, संवर्धन गर्दै बहुउपयोगी भएको हुने | | | | | | | | |
| संरचित,प्रवर्धिततथा उत्पादनशील प्रयोग गरिएका जलस्रोतहरू | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | |
| २.२प्रतिफल | जलस्रोतलाई बहुउपयोग बनाउँदै आयआर्जन भएको हुने | | | | | | | | |
| व्यावसायिक रूपमा भएको मत्स्यपालन | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | | |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना एवम् तयारी गर्ने, उद्धार, राहत एवम् पुर्नस्थापना गर्ने नीति अङ्गिकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरूबाट जलवायु परिवर्तन सम्बन्धी सूचना अद्यावधिक एवम् प्रवाह गर्ने परिकल्पना १६ औं राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात् र विपद्को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवम् नियमन गर्ने, जोखिम बस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, बस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ७.४.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ पहिरो, भू-क्षय, आगलागी, चटयाङ, हावाहुरी तथा नदी कटानजस्ता विपद्को जोखिम रहेको ।<br>❖ विपद् पूर्वतयारी, उद्धार तथा प्रतिकार्य प्रणाली पर्याप्त रूपमा सुदृढ हुन नसकेको ।<br>❖ जोखिमयुक्त बस्ती तथा क्षेत्रहरूको पहिचान र व्यवस्थापन सीमित रहेको ।<br>❖ जलवायु परिवर्तनका कारण कृषि, पानीका स्रोत तथा जनजीवन प्रभावित हुँदै गएको ।<br>❖ विपद् व्यवस्थापनसम्बन्धी जनचेतना, उपकरण तथा प्राविधिक क्षमता सीमित रहेको । | ❖ पहिरो, भू-क्षय, आगलागी, चटयाङ, हावाहुरी र नदी कटानजस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्हरूबाट हुने सम्भावित क्षति कम गर्न पूर्वसूचना प्रणाली र विपद् रोक्ने उपायहरू लागू गर्नु।<br>❖ उद्धार तथा प्रतिकार्य प्रणालीको सबलीकरण संयन्त्र तथा प्रतिकार्य प्रणालीलाई स्रोतसाधन सम्पन्न र सुदृढ बनाउनु।<br>❖ विपद्का दृष्टिकोणले जोखिमयुक्त बस्ती एवं क्षेत्रहरूको वैज्ञानिक पहिचान गरी तिनीहरूको संरक्षण, सुरक्षित स्थानान्तरण र दिगो व्यवस्थापन गर्नु।<br>❖ जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूबाट कृषि क्षेत्र, पानीका प्राकृतिक स्रोतहरू र आम जनजीवनलाई जोगाउन अनुकूलन (Adaptation)का स्थानीय योजनाहरू कार्यान्वयन गर्नु।<br>❖ जनचेतना, आधुनिक उपकरण र प्राविधिक क्षमता वृद्धि गर्नु। |

### ७.४.३ सम्भावना तथा अवसर

- समुदायमा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रणाली विकास गर्न सकिने ।

- जोखिमयुक्त क्षेत्रहरूको पहिचान तथा सुरक्षित बस्ती व्यवस्थापन गर्न सकिने ।
- तटबन्ध, भू-संरक्षण तथा जलाधार संरक्षणमार्फत विपद् जोखिम न्यूनीकरण गर्न सकिने ।
- जलवायु अनुकूल कृषि, पानी व्यवस्थापन तथा हरित प्रविधि प्रवर्धन गर्न सकिने ।
- सङ्घ, प्रदेश तथा स्थानीय तहको सहकार्यमा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न सकिने ।

**७.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**लक्ष्य :**

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउँदै जोखिमबाट हुने क्षतिलाई न्यूनीकरण एवम् जनजीवन सुरक्षित भएको हुने ।

**उद्देश्य**

१. विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवम् पुर्नलाभलाई प्रभावकारी बनाउनु ।

२. जलवायु परिवर्तन अनुकूलनका उपायहरूअवलम्बन गर्दै क्षति न्यूनीकरण गर्नु ।

**रणनीतिहरू**

१.१ विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरूको निर्माणबाट जोखिम न्यूनीकरण गर्ने ।

१.२ विपद् जोखिमबाट जनजीवन सुरक्षित बनाउने।

२.१ जलवायु परिवर्तन अनुकुलनका उपायहरूप्रवर्धन गर्ने ।

२.२ जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्दै जनजीवनमा सहजता ल्याउने ।

**रणनीति १.१ को विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरूको निर्माणबाट जोखिम न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरू**

- भवन निर्माण संहिता कडाइका साथ लागू गर्दै निजी भवन संरचनाहरूलाई विपद् प्रतिरोधात्मक अनिवार्य रूपमा बनाउन लगाइने छ । यसका लागि भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- विद्यालय भवन, स्वास्थ्य संस्थाका भवन, कार्यालय लगायतका सार्वजनिक संरचनाहरूलाई विपद् प्रतिरोधात्मक बनाइने छ ।
- प्राकृतिक एवम्सांस्कृतिक सम्पदाहरू, सार्वजनिक सम्पत्तिहरूको दिगो संरक्षणका लागि प्रवलीकरण गर्दै विपद् प्रतिरोधात्मक बनाइने छ ।
- न्यूनतम मापदण्ड नपुगेका तथा मापदण्ड विपरित निर्मित भौतिक संरचनाहरूको प्रवलीकरणका लागि प्रोत्साहित गरिने छ ।
- थोत्रा, पुराना एवम् आकस्मिक सुरक्षाका उपायहरू पनि नभएका भौतिक संरचनाहरू विस्थापित गरी नयाँ संरचना निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।

**रणनीति १.२ को विपद् जोखिमबाट जनजीवन सुरक्षित बनाउने अन्तर्गतका कार्यनीतिहरू**

- बाढीपहिरो, नदी नियन्त्रण, भूकम्प, सम्भावित प्रकोप तथा विपद् लगायतका विषयमा विस्तृत अध्ययन, अनुसन्धान गरी जोखिमयुक्त संवेदनशील क्षेत्रहरूको पहिचान एवम्नक्साङ्कन गर्दै भू-उपयोग योजना तर्जुमा गरिने छ ।

- भिरालो तथा पहिरो क्षेत्रमा बसोबास गर्ने घरपरिवार तथा बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।
- समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना, उद्धार समूह लगायत स्थानीय स्वयंसेवक, एवम् समुदायिक सङ्घसंस्थाहरूको क्षमता अभिवृद्धि गरिने छ ।
- विपद्का घटना हुनासाथ खोज, उद्धार, उपचार, अस्थायी आश्रय गृह, खानेपानी खाद्यान्न, लत्ताकपडा, राहत, मनोपरामर्श लगायतका प्राथमिक कार्यहरू प्रभावकारी एवम् समन्वयात्मक रूपमा सञ्चालन गरिने छ ।

**रणनीति २.१ को जलवायु परिवर्तन अनुकूलनका उपायहरूप्रवर्धन गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- जलवायु परिवर्तन अनुकुलन सम्बन्धी जनचेतना कार्यक्रमहरू लाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ । यसका लागि सामुदायिक तथा टोल सुधार संस्थाहरू गठन गरीपरिचालन गरिने छ ।
- विपद् जोखिम प्रकोप पहिचान गर्दै स्रोतनक्सासहित जलवायु परिवर्तन अनुकूलन सम्बन्धीगाउँपालिकाको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।
- कृषि जमिनको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि जैविक तथा गोठेमल, भिरालो जमिनमा गरासुधार, घाँसेगरा निर्माण, कृषि-वनलाई व्यावसायिकरूपमा प्रवर्धन गर्दै जलवायुमैत्री कृषि प्रविधिमा जोड दिइने छ । वार्षिक बालीपात्रो बनाई सोही अनुसार कृषिखेतीको व्यवस्था मिलाइने छ ।

**रणनीति २.२ को जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै जनजीवनमा सहजता ल्याउने अन्तर्गतका कार्यनीतिहरू**

- खाना पकाउँदा दाउरा तथा परम्परागत चुल्होको सट्टामा सुधारिएको चुल्हो वा विद्युतीय तथा इण्डक्सन चुल्हो प्रयोग गर्न प्रेरित गर्दै सोको प्रयोगमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- स्वच्छ ऊर्जामा आधारित उद्यम व्यवसायहरू विकास, विस्तार एवम्प्रवर्धनका लागि सहकारी क्षेत्रसँग समन्वय गर्दै आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न कृषकहरूलाई बालीएवम् पशुपंक्षी बीमाको व्यवस्था मिलाइने छ र आवश्यकताका आधारमा सहयोग उपलब्ध गराइने छ ।

*तालिका ४४ : विपद्व्यवस्थापनसम्बन्धीकार्यक्रम तथा आयोजना*

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिकसङ्केत | जलवायुसङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमहरू** | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **पहिरो नियन्त्रण** | | | | | | | | | | | | |
| पहिरो क्षेत्र पहिचान, नक्साङ्कन | सङ्ख्या | ३ | ३० | २० | २५ | २५ | ५ | १०५ | ०.२२५ | १३ | ३ | २ |
| वर्षातको भलपानी नियन्त्रण | सङ्ख्या | ४ | २० | १५ | १० | १० | | ५५ | ०.११८ | १३ | ३ | २ |
| **क्षति न्यूनीकरण** | | | | | | | | ० | ०.० | १३ | ३ | २ |
| आश्रय गृह निर्माण | सङ्ख्या | २ | ४० | ४० | ४० | | | १२० | ४७.१ | १३ | ३ | २ |
| नमूना अभ्यास सञ्चालन | पटक | ५ | ८ | ८ | ८ | ८ | ८ | ४० | १५.७ | १३ | ३ | २ |
| उद्धारटोली,सामुदायिक संस्था, स्वयंसेवीको क्षमता अभिवृद्धि | पटक | २ | १० | | १० | | | २० | ७.८ | १३ | ३ | २ |
| **जलवायु परिवर्तन अनुकूलन** | | | | | | | | ० | ०.० | १३ | ३ | २ |
| जनचेतना अभिवृद्धि कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १९.६ | १३ | ३ | २ |
| वार्षिक कृषिबाली पात्रो निर्माण | पटक | ५ | २ | २ | २ | २ | २ | १० | ३.९ | १३ | ३ | २ |
| जलवायु परिवर्तन अनुकूलन सम्बन्धी रणनीति कार्ययोजना तर्जुमा | पटक | १ | १५ | | | | | १५ | ५.९ | १३ | ३ | २ |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा** | | | **८५** | **६०** | **७०** | **२०** | **२०** | २५५ | | | | |

७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्षका लागि विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।

*तालिका ४५: विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनः* ***नतिजाखाका***

| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष** | **लक्ष्य परिणाम** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **०८२/८३** | **८३/८४** | **८४/८५** | **८५/८६** | **८६/८७** | **८७/८८** | | |
| **प्रभाव तह** | विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउँदै जोखिमनाट हुने क्षतिलाई न्यूनीकरण गरी जनजीवन सुरक्षित भएको हुने | | | | | | | | |
| १ विपद् एवम् जलवायु परिवर्तनबाट हुँदै आएको क्षति न्यूनीकरण दर | प्रतिशत | | ५ | ५ | ७ | ९ | १० | वार्षिक प्रगति समीक्षा | जनचेतनामा अभिवृद्धि हुने |
| १.असर तह | विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य एवं पुर्नलाभ प्रभावकारी भएको हुने | | | | | | | | |
| विपद् जोखिमबाट भएको क्षति | रू लाखमा | १०० | १०० | १०० | १० ० | १०० | १०० | राहत वितरण अभिलेख | प्रतिरोधात्मक संरचानाहरूको निर्माण हुने |
| ११. प्रतिफल | विपद् प्रतिरोधात्मक संरचना निर्माणबाट जोखिम न्यूनीकरण भएको हुने | | | | | | | | |
| विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरू | सङ्ख्या | ४ | ४ | ५ | ५ | ५ | ६ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| आपतकालीन उद्धारका लागि एम्बुलेन्सको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| २असर तह | जलवायु परिवर्तन अनुकूलनका उपायहरू अवलम्बन गर्दै क्षति न्यूनीकरण भएको हुने | | | | | | | | |
| जलवायु परिवर्तनको असरबाट भएको क्षति | प्रतिशत | १० | ९ | ८ | ७ | ६ | २ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| २ १.प्रतिफलः | जलवायु परिवर्तन अनुकूलनका उपायहरू प्रवर्धन भएको हुने | | | | | | | | |
| सञ्चालित सचेतना कार्यक्रम | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था भएको हुने |
| व्यवस्थितपोखरी | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | | |

# परिच्छेद - आठ

## सुशासन तथा संस्थागत विकास

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार सुशासन तथा संस्थागत विकास अन्तर्गतका प्रमुख क्षेत्रहरूमा सुशासन, ऐन कानुन तथा न्यायिक व्यवस्था, वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन, मानव संशाधन विकास, संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह र योजना व्यवस्थापन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ५ वर्षका लागि लक्ष्य, उद्देश्य एवम् लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवम् प्रमुख कार्यक्रमहरू को तर्जुमा भएका छन् ।

### ८.१ संस्थागत विकास तथा सुशासन

#### ८.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम बनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउने, जनउत्तरदायी र सहभागितामूलक बनाउने, राज्यबाटप्राप्त हुने सेवा सुविधामाथि जनताको समान र सहज पहुँच सुनिश्चितएवम् सुशासनको प्रत्याभूति गर्ने नीति अङ्गिकार गरेको छ । १६ औं राष्ट्रिय योजनामा सुशासन र सवल लोकतन्त्रलाई दीर्घकालीन लक्ष्यका रूपमा ग्रहण गरिएको छ भने प्रमुख संवाहकका रूपमा सार्वजनिक सेवाको सुदृढीकरणलाई र दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा शासकीय सुधारलाई लिइएको छ । त्यसैगरी राष्ट्रिय योजनामा जवाफदेहीता, पारदर्शी, जनउत्तरदायी, सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त, स्वअनुशासित शासन प्रणालीलाई संस्थागत गर्ने, सेवा प्रवाहमा छिटो, सहज बनाउने, विद्युतीय शासन प्रणाली विकास विस्तार गर्ने र गुणस्तरीय सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने परिकल्पना गरिएको छ । यसैगरी स्थानीय नीति तर्जुमा गर्ने, ऐन, कानुन, मापदण्डहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने एवम् नियमन गर्ने र यसरी कानुनहरू निर्माण गर्दा सङ्घीयएवम् प्रादेशिक कानुनहरूको अधिनमा रही तर्जुमा गर्नुपर्ने जिम्मेवारीहरू पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

#### ८.१.२ समस्या तथा चुनौती

| समस्याहरू | चुनौतीहरू |
|---|---|
| ❖ वडा तथा गाउँपालिकास्तरमा सेवा प्रवाह क्रमशः विस्तार हुँदै गए पनि जनशक्ति, प्रविधि तथा संस्थागत क्षमताको अभावका कारण प्रभावकारी कार्यसम्पादनहुन नसकेको ।<br>❖ योजना निर्माण, अनुगमन तथा मूल्याङ्कन प्रणाली पर्याप्त रूपमा तथ्यमा आधारित र | ❖ आवश्यक दक्ष जनशक्ति, आधुनिक प्रविधि र भौतिक पूर्वाधारको प्रबन्ध गरी वडा तथा गाउँपालिकास्तरबाट दिइने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउनु।<br>❖ योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक, तथ्याङ्कमा आधारित र नतिजामुखी बनाउनु। |

| | |
|---|---|
| परिणाममुखी बन्ननसकेको ।<br>❖ अधिकांश वडामा राजश्वसङ्कलनको दायरा सीमित रहेको तथा आन्तरिक आय न्यून हुँदा विकास योजनामा बाह्य स्रोतमा निर्भरता उच्च रहेको ।<br>❖ सार्वजनिक सेवा प्रवाहमा डिजिटल प्रणाली, अभिलेखीकरण तथा सूचना व्यवस्थापन पूर्ण रूपमा व्यवस्थित हुन नसकेको ।<br>❖ उपभोक्ता समिति तथा सामुदायिक संस्थाहरूको क्षमता असमान रहेको र योजना कार्यान्वयनमा गुणस्तर तथा पारदर्शितामा कमी देखिएको ।<br>❖ अन्तरनिकाय समन्वय, विशेषगरी विद्युत्, सडक, खानेपानी, वन तथा विपद् व्यवस्थापनजस्ता क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय प्रभावकारी हुन नसकेको ।<br>❖ केही क्षेत्रमा नागरिक सहभागिता, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणजस्ता सुशासनका अभ्यासहरू नियमित र प्रभावकारी बन्ननसकेको।<br>❖ वैदेशिक रोजगारी, बसाइँसराइ तथा जनसङ्ख्या कमीका कारण स्थानीय संस्थागत सक्रियतामा समेत प्रभाव परेको । | ❖ कर तथा गैर-कर राजश्वका सम्भाव्य क्षेत्रहरू पहिचान गरी राजश्व सङ्कलनको दायरा फराकिलो बनाउनु र बाह्य स्रोतमाथिको अत्यधिक निर्भरता घटाउनु।<br>❖ सार्वजनिक सेवा प्रवाहमा पूर्ण रूपमा डिजिटल प्रणाली, पारदर्शी अभिलेखीकरण र व्यवस्थित सूचना प्रणाली लागू गर्नु।<br>❖ योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति तथा सामुदायिक संस्थाहरूको संस्थागत क्षमता बढाउँदै निर्माण कार्यमा गुणस्तरीयता र पारदर्शिता सुनिश्चित गर्नु।<br>❖ सडक, विद्युत्, खानेपानी, वन तथा विपद् व्यवस्थापन जस्ता बहु-क्षेत्रीय आयोजनाहरूमा सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूबीच बलियो समन्वय कायम गर्नु।<br>❖ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक लेखापरीक्षण जस्ता सुशासनका औजारहरूलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरी नागरिक सहभागिता बढाउनु।<br>❖ वैदेशिक रोजगारी र बसाइँसराइका कारण घटेको जनसङ्ख्या र त्यसले संस्थागत सक्रियतामा पारेको नकारात्मक असरलाई न्यूनीकरण गर्न स्थानीय स्तरमै अवसरहरू सिर्जना गर्नु। |

### ८.१.३ सम्भावना तथा अवसर

- गाउँपालिकामा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा सामुदायिक संस्थाहरूको संरचनागत विस्तार भइसकेकाले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने आधार रहेको छ ।
- स्थानीय तहमा योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यान्वयनको अधिकार विस्तार भएकाले स्थानीय आवश्यकतामा आधारित विकास सम्भव भएको छ ।
- डिजिटल सेवा, अनलाइन अभिलेख प्रणाली, सूचना प्रविधि तथा ई-गभर्नेन्स प्रणालीमार्फत सेवा प्रवाहलाई छिटो, पारदर्शी र उत्तरदायी बनाउन सकिने सम्भावना रहेको छ ।
- सामुदायिक वन, सहकारी, आमा समूह, युवा क्लब तथा उपभोक्ता समितिहरू जस्ता स्थानीय संस्थाहरूलाई विकास साझेदारका रूपमा परिचालन गर्न सकिने अवस्था रहेको छ ।

- सङ्घ, प्रदेश तथा विकास साझेदार संस्थाहरूसँगको सहकार्यबाट पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य तथा विपद् व्यवस्थापन क्षेत्रमा थप स्रोत परिचालन गर्न सकिने अवसर रहेको छ ।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नागरिक बडापत्र तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै सुशासन प्रवर्धन गर्न सकिने अवस्था रहेको छ ।
- स्थानीय राजश्वका नयाँ आधारहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्ने पर्याप्त सम्भावना रहेको छ ।

### ८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य** :

जनसहभागितामूलक सुशासनको प्रवर्धनएवम् प्रत्याभूति भएको हुने ।

**उद्देश्य** :

१. स्थानीय ऐन, नियम, कानुनहरूको निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

२. सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता उत्तरदायित्व कायम गर्दै सुशासन प्रवर्धन गर्नु ।

३. अन्तरिक स्रोतको दिगो व्यवस्थापन आधारशिला तयार गर्नु ।

४. योजना व्यवस्थापनलाई प्रभावकारी बनाउनु ।

**रणनीतिहरू**

१.१ गाउँपालिकाको नीति, ऐन एवम् कानुनहरू समयसान्दर्भिक, व्यवहारिक बनाउने।

२.१सार्वजनिक सेवा प्रवाहलाई सहज, जवाफदेहिता, उत्तरदायी एवम् पारदर्शिता कायम गर्ने ।

३.१ अन्तरिक स्रोत को दिगो व्यवस्थापन गर्ने ।

४.१ योजना व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को नीति, ऐन कानुनहरूलाई व्यवहारिक, समयसान्दर्भिक बनाउने अन्तर्गतको कार्यनीति**

- आवश्यकताका आधारमा स्थानीय सरकार प्रभावकारी रूपमा सञ्चालनका लागि विभिन्न नीति, ऐन एवम् कानुनहरू निर्माण गरिने छ । यसरी ऐन, कानुनहरू निर्माण गर्दा सरोकारवालाहरूको सहभागिता, परामर्श एवम् सम्वाद गरिने छ ।
- गाउँपालिकाबाटनिर्मित ऐन, कानुनहरूमा विषयक्षेत्रगत विज्ञहरूसँग राय सल्लाह लिँदै आमनागरिकबाट पनि सुझाव, प्रतिक्रिया लिने व्यवस्था मिलाइने छ ।
- नीति, ऐन कानुनहरू तर्जुमा गर्दा सङ्घीय एवम् प्रदेशका विद्यमान नीति, ऐन कानुनहरूलाई आधार मानी त्यस्ता नीति, ऐन कानुनहरूसँग नबाझिने र बेग्लै दोहोरो अर्थ नलाग्ने गरी तर्जुमा गरिने छ ।
- सङ्घ र प्रदेश सरकारसँग समन्वयमा संविधान अनुसार व्यवस्था गरिएका साझा अधिकारका ऐन, कानुनहरू तर्जुमा गरिने छ ।
- गाउँसभा एवम्गाउँकार्यपालिकाप्रति उत्तरदायी हुने सबै समिति, उपसमितिहरूको जिम्मेवारी, अधिकार क्षेत्र एवम् सञ्चालन विधि सम्बन्धी कानुनहरू तर्जुमा गरी क्रियाशील बनाइने छ ।

**रणनीति २.१को सार्वजनिक सेवा प्रवाहलाई सहज, जवाफदेहिता, उत्तरदायी एवम् पारदर्शिता कायम गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- डिजिटल सुशासन कायम गर्दै सेवा प्रवाहलाई पारदर्शी तथा सहज बनाइने छ ।
- सार्वजनिकसुनुवाइ नियमित रूपमा सञ्चालन गरिने छ र नागरिकका सुझाव, प्रतिक्रियाहरूलाई कार्ययोजना बनाई कार्यान्वनय गरिने छ ।
- आयोजना कार्यान्वियनपश्चात् लाभान्वित समुदायको सहभागितामा सार्वजनिक परीक्षण, सामाजिक परीक्षण एवम् लैङ्गिक परीक्षणलाई नियमित रूपमा सञ्चालन गरिने छ ।
- गाउँपालिकाका निर्णयहरू, वार्षिक बजेट, कार्यक्रम, योजनाहरू त्यसका प्रगतिहरू नियमित रूपमा अद्यावधिक गर्दै वेवसाइटमा अपलोड गरी सार्वजनिक गरिने छ ।
- गाउँपालिकाको संगठन विकास प्रतिवेदन २०७८ अनुसार दरबन्दी अनुरूपको जनशक्ति परिपूर्ति गर्न सरोकारवाला मन्त्रालयसँग समन्वय गरिने छ ।

**रणनीति ३.१ःअन्तरिक स्रोतको दिगो व्यवस्थापन गर्ने अन्तर्गतका कार्यनीतिहरू**

- गाउँपालिकाको राजश्वसङ्कलनलाई व्यवस्थित बनाइने छ ।
- गाउँपालिकाको अन्तरिक राजश्व शिर्षक अनुसार सुत्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाइने छ ।
- आन्तरिक स्रोतको दिगो व्यवस्थापनका लागि कर तथा गैर कर राजश्वका क्षेत्रको सबलीकरणमा जोड दिइने छ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्व शाखाको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।
- कृषि, पशुपालन जडिबुटी, जलस्रोत जस्ता क्षेत्रलाई अन्तरिक स्रोत अभिवृद्धिका दिगो आधारका रूपमा विकास गरिने छ ।
- सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपूरक, विशेष लगायतका अनुदानलाई गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि हुने क्षेत्रमा प्रयोग गरिने छ ।

**रणनीति ४.१ योजना व्यवस्थापनलाई प्रभावकारी बनाउने सम्बन्धी कार्यनीति**

- गाउँपालिकाबाट सञ्चालित योजनालाई व्यवस्थित बनाउन उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिने छ ।
- उपभोक्ता समितिलाई गाउँपालिकाको दर्ता प्रक्रियामा ल्याइने छ । दर्ता भएका स्थायी प्रकृतिका उपभोक्ता समितिलाई आयोजना सञ्चालनसम्बन्धी बिशेष तालिमको व्यवस्था गरिने छ ।
- आयोजना कार्यान्वियनलाई ठेक्का वा उपभोक्ता समितिमार्फत्सम्पन्न गर्न निश्चित मापदण्ड बनाइने छ ।

*तालिका ४६: कार्यक्रम तथा आयोजना: सुशासन तथा जवाफदेहिता*

| सुशासन, ऐन नियम तथा जवाफदेहिता कार्यक्रमहरू | एकाइ | याेजनाकाे कुल लक्ष्य | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम** | संख्या | | | | | | | | | | | |
| थप नीति, ऐन, कानुनहरु तर्जुमा | संख्या | २ | १ | १ | | | | २ | ०.५० | १३ | ३ | २ |
| पालिकाका ऐन, कानुनहरुमा अन्तरक्रिया कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६.२२ | १३ | ३ | २ |
| कानुन शाखा स्थापना तथा क्षमता अभिवृद्धि | पटक | ५ | | ४ | | | | ४ | १.०० | १३ | ३ | २ |
| कानुनी साक्षरता कार्यक्रम | पटक | | ५ | ५ | ५ | ५ | ५ | २५ | ६.२२ | १३ | ३ | २ |
| **पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवद्र्घन** | | | | | | | | | | १३ | ३ | २ |
| सार्वजनिक सुनुवाई | पटक | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | ४.९८ | १३ | ३ | २ |
| आयोजनाहरुको सार्वजनिक परीक्षण | संख्या | ५ | २ | २ | २ | | | ६ | १.४९ | १३ | ३ | २ |
| आयोजना स्थल सूचना पाटी राख्ने | संख्या | १ | १० | | | | | १० | २.४९ | १३ | ३ | २ |
| सामाजिक परीक्षण | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | २.४९ | १३ | ३ | २ |
| लैससास परीक्षण | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| **सुशासन प्रवद्र्घन** | | | | | | | | | | १३ | ३ | २ |
| • घुम्ती सेवा शिविर सञ्चालन। | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| • घटना दर्ता घुम्ती शिविर। | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| • ज्येष्ठ नागरिक परिचयपत्र वितरण शिविर। | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| • उपभोक्ता समितिसँग स्थलमै योजना सम्झौता कार्यक्रम। | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| • दोस्रो चौमासिकसम्म उत्कृष्ट कार्यसम्पादन तथा राजस्व वृद्धिदरमा उत्कृष्ट वडालाई रु. ३ लाख प्रोत्साहन अनुदान। | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १२.४४ | १३ | ३ | २ |
| **सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा** | | | ८९ | ८३ | ७८ | ७६ | ७६ | ४०२ | | | | |

*तालिका ४७ :कार्यक्रम तथा आयोजना: वित्तीय स्रोत व्यवस्थापन*

| कार्यक्रमहरू | एकाइ | योजना को कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिक सङ्केत | जलवायू सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **वित्तीय स्रोत पूँजी निर्माण क्षेत्रमा परिचालन** | | | | | | | | | | | | |
| पूँजी निर्माण क्षेत्रमा लगानी प्रवर्धनकार्यक्रम | सङ्ख्या | २ | १० | २ | २ | ३ | ३ | २० | २३.२६ | १६ | ३ | ३ |
| निजी, सहकारी क्षेत्रसँग सहकार्य | सङ्ख्या | २ | ३ | २ | ३ | ३ | २ | १३ | १५.१२ | १६ | ३ | ३ |
| **आन्तरिक आय अभिवृद्धि** | | | | | | | | | | | | |
| करको दायरा विस्तार कार्यक्रम | सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५.८१ | १६ | ३ | ३ |
| करका स्रोतहरू पहिचान अध्ययन | सङ्ख्या | १ | ५ | | | | | ५ | ५.८१ | १६ | ३ | ३ |
| करदाता डाटावेस तयार | सङ्ख्या | १ | | ५ | | | | ५ | ५.८१ | १६ | ३ | ३ |
| आर्थिक ऐन निर्माण, परिमार्जन तथा संशोधन | सङ्ख्या | १ | | | ५ | | | ५ | ५.८१ | १६ | ३ | ३ |
| **कर प्रशासन सुदृढीकरण** | | | | | | | | | | | | |
| कर शिक्षा कार्यक्रम | सङ्ख्या | १ | | ३ | ५ | ५ | | १३ | १५.१२ | १६ | ३ | ३ |
| राजश्व परामर्श समितिका सदस्य एवम् कर्मचारी क्षमताविकास | सङ्ख्या | १ | ५ | ५ | - | - | - | १० | ११.६३ | १६ | ३ | ३ |
| राजश्व प्रशासन प्रविधिमैत्री | सङ्ख्या | १ | | २ | | | | २ | २.३३ | १६ | ३ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आलेपको क्षमता विकास | सङ्ख्या | १ | - | - | ५ | - | - | ५ | ५.८१ | १६ | ३ | ३ |
| **वित्तीय सुशासन प्रवर्धन** | | | | | | | | | | | | |
| स्थानीय सार्वजनिक खर्च मापदण्ड निर्माण | सङ्ख्या | १ | १ | - | - | - | - | १ | १.१६ | १६ | ३ | ३ |
| करदातसँग अन्तरक्रिया कार्यक्रम | सङ्ख्या | १ | २ | | - | - | - | २ | २.३३ | १६ | ३ | ३ |
| **वित्तिय स्रोत परिचालनको जम्मा** | | | **३१** | **१९** | **२०** | **११** | **५** | ८६ | | | | |

*तालिका ४८: कार्यक्रम तथा आयोजना : योजना व्यवस्थापन*

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| **नीति तर्जुमा** | | | | | | | | | |
| आयोजना कार्यान्वयन नीति तर्जुमा | सङ्ख्या | १ | १० | | | | | १० | १३.३३ |
| उपभोक्ता समिति परिचालन कार्यविधि निर्माण | सङ्ख्या | १ | | ५ | | | | ५ | ६.६७ |
| ठेकेदार परिचालन कार्यविधि निर्माण | सङ्ख्या | १ | | ५ | | | | ५ | ६.६७ |
| स्थानीय खरिद योजना निर्माण | सङ्ख्या | १ | ५ | | | | | ५ | ६.६७ |
| **क्षमता अभिवृद्धि** | | | | | | | | | |
| उपभोक्ता समिति, ठेकेदार क्षमताअभिवृद्धि | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३३.३३ |
| समितिका सदस्यहरूको क्षमता विकास, प्रोत्साहन तथा सम्मान कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३३.३३ |
| **योजना व्यवस्थापनको जम्मा** | | | **२५** | **२०** | **१०** | **१०** | **१०** | **७५** | |

८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*आगामी ५ वर्षका लागि सुशासन वित्तीय स्रोत तथा योजना व्यवस्थापन क्षेत्रको नतिजा खाका यस प्रकार रहेको छ ।*

*तालिका ४९ :सुशासन तथा संस्थागत विकास ,**नतिजाखाका***

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८२ /८३ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८३/ ८४ | ८४/ ८५ | ८५/ ८६ | ८६/ ८७ | ८७/ ८८ | | |
| **प्रभाव तह** | जनसहभागितामूलक सुशासनको प्रवर्धन एवम् प्रत्याभूति भएको हुने | | | | | | | | |
| गाउँपालिकाको सेवाबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ | | सेवाग्राही अभिमत पत्र | अनलाइन सेवा उपलब्ध हुने |
| असर तह | स्थानीयहरूको सहभागितामा नीति, ऐन कानूनहरू निर्माण भएको हुने | | | | | | | | |
| सहभागितात्मक ढङ्गबाट निर्माण भएको ऐन कानून | सङ्ख्या | ४५ | ४५ | ५५ | ६० | ६५ | ७० | | |
| ११.प्रतिफल | स्थानीयहरूको सहभागितामा नीति, ऐन कानूनहरू निर्माण भएको हुने | | | | | | | | |
| गाउँपालिकाको एकल् अधिकार अन्तर्गत निर्मित ऐन लगायत सबै कानूनहरू | सङ्ख्या | ३० | ३० | ३४ | ४० | ४५ | ५० | स्थानीय राजपत्र | कानुन निर्माणमा सम्पूर्ण सरोकारवाला को सहभागिता भएको हुने |
| अन्तरपालिका समन्वय र सहकार्यमा कार्यान्वयन भएका कानूनहरू | सङ्ख्या | - | - | - | - | - | - | स्थानीय राजपत्र | कानुन निर्माणमा सम्पूर्ण सरोकारवालाको सहभागिता भएको हुने |

## परिच्छेद -९ कार्यान्वयन व्यवस्था

### ९.१ पृष्टभूमि

छत्रदेव गाउँपालिकाको आवधिक योजना (२०८३/८४-२०८७/०८८) को सफल कार्यान्वयनका लागि दक्ष मानव संसाधन, उचित वित्तीय स्रोत तथा प्रभावकारी अनुगमन मूल्याङ्कन संरचनाको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाले उल्लिखित संयन्त्रको व्यवस्थापनका लागि देहाय बमोजिमको व्यवस्थापन गर्ने छ ।

### ९.२संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

स्थानीय तहका काम कारवाहीहरू नागरिकहरूसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले सार्वजनिक सेवा प्रवाहहरूलाई गुणस्तरीय प्रभावकारी र सुलभ बनाउनु पर्ने प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा उल्लेख छ । यसअनुसार स्थानीय सरकारको संगठन संरचना चुस्त दुरुस्त, सक्षम नेतृत्व र दक्ष एवम् अनुभवी मानव संशाधन हुनुपर्ने परिकल्पना गरिएको छ, जसबाट स्थानीय तहले कार्यकारिणी, व्यवस्थापिकीय अधिकार एवम् आर्थिक कार्यप्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने छ ।
आवधिक योजनाको सफल कार्यान्वयनका लागि स्थानीय स्तरमा सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी एवम् व्यवस्थित गर्नुपर्ने, प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन गाउँपालिकाले विशेष जोड दिने छ । त्यसका लागि गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कर्मचारीका जिम्मेवारीको व्यवस्थापन, आवश्यक दक्ष जनशक्ति व्यवस्थापन, वृत्ति विकास, क्षमता अभिवृद्धि, जनशक्तिको कार्य जिम्मेवारी बाँडफाँड गर्ने र प्रोत्साहन एवम् दण्ड सजाय गर्नसक्ने छ ।

#### ९.२.१ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| ❖ कमजोर संस्थागत संरचना । | ❖ संस्थागत ढाँचालाई बलियो, पारदर्शी र आधुनिक प्रविधिमैत्री बनाउनु। |
| ❖ अनुभवी, दक्ष कर्मचारी र पर्याप्त सङ्ख्यामा कर्मचारीको अभाव । | ❖ विषयगत रूपमा अनुभवी र दक्ष जनशक्ति आकर्षित गरी सेवामा टिकाइराख्नु। |
| ❖ दरबन्दी अनुसार कर्मचारी अपुग । | ❖ स्वीकृत दरबन्दी अनुसारका रिक्त पदहरूमा समयमै पदपूर्ति गरी जनशक्तिको व्यवस्थापन गर्नु। |
| ❖ कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणको कमी । | ❖ प्रविधि र आधुनिक सेवा प्रवाह अनुकूलका गुणस्तरीय क्षमता विकास कार्यक्रमहरू निरन्तर सञ्चालन गर्नु। |
| ❖ समिति एवम् उपसमितिहरू क्रियाशीलता एवम् सक्रियतामा कमी । | ❖ समिति र उपसमितिहरूलाई स्पष्ट कार्यादेश, स्रोत-साधन र उत्तरदायित्व दिई क्रियाशील बनाउनु। |
| ❖ सेवा प्रवाह चुस्तदुरुस्त, छिटोछरितो हुन नसकेको, परम्परागत कार्यशैली । | ❖ परम्परागत कार्यशैलीलाई त्यागी सार्वजनिक सेवा प्रवाहलाई डिजिटल, छरितो र सेवाग्राहीमैत्री बनाउनु। |
| ❖ जनप्रतिनिधि, कर्मचारी एवम् गैसस, | ❖ जनप्रतिनिधिदेखि नागरिक समाजसम्मका सबै |

| | |
|---|---|
| विषयगत कार्यालय र सरोकारवालाहरूको क्षमताको अभाव । | सरोकारवालाहरूको ज्ञान र कार्यसम्पादन क्षमता अभिवृद्धि गर्नु। |
| ❖ नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको । | ❖ कार्यसम्पादन मूल्याङ्कनलाई व्यावहारिक बनाई नतिजामा आधारित प्रशासन प्रणाली (RBM) पूर्ण रूपमा लागू गर्नु। |
| ❖ संस्थागत संरचनालाई प्रभावकारी एवम् स्वचालित बनाउन नसकिएको । | ❖ मानवीय हस्तक्षेप कम गर्दै संस्थागत प्रक्रिया र प्रणालीहरूलाई पूर्ण रूपमा स्वचालित (Automated) बनाउनु। |
| ❖ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, छिटोछरितो बनाउन नसकिएको । | ❖ न्यूनतम लागत र समयमा सर्वसाधारणले महसुस गर्ने गरी गुणस्तरीय सार्वजनिक सेवाको प्रत्याभूति गराउनु। |

### ९.२.२ सम्भावना तथा अवसर

- निर्माणाधीन अवस्थामा रहेको गाउँपालिकाको प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा पुगेको हुनाले सेवा प्रवाहमा सहजता आउने ।
- आवधिक योजना कार्यान्वयनकाका लागि सङ्घ, प्रदेश लगायत निजी क्षेत्र, विज्ञ समूह आदिसँग सहकार्य गर्न सकिने ।
- विकास कार्यमा जनप्रतिनिधिहरूको सक्रियता बढ्दो, रचनात्मक सहयोग र आपसमा हातेमालो गरी बढ्ने सम्भावना ।
- जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठीहरूसञ्चालन हुँदै आएको, अनुभव, सिकाइहरू एकअर्कास्थानीय तहहरूसँग ग्रहण हुँदै आएको र जनप्रतिनिधिहरूमा प्रशासनिक विधि प्रक्रियाहरूमा अभ्यास भइसकेको सन्दर्भमा नीति, कार्यक्रमहरू तर्जुमा तथा डिजाइनमा प्रभावकारी आउन सक्ने ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणहरूमा सहभागिता हुँदै आएको, वृत्ति विकास, प्रोत्साहन, उत्कृष्ट कर्मचारी सम्मान र पुरस्कार गर्ने अभ्यासबाट वार्षिक नीति कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्ने ।

### ९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**लक्ष्य** :संस्थागत सुदृढीकरण विकासबाट गुणस्तरीय सेवा प्रवाह प्रभावकारी भई नागरिकहरूको सन्तुष्टिमा अभिवृद्धि भएको हुने ।

**उद्देश्य** :

१. मानव संशाधनमा व्यावसायिक क्षमता अभिवृद्धि गर्दै संगठनात्मक संरचनाहरू क्रियाशील बनाउनु।

२. संस्थागत विकासलाई प्रभावकारी तथा चुस्त बनाउनु ।

**रणनीतिहरू**

१.१ सीपयुक्त, दक्ष एवम्व्यावसायिक जनशक्ति विकास गर्ने ।

१.२ संगठनात्मक संरचनालाई प्रभावकारी रूपमा क्रियाशील बनाउने।

२.१ सेवा प्रवाहलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउने।

२.२ सेवा प्रवाहमा सबैको पहुँच अभिवृद्धि गर्ने ।

**कार्यनीतिहरू**

**रणनीति १.१ को सीपयुक्त, दक्ष एवम् व्यावसायिक जनशक्ति विकास गर्ने अन्तर्गतको कार्यनीति**

- श्रम बजार र आधुनिक प्रविधिको आवश्यकतालाई ध्यानमा राखी तालिम, अनुशिक्षण, प्रशिक्षण कार्यक्रमसञ्चालनगरिने छ ।
- जनशक्तिमा कार्यक्षमता, पारदर्शिता र जवाफदेहिता वृद्धि गर्नका लागि कार्यसम्पादनमा आधारित पुरस्कार तथा दण्डको व्यवस्था गरिने छ ।
- कर्मचारीको मनोबल उच्च पार्दै उच्च कार्य क्षमता र कार्यसम्पादन अभिवृद्धि गर्न वृत्ति विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- मौजुदा कर्मचारी दरबन्दी पूरा गर्न नसकिएमा करार तथा विज्ञ कर्मचारी भर्ना/नियुक्ती गरी कार्य सम्पन्न गरिने छ ।

**रणनीति १.२ को संगठनात्मक संरचनालाई प्रभावकारी रूपमा क्रियाशील बनाउने अन्तर्गतको कार्यनीति**

- संगठनात्मक संरचनालाई थप प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव प्रदान गर्न विज्ञ समूहको गठन गरिने छ ।
- कामलाई विकेन्द्रीकरण गर्दै समयमा सम्पन्न गर्नका लागि छुट्टै कार्यविधि निर्माण गरी विभिन्न समिति तथा उपसमितिहरू निर्माण गरी ती समिति तथा उपसमितिहरूलाई जिम्मेवार बनाइने छ ।
- जिम्मेवार समिति तथा उपसमितिका सदस्यहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**रणनीति २.१ को संस्थागत विकासलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउनेअन्तर्गतको कार्यनीति**

- परम्परागत तथा कागजी कार्यशैलीलाई पूर्ण रूपमा रूपान्तरण गरी संस्थागत प्रणालीलाई डिजिटल, स्वचालित र पारदर्शी बनाउन कम्प्युटरमा आधारित सफ्टवेयर निर्माण गरी कार्यान्वयन गरिने छ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, चुस्तदुरूस्त बनाउन सेवा प्रवाहलाई प्रविधमैत्री बनाइने छ ।
- हरेक नागरिकले घरबाट गाउँपालिकाको सेवा प्राप्त गर्ने गरी पहुँचको विस्तार गर्न गाउँपालिकाको छुट्टै मोबाइल एप्स निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

**रणनीति २.२ को सेवा प्रवाहमा सबैको पहुँच अभिवृद्धि गर्ने अन्तर्गतको कार्यनीति**

- गाउँपालिकाबाट प्रवाहित सेवाले नागरिकस्तरमा पारेको प्रभाव मूल्याङ्कन गर्दै सेवा प्रवाहलाई थप व्यवस्थित गर्नका लागि नागरिक अभिमत सङ्कलन गरिने छ । नागरिकबाट प्राप्त अभिमतका आधारमा सेवा प्रवाहमा सबै नागरिकको पहुँच अभिवृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

*तालिका ५० : जनशक्ति व्यवस्थापनकार्यक्रम तथा आयोजना*

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | दिविल सङ्केत | लैङ्गिगक सङ्केत | जलवायू सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | |
| **जनशक्तिको क्षमता विकास** | | | | | | | | | | | | |
| तालिम, अनुशिक्षण, प्रशिक्षण कार्यक्रम | पटक | **५** | १० | १० | १० | १० | १० | ५० | ११.६३ | १६ | ३ | ३ |
| उत्कृष्ट कर्मचारी सम्मान एवम् पुरस्कृत | पटक | **५** | २० | २० | २० | २० | २० | १०० | २३.२६ | १६ | ३ | ३ |
| कर्मचारी वृत्ति विकास कार्यक्रम | पटक | **५** | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | सङ्ख्या | **५** | १० | १४ | १५ | २० | १० | ६९ | १६.०५ | १६ | ३ | ३ |
| करार तथा विज्ञ कर्मचारी भर्ना | सङ्ख्या | **२** | २० | १५ | १५ | १५ | १५ | ८० | १८.६० | १६ | ३ | ३ |
| **संगठनात्मक संरचना निर्माण** | | | | | | | | | | | | |
| **विज्ञ समूहको गठन** | सङ्ख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| समिति, उपसमितिहरूको जिम्मेवारी तथा कार्यविधिनिर्माण | सङ्ख्या | **१** | १० | | | | | १० | २.३३ | १६ | ३ | ३ |
| समितिका सदस्यहरूको क्षमता विकास कार्यक्रम | पटक | **५** | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| **सेवा प्रवाहलाई गुणस्तरीय बनाउने** | | | | | | | | | | | | |
| कम्प्युटरमा आधारित सफ्टवेयर निर्माण | सङ्ख्या | **१** | | १ | | | | १ | ०.२३ | १६ | ३ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने | सङ्ख्या | १ | ५ | | ५ | | | १० | २.३३ | १६ | ३ | ३ |
| मोबाइल एप्स निर्माण | सङ्ख्या | २ | ३ | ४ | ३ | | | १० | २.३३ | १६ | ३ | ३ |
| **सेवाप्रवाहमा पहुँच अभिवृद्धि** | | | | | | | | | | | | |
| नागरिक अभिमत सङ्कलन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ५.८१ | १६ | ३ | ३ |
| **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | ९८ | ८४ | ८८ | ८५ | ७५ | ४३० | | | | |

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

छत्रदेव गाउँपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक वर्ष २०८३/८४ देखि ०८७/८८ सम्मका लागि गाउँ गौरव योजनाका लागि १ अर्व ४५ करोड तथा क्षेत्रगत आयोजनाका लागि २ अर्ब २९ करोड बजेट आवश्यक पर्ने अनुमान गरेको छ । गाउँपालिकाले क्षेत्रगत रूपमा कुल क्षेत्रगत बजेटको १८.६९ प्रतिशत आर्थिक क्षेत्रमा, ३१.६१ प्रतिशत सामाजिक क्षेत्रमा, ४२.६३ पूर्वाधारमा, ७.६ वन वातारण तथा विपद्व्यवस्थापन र ४.३३ प्रतिशत संस्थागत विकास को क्षेत्रमा खर्च गर्ने निर्णय गरेको छ ।

*तालिका ५१ :विषयक्षेत्रगत अनुमानित बजेट*

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.लाखमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | गाउँ गाैरवका आयाेजना | 3142 | 3122 | 2722 | 2772 | 2767 | 14525 | 63.30 |
| 1.0 | आर्थिक क्षेत्र | 682 | 633 | 627 | 584 | 523 | 4288 | 18.69 |
| 1.1 | कृषि तथा पशुपालन | 594 | 557 | 557 | 537 | 472 | 3966 | 17.28 |
| 1.2 | पर्यटन, संस्कृति तथा सम्पदा | 27 | 21 | 20 | 22 | 16 | 96 | 0.42 |
| 1.3 | उद्याेग व्यवसाय र आपुर्ति | 38 | 35 | 30 | 15 | 25 | 143 | 0.62 |
| 1.4 | श्रम राेजगारी तथा वित्तय क्षेत्र | 23 | 20 | 20 | 10 | 10 | 83 | 0.36 |
| | | | | | | | | |
| 2.0 | **सामाजिक क्षेत्र** | 1571 | 1400 | 1532 | 1404 | 1445 | 7252 | 31.61 |
| 2.1 | स्वास्थ्य तथा पोषण | 400 | 400 | 400 | 400 | 400 | 2000 | 8.72 |
| 2.2 | शिक्षा, विज्ञान तथा नवप्रवतन | 905 | 755 | 860 | 755 | 795 | 4070 | 17.74 |
| 2.3 | खानेपानी तथा सरसफाइ | 21 | 21 | 21 | 21 | 21 | 105 | 0.46 |
| 2.4 | महिला, बालबालिका तथा लक्षित वर्ग | 172 | 162 | 174 | 162 | 160 | 730 | 3.18 |
| 2.5 | युवा तथा खेलकुद | 73 | 62 | 77 | 66 | 69 | 347 | 1.51 |
| 3.0 | **पूर्वाधार क्षेत्र** | 1995 | 2020 | 1930 | 1935 | 1927 | 9782 | 42.63 |
| 3.1 | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | 1435 | 1435 | 1435 | 1435 | 1435 | 7150 | 31.16 |
| 3.2 | सडक, पुल तथा यातायात | 40 | 55 | 10 | 10 | 20 | 135 | 0.59 |
| 3.3 | जलश्रोत, सिचाई विद्युत् तथा वैकल्पिक ऊर्जा | 460 | 470 | 475 | 465 | 462 | 2332 | 10.16 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 3.4 | सूचना, सञ्चार तथा प्रविधि | 60 | 60 | 10 | 25 | 10 | 165 | 0.72 |
| 4.0 | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | 534 | 347 | 371 | 252 | 240 | 1743 | 7.60 |
| 4.1 | वन तथा जैविक विविधता | 227 | 130 | 180 | 130 | 110 | 776 | 3.38 |
| 4.2 | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | 160 | 100 | 59 | 70 | 78 | 467 | 2.04 |
| 4.3 | वातावरण तथा फोहोरमैला व्यवस्थापन | 62 | 57 | 62 | 32 | 32 | 245 | 1.07 |
| 4.4 | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | 85 | 60 | 70 | 20 | 20 | 255 | 1.11 |
| 5.0 | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | 243 | 206 | 196 | 182 | 166 | 993 | 4.33 |
| 5.1 | सुशासन, ऐन नियम तथा जवाफदेहिता | 89 | 83 | 78 | 76 | 76 | 402 | 1.75 |
| 5.2 | संस्थागत संरचना तथा मानव संसाधन विकास | 98 | 84 | 88 | 85 | 75 | 430 | 1.87 |
| 5.3 | वित्तीय श्रोत परिचालन | 31 | 19 | 20 | 11 | 5 | 86 | 0.37 |
| 5.4 | योजना व्यवस्थापन | 25 | 20 | 10 | 10 | 10 | 75 | 0.33 |
| | **जम्मा योजना बजेट** | 5025 | 4606 | 4656 | 4357 | 4301 | 22945 | 100.00 |
| | **गाउँपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट** | | | | | | 37470 | |

### *९.३.१ बजेट प्रक्षेपण*

छत्रदेव गाउँपालिकाको विगत३वर्षको वास्तविक आय परिचालनका आधारमा आगामी ५ वर्षको बजेट प्रक्षेपण गरिएको छ (तालिका ४०) ।जस अनुसार गाउँपालिकामा आ.व. २०८७/८८ सम्ममा ३ अर्ब ७४ करोड ७० लाख खुद (नगद र बैंक मौज्दात बाहेकको) आय परिचालन हुने अनुमान गरिएको छ । विगतको प्रवृतिको आंकलनका आधारमा परिचालित खुद आयमा ६० प्रतिशत (२ अर्ब २४ करोड ८२ लाख) सशर्त चालु, कार्यालय तथा प्रशासनिक खर्च र ४० प्रतिशत (१ अर्ब ४९ करोड) पूँजीगत खर्च हुने अनुमान गरिएको छ ।

*तालिका ५२ :स्रोत अनुमान र प्रक्षेपण*

| क्र. सं. | बजेट कोड | विवरण | २०८१/८२ को यथार्थ | | २०८२/८३को अनुमान | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित | २०८६/८७ को प्रक्षेपित | २०८७/८८ को प्रक्षेपित | जम्मा राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आन्तरिक राजश्व | ६६ | **१.४३** | ७६ | ८७ | १०१ | ११६ | १३३ | १५३ | ६६५ |
| ३ | १३३११ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९२९ | **२०.१६** | ९७६ | १०७४ | ११८१ | १२९९ | १४२९ | १५७२ | ७५३० |
| ४ | १३३१२ | सशर्त अनुदान पूँजीगत र चालु (संघीय सरकार) | २३७२ | **५१.४९** | २७९९ | ३०७९ | ३३८७ | ३७२५ | ४०९८ | ४५०८ | २१५९६ |
| ५ | ११४११ | संघीय सरकारबाट राजश्व बाडफाट प्राप्त आय | ८२६ | **१७.९३** | ८५४ | ९३९ | १०३३ | ११३७ | १२५० | १३७५ | ६५८९ |
| ६ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ६६ | **१.४३** | ६७ | ७४ | ८१ | ८९ | ९८ | १०८ | ५१७ |
| ७ | १३३१३ | सशर्त अनुदान (प्रदेश सरकार) | ६४ | **१.३९** | ८० | ८८ | ९७ | १०६ | ११७ | १२९ | ६१७ |
| ८ | ११४५६ | राजश्व बाँडफाट (प्रदेश सरकार) | ५८ | **१.२६** | ८८ | ९७ | १०६ | ११७ | १२९ | १४२ | ६७९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | १३३१७ | समपुरक अनुदान (सङ्घ) | १५० | **३.२६** | १३९ | १५३ | १६८ | १८५ | २०४ | २२४ | १०७२ |
| १२ | १३३१७ | समपुरक अनुदान (प्रदेश) | ५८ | **१.२६** | ७५ | ८३ | ९१ | १०० | ११० | १२१ | ५७९ |
| १३ | १३३१७ | विशेष अनुदान (सङ्घ) | ० | **०.००** | ८४ | ९२ | १०२ | ११२ | १२३ | १३५ | ६४८ |
| १४ | १३३१७ | विशेष अनुदान (प्रदेश) | १८ | | ० | ० | ० | ० | ० | ० | ० |
| | | **जम्मा** | **४६०७** | **१००.००** | **५२३८** | **५७६६** | **६३४७** | **६९८६** | **७६९१** | **८४६६** | **३५२५५** |

स्रोत : छत्रदेव गाउँपालिका, लेखा शाखा, २०८३

### ९.३.२ अपुग स्रोत

गाउँकार्यपालिकाको योजना तर्जुमा कार्यशालाले गाउँगौरवका आयोजनाको लागि १ अर्ब ४५ करोड र क्षेत्रगत आयोजनाका लागि २अर्ब २९ करोड गरि कुल ३ अर्ब ७४ करोड बराबरको वित्तीय स्रोत आवस्यक पर्ने अनुमान गरेको छ । यसबाट गाउँपालिकाको प्रक्षेपित राजश्व परिचालनबाट प्राप्त हुने आय अनुमानित क्षेत्रगत व्ययभन्दा ५६ करोड ८२ लाखले कम हुने देखिन्छ । त्यसका लागि गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ देखि अनुमानित करिब ४ करोडदेखि १८ करोडसम्म अतिरिक्त स्रोत जुटाउनु पर्ने देखिन्छ ।

*तालिका ५३ :अपुग स्रोत सम्बन्धी विवरण*

| शिर्षक | आर्थिक वर्ष | | | | | बजेट (रू.लाखमा) |
|---|---|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | |
| कूल स्रोत परिचालन | २३०६.२४ | २५३८.६१ | २७९४.४८ | ३०७६.२४ | ३३८६.५३ | १४१०२.११ |
| कूल लगानी अनुमान | ५०२५. | ४६०६. | ४६५६. | ४३५७. | ४३०१. | २२९४५. |
| गाउँ गौरबका आयोजना | ३१४२. | ३१२२. | २७२२. | २७७२. | २७६७. | १४५२५. |
| **स्रोतको न्यूनता** | ४२३.२४ | १०५४.६१ | ८६०.४८ | १४९१.२४ | १८५२.५३ | ५६८२.११ |

### ९.४ स्रोत परिचालन रणनीति

अनुमानित क्षेत्रगत लगानी अनुमानभन्दा आय परिचालन करिब ५६ करोड ८२ लाख ले कमी हुने हुँदा गाउँपालिकाले उक्त अपुगस्रोतको व्यवस्थापन गर्न देहायका रणनीतिहरू अवलम्बन गर्ने छ :

१. **सङ्घ तथा प्रदेश सरकारः** गाउँपालिकाका गौरवका आयोजना, पूर्वाधारक्षेत्रसँग सम्बन्धित आयोजना, तथा कृषि क्षेत्रसँग सम्बन्धित आयोजनाको कार्यान्वयनका लागि गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग सहकार्य र समन्वयलाई अगाडि बढाउने छ । कुल अपुग स्रोतको ७५ प्रतिशत स्रोत सङ्घ र प्रदेश सरकारसँग सम्बन्धित निकायबाट परिपूर्ति गरिने छ ।

२. **अन्तरपालिकाः**छत्रदेव गाउँपालिकासँग सिमाना जोडिएकासन्धिखर्क नगरपालिका, मालारानी गाउँपालिकातथा पाणिनी गाउँपालिकासँग समान स्वार्थका आयोजनामा सहकार्य गर्न पहल गरिने छ । अन्तरपालिका सहकार्यबाट कुल अपुग राजश्वको १० प्रतिशत परिपूर्ति गरिने छ ।

३. **दातृ निकायः**सङ्घ सरकारसँगको सहकार्यमा विभिन्न दातृ निकायहरूबाट पनि करिब १० प्रतिशत बराबरको स्रोत जुटाइने छ ।

४. **सहकारी, जनसहभागिताः** स्थानीय सहकारी, निजीक्षेत्र तथा जनसहभागिताका माध्यमबाट ५ प्रतिशत स्रोतको व्यवस्थापन गरिने छ ।

### ९.५ आवधिक योजना कार्यान्वयन

गाउँपालिकाले बृहत् छलफलद्वारा तयार पारेको पञ्चवर्षीय आवधिक योजनाको सफलता यसको कार्यान्वयनसँग जोडिएको छ । एकातर्फ दिगो विकास लक्ष्यले सन् २०३० सम्मका लागि सम्पूर्ण

देशहरूले प्राप्त गर्नुपर्ने आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय तथा संस्थागत विकासका सूचकहरू तोकेको छ भने सङ्घीय सरकारले पनि सन २१०० सम्ममा प्राप्त गर्ने गरी समृद्धि र सुखका लक्ष्य तोकेको छ । यी सबै लक्ष्यको व्य‌ावहारिक प्राप्तिगाउँपालिकाको योजना कार्यान्वयनको प्रभावक‌ारितामा भर पर्दछ । तसर्थ गाउँपालिकाले उल्लेखित दिगो तथा राष्ट्रिय लक्ष्यको स्थानीयकरण प्रस्तुत आवधिक योजनाको कार्यान्वयनबाट गर्नु पर्ने हुन्छ ।

### ९.५.१ कार्यान्वयन कार्ययोजना

योजना तर्जुमा कार्यशालाले तर्जुमा गरेको आवधिक योजनालाई गाउँसभाले अनुमोदन गरी सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई त्यसको अख्तियारी पठाउनेछ । शाखा तथा वडा कार्यालयहरूले आवधिक योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, सूचकका आधारमा बनेका रणनीति तथा कार्यनीतिहरूलाई ध्यानमा राखी भावी योजना कार्यान्वयनको खाका तयार पार्नु पर्ने हुन्छ ।

### ९.५.२ मार्गदर्शन तयारी

गाउँसभाबाट अख्तियारी प्राप्त कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक शाखाले आफ्नो शाखासँग सम्बन्धित कार्यक्रमहरू को मार्गदर्शन तयारी गरी गर्नु पर्ने हुन्छ । मार्गदर्शनका साथसाथै आवश्यकता अनुसार खर्चको अख्तियारी पनि पठाउनु पर्ने हुन्छ ।

### ९.५.३ कार्यान्वयन विधिको छनौट

गाउँसभाबाट अख्तियारी प्राप्त कार्यक्रमहरू को कार्यान्वयनका लागि विद्यमान सङ्घीय तथा स्थानीय कानुनका आधारमा कार्यक्रम कायान्वयन गर्ने व्यक्ति वा संस्था (उपभोक्ता समिति, ठेकेदार, करार, गैसस आदि) लाई कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक सम्झौता गरी गाउँख कार्यपालिकामा पठाउनु पर्ने हुन्छ । कार्यक्रमहरू गाउँसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसरी कार्यक्रम कार्यान्वयनको प्रक्रियामा लैजा‌ँदा गाउँपालिकाले कार्यक्रम कार्यान्वयन एकाइबाट प्रगति प्रतिवेदन लिनेछ ।

### ९.५.४ अख्तियारी

आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई गाउँ कार्यपालिकाले गाउँसभाबाट पारित गरेपछि उक्त योजनाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमालैजाने छ । वार्षिक कार्ययोजना तयार पार्नका लागि गाउँपालिका अध्यक्षबाट प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिइनेछ । प्रमुख प्रशासकीय अधिकृतले मध्यकाल‌ीन खर्चसंरचनालाई आधार बनाई क्रमागत रूपमा कार्यन्वयन गर्ने गरी आयोजनाहरूको रोलक्रम मिलाएर राख्नु पर्ने हुन्छ । प्रमुख प्रशासकीय अधिकृतले प्राथमिकता व्यवस्थापन गरिएका आयोजनाहरूको कार्यान्वनमा विषयगत शाखा तथा वडा कार्यालायहरूसँग कार्यक्रम माग गर्नुपर्ने हुन्छ । माग भई आएका कार्यक्रमहरू को कार्यान्वयनकालागि गाउँकार्यपालिकाले सम्बन्धित शाखा तथा वडा कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ ।

### ९.५.५ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले परिकल्पना गरेका आयोजनाहरूलाई मध्यकालीन खर्च संरचनालाई आधार बनाई गाउँपालिका प्रशासनले वार्षिक कार्यक्रम कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ ।

#### ९.५.६ अनुगमन प्रतिवेदन र समीक्षा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँ कार्यपालिकाले आयोजनाहरू कार्यान्वयनको समय सापेक्ष अनुगमन गरी त्यसबाट प्राप्त तथ्यहरूको चौमासिक रूपमा समीक्षा गरी आयोजना कार्यान्वयनको प्रभावकारीता बढाउन भूमिका खेल्नु पर्ने हुन्छ ।

### ९.६ अनुगमन तथा मूल्याङ्कन योजना

#### ९.६.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमन तथा मूल्याङकन प्रणालीलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङकन गर्ने गराउने कानूनी व्यवस्था गरेको छ ।

#### ९.६.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक गाउँ विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक गाउँविकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छनः

- गाउँकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, सङ्घ संस्था
- नागरिक समाज संस्था तथा तेस्रो पक्ष

आवधिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्‍कनका साधन तथा विधि देहायअनुसार रहनेछन\ः

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक अनुगमन
- सहभागितामूलक मध्यावधि समीक्षा
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रोपक्षबाट मूल्याङ्कन) ।

